



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

» बिहीबार, साउन ५, २०७४ » Thursday, July 20, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला ला: १२ » वर्ष २३, अंक १९१ » पृष्ठ १२ » मूल्य रू. १०/–


# तत्काल मन्त्रिमण्डल विस्तार नहुने

रामकृष्ण चापागाईं, काठमाडौं

कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस केन्द्रीय समिति बैठकपछि मात्र मन्त्रिमण्डल विस्तार गर्ने तयारी गर्नुभएको छ। मन्त्रिमण्डल विस्तारमा ढिलाइ भइरहेको भन्दै चौतर्फी आलोचना खेपिरहनुभएका देउवाले केन्द्रीय समिति बैठक आगामी सोमबार आह्वान गर्नुभएको छ। यद्यपि तत्काल मन्त्रिमण्डल विस्तार गर्न प्रधानमन्त्रीलाई चर्को दबाब परेको छ।

मन्त्रिमण्डल विस्तार एकै चरणमा गर्न अन्तिम तयारीमा जुट्नुभएका प्रधानमन्त्री देउवाले मन्त्रिमण्डल विस्तारबारे केन्द्रीय समितिबाट अनुमोदन गराउने तयारीमा रहनुभएको स्रोतको भनाइ छ।

दोस्रो चरणको स्थानीय निर्वाचनलगत्तै संविधान संशोधन गर्ने र सँगै मन्त्रिमण्डल विस्तार गर्ने रणनीतिका साथ अघि बढ्नुभएका प्रधानमन्त्री देउवाले संविधान संशोधनमा तत्काल दुईतिहाइ नपुग्ने देखिपछि मन्त्रिमण्डल विस्तारको तयारी गर्नुभएको थियो। एकै चरणमा सबै मन्त्रालयमा मन्त्री नियुक्ति गर्ने तयारी भएकाले राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनता पार्टीलगायत अन्य साना दलहरूसँग पनि सरकारमा सहभागीताको बारेमा छलफल भइरहेको छ।

देउवा प्रधानमन्त्री हुँदा कांग्रेस-माओवादीबीच कांग्रेसले १२ र माओवादीले ९ वटा मन्त्रालय लिने सहमति भएको थियो। संविधान संशोधनको पक्षमा मतदान गर्ने गरी राप्रपा सरकारमा सहभागी भए राप्रपालाई उपप्रधानमन्त्रीसहित तीनवटा मन्त्रालय दिन प्रधानमन्त्री देउवा तयार हुनुभएको थियो। राप्रपा सरकारमा आए कांग्रेसले ११ र माओवादीले ९ मन्त्रालय भागवण्डा गर्ने बताइएको छ।

कांग्रेसबाट एक उपप्रधानसहित तीन मन्त्री भइसकेका छन्। जसमध्य कांग्रेस नेता गोपालमान श्रेष्ठले उपप्रधान एवं शिक्षा मन्त्रालय सम्हालेका छन्। कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी पनि हाल श्रेष्ठलाई नै दिइएको छ। ज्ञानेन्द्रबहादुर कार्कीले अर्थ मन्त्रालय सम्हालेका छन्। कांग्रेस नेता फरमुल्लाह मन्सुरलाई श्रम तथा रोजगार मन्त्रालयको जिम्मेवारी दिइएको छ। यी तीनै जना नेता प्रधानमन्त्री देउवा पक्षका हुन्। कांग्रेसभित्र आन्तरिक रूपमा गुटबन्दी भएकाले गुट मिलाउन प्रधानमन्त्री देउवाले रामचन्द्र पौडेल पक्षलाई तीन, महामन्त्री डा. शशांक कोइराला पक्षलाई एक, नेता कृष्णप्रसाद सिटौला पक्षलाई एक र खुमबहादुर खड्का पक्षलाई एक मन्त्रालय दिने आन्तरिक तयारी गर्नुभएको प्रधानमन्त्री निकट स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएको छ।

## कांग्रेस केन्द्रीय समितिबाट मन्त्रीको नाम अनुमोदन गराउने देउवाको तयारी

माओवादी केन्द्रले पनि तीन जना नेतालाई मन्त्रिमण्डलमा सामेल गरिसकेको छ। माओवादी नेता कृष्णबहादुर महराले उपप्रधान एवं परराष्ट्र मन्त्रालय सम्हाल्नुभएको छ भने जनार्दन शर्माले गृह मन्त्रालय सम्हाल्नुभएको छ। माओवादी नेता प्रभु शाहलाई शहरी विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ। फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार पनि उपप्रधानमन्त्रीसहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जिम्मेवारी लिएर देउवा नेतृत्वको सरकारमा सहभागी भइसकेका छन्।

मन्त्रिमण्डल विस्तार गर्ने अन्तिम तयारीमा रहनुभएका प्रधानमन्त्री देउवाले आफ्नो पार्टीभित्र पनि भागवण्डा मिलाउनुभएको छ। प्रधानमन्त्रीले वरिष्ठ नेता पौडेल पक्षलाई छुट्याएको चारवटा मन्त्रालयमध्ये नेता प्रकाशमान श्रेष्ठ र महामन्त्री डा. शशांक कोइरालले पनि आफ्नो पक्षले एक/एक वटा मन्त्रालय पाउनुपर्ने बताएका छन्। प्रधानमन्त्रीले आफ्नो पक्षले पाउने मन्त्रालयको नाम दिएपछि मात्र नाम पठाउने बताइरहेका पौडेल पक्षले आन्तरिक रुपमा मन्त्री बन्नेको नाम छनोट गरिरहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# सरकार–राजपाबीच छलफल जारी राख्ने सहमति

बीपी साह, काठमाडौं

राष्ट्रिय जनता पार्टी (राजपा) नेपाललाई तेस्रो चरणको निर्वाचनमा सहभागी गराउने सत्तारूढ दलको प्रयास पुनः असफल भएको छ। तर दुवै पक्षले छलफल जारी राख्ने सहमति जनाएका छन्। सरकारले संविधान संशोधनबाहेकका मागहरू तीन दिनभित्र पूरा गर्ने विश्वास दिलाएपछि राजपा नेताहरूले तीन दिन पर्खिने बताएका छन्।

आन्दोलनरत राजपालाई सहमतिमा ल्याउन प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले बोलाएको छलफलमा ठोस निष्कर्ष आउन सकेन। बुधबार भएको छलफलमा प्रधानमन्त्री देउवा र सत्तारूढ घटक माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधन विधेयक निर्णयार्थ पेस गर्ने प्रस्ताव राजपाका नेताहरूसमक्ष राख्नुभएको थियो। सत्तारूढ दलका नेताहरूले संविधान संशोधन पारित नभए पनि परिणाम स्वीकार गर्न राजपालाई आग्रह गरेका थिए।

तर राजपाका नेताहरूले मन्त्रिपरिषद्बाट हुने कामहरू पनि अहिलेसम्म नभएको भन्दै विरोध जनाएका थिए। उनीहरूले मधेस आन्दोलनका मृतकहरूलाई शहीद घोषणा, आन्दोलनका क्रममा लगाइएका मुद्दा फिर्तासहितका मागहरू पूरा गर्न आग्रह गरेका थिए।

बैठकमा राजपा संयोजक महन्थ ठाकुरले भन्नुभयो- 'संविधान संशोधनको विषयमा अहिले छलफल नगरौं। मन्त्रिपरिषद्ले गर्नसक्ने कामहरू गरेर विश्वासको वातावरण निर्माण गरौं। त्यसपछि संविधान संशोधनको परिणामका बारे छलफल गरौंला।'

बैठकमा सहभागी राजपाका नेता अनिल झाले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'वार्तामा कुनै सहमति भएन। सत्ता पक्षले निर्वाचनमा सहभागी हुन आग्रह गर्‍यो। हामीले आफ्ना मागहरू पूरा नभएसम्म निर्वाचन हुन नदिने अडान दोहोर्‍यायौं। उहाँहरूले तीन दिनभित्र मन्त्रिपरिषद्बाट हुने कामहरू सम्पन्न गर्नुपर्ने बताउनुभएको छ।'

बैठकमा मुद्दा फिर्ताको सम्बन्धमा माओवादी नेता नारायणकाजी श्रेष्ठले काम अगाडि बढाइएको जानकारी दिनुभएको थियो। उहाँले तीन दिनभित्र संविधान संशोधनबाहेकका मागहरू पूरा हुने बताएपछि प्रधानमन्त्री देउवा र प्रचण्डले पनि विश्वास दिलाउनुभएको थियो।

# पूर्वराजा अस्पताल भर्ना

काठमाडौं, (नेस)



पूर्वराजा ज्ञानेन्द्र शाह मुटुमा समस्या आएपछि बुधबार बिहान अस्पताल भर्ना हुनुभएको छ। थापाथलीस्थित नर्भिक इन्टरनेसनल अस्पतालमा भर्ना हुनुभएका पूर्वराजा ज्ञानेन्द्रको मुटुरोग विशेषज्ञ डा. यादव भट्ट र पारिवारिक चिकित्सक किशोरजंग राणाको टोलीले मुटुको एन्जियोप्लास्टिक गरिएको थियो।

पूर्वराजा ज्ञानेन्द्रका प्रमुख संवाद सचिव फणिराज पाठकका अनुसार चिकित्सकको टोलीले कोरोनरी एन्जियोग्राम गर्दा एउटा नसा अवरुद्ध भएको पाएपछि एन्जियोप्लास्टिक गरिएको हो। उहाँ अहिले सामान्य अवस्थामा रहनुभए पनि चिकित्सकले केही दिन अस्पतालमा रहनुपर्ने बताएपछि उहाँ केही दिन अस्पतालमा नै रहनुहुने भएको छ।

# डीएसपी दास निलम्बित

मधुसूदन रायमाझी, काठमाडौं

रामेछापको लिखु गाउँपालिका-२ सैपुकी १४ वर्षीया सुन्तली तामाङ हत्याकाण्डका अभियुक्त भगाउन भूमिका खेलेका रामेछापका तत्कालीन डीएसपी सञ्जीव शर्मा दासलाई प्रहरी प्रधान कार्यालयले निलम्बन गरेको छ। गृहमन्त्री जनार्दन शर्माको निर्देशनमा प्रहरी प्रधान कार्यालयले डीएसपी शर्मालाई निलम्बन गरेको हो।



विभागीय कारबाहीको सिफारिस भए पनि प्रहरी प्रधान कार्यालयले एसपीमा बढुवा गर्न सिफारिस गरेको थियो। नेपाल समाचारपत्रले 'कारबाही गर्नुपर्ने डीएसपीलाई पुरस्कार' शीर्षकमा समाचार प्रकाशित गरेपछि गृहमन्त्री शर्माले डीएसपी

**समाचार प्रभाव**

शर्मालाई निलम्बन गरी कारबाही प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभएको छ।

साढे पाँच वर्षअघि रामेछापको साविकको सैपु-१ हाल दुरागाउँ गाउँपालिका-२ सैपुकी १४ वर्षीया किशोरी सुन्तली तामाङको बलात्कार र हत्या प्रकरणमा अभियुक्त श्याम राउतलाई उन्मुक्ति दिएर भगाएको आरोप लागेका डीएसपी शर्मालाई प्रहरीले तीन दिनअघि मात्र एसपीमा बढुवाका लागि सिफारिस गरेको थियो।

विभागीय कारबाही गर्नका लागि मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौंडाले प्रहरी प्रधान कार्यालयमा सिफारिस गरे पनि कारबाही गर्नुको सट्टा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले शर्मालाई एसपीमा बढुवा गर्न सिफारिस गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)





हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग






# महानगर

फ्रान्समा लिएको चिज उत्पादन एक महिने तालिमले उनको सोचमा ल्याएको परिवर्तनका कारण नै ठकुरी अहिले नेपालको चिज उत्पादन गर्ने एकमात्र फ्याक्ट्रीका मालिक बनेका छन्।



**कृष्णहरि बाँस्कोटा**
प्रमुख सूचना आयुक्त

## ‘स्थानीय तह सुशासनमा खरो उत्रिनुपर्छ’

अहिले स्थानीय तह शासन सञ्चालन बारे विभिन्न कोणबाट बहस, छलफल भइरहेका छन्। निर्वाचित जनप्रतिनिति र सर्वसाधारणसमेत यसबारेमा बुझ्ने क्रममा छन्। स्थानीय शासन सञ्चालनका सम्बन्धमा संविधानमै व्यवस्था गरिएकाले स्थानीय तहको अधिकार कसैले कुण्ठित गर्न नसक्ने विश्लेषणसमेत गरिन्छ। यही विषयमा विविध पक्षमा केन्द्रित रहेर नेपाल समाचारपत्रका लागि **सुनील महर्जन**ले राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटासँग गरेको कुराकानी।

**शासन प्रणालीका तीन तह कसरी सञ्चालन हुन्छन् ?**

नेपालको संविधानअनुसार राज्यको मूल संरचनामा संघ, प्रदेश र स्थानीय तह रहेको छ। यी तीनै तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहन्छन्। यसर्थ स्थानीय तहले पनि कानुन निर्माण गर्न पाउँछ। तर, संघीय र प्रादेशिक कानुनसँग बाझिएका स्थानीय तहले निर्माण गरेका कानुनी प्रावधान संघ र प्रदेशको कानुनसँग बाझिएका हदसम्म स्वतः खारेज हुनेछन्।

संविधानको अनुसूची ५ देखि ९ सम्ममा लेखिए बाहेकका अवशिष्ट अधिकार संघमा रहनेछ। वैदेशिक सहायता र ऋण लिने अधिकार संघमा सीमित रहनेछ। एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुनअनुसार समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्नेछ। एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहमा वस्तु ढुवानीमा कुनै अवरोध गर्न वा कर लगाउन पाइने छैन। यदि प्रदेशबीच वा स्थानीय तहबीच विवाद उत्पन्न भएमा संघका प्रधानमन्त्रीको अध्यक्षतामा गृह र अर्थमन्त्री तथा सम्बन्धित मुख्यमन्त्री रहेको अन्तर प्रदेश परिषद् गठन गरिनेछ। यसरी संघ, प्रदेश र स्थानीय तहमा आ-आफ्नो अधिकारअनुसारका सरकार सञ्चालन हुनेछन्। तर, मुलुकको अखण्डता, एकता र राष्ट्रियताका लागि यी सबै एक-अर्काका पुरक हुनेछन्।

**योजना तर्जुमा गर्न स्थानीय तह कुन हदसम्म स्वतन्त्र रहन्छन् ?**

नेपालको संविधानको अनुसूची ८ मा रहेको २२ वटा बुँदाको सम्पादनमा स्थानीय तह पूर्णरूपमा स्वतन्त्र छन्। साथै अनुसूची ९ को साझा अधिकारमा पनि स्थानीय तहको अंश लाग्छ। तथापि योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले अख्तियार गरेको बृहत्तर राष्ट्रिय सोचलाई मनन् गर्नुपर्छ। संघीय सरकारका अर्थ मन्त्रीले जारी गरेको बजेट वक्तव्यको भावनालाई कदर गर्नुपर्छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सुझावलाई आफ्नो हितमा विश्लेषण गर्नुपर्छ। साथै संघीय मन्त्रालयहरुका योजना र प्रदेश सरकारको नीतिलाईसमेत आत्मसात् गरी स्थानीय तहले योजना तर्जुमा गर्दा मुलुकलाई एकताबद्ध गर्न मद्दत नै पुग्छ।

**विकास व्यवस्थापनमा स्थानीय तहको भूमिका के हो ?**

विकासको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। यसर्थ, स्थानीय तहले आधारभूत/माध्यमिक शिक्षा, स्वास्थ्य, सरसफाइ, र खानेपानीको व्यवस्थापन गर्नुपर्छ। स्थानीय पूर्वाधारमा स्थानीय/ग्रामीण सडक/सिँचाइ, भवन, विद्युत्को निर्माण गर्नुपर्छ। यसै गरी कृषि/पशुपालन, सहकारी, पशु स्वास्थ्य, कृषि उत्पादन/व्यवस्थापन र कृषि सुधारमा मुख्य भूमिका निर्वाह गर्नुपर्छ। यस अतिरिक्त वन, वन्यजन्तु, जलाधार, चराचुरुङ्गी, जल उपयोग, वातावरण र जैविक विविधताका क्षेत्रमा काम गर्नुपर्छ। साथै, खानी तथा खनिज पदार्थको संरक्षण, साना जलविद्युत् र वैकल्पिक ऊर्जाका क्षेत्रमा काम गर्नुपर्छ।

**स्थानीय तह विकासका कार्य एक्लैले गर्न सक्छन् वा अन्य निकायको सहयोगको खाँचो कतिको देख्नुहुन्छ ?**

स्थानीय तहले संघ र प्रदेशबाट निःसर्त, ससर्त, समपुरक र विशेष अनुदान पाउँछन्। प्रदेश सरकार र जिल्ला समन्वय समितिबाट पनि अनुदान उपलब्ध हुन्छ। स्थानीय तहले आफै राजस्व असुली गर्न सक्तछ। यस अतिरिक्त ग्रामीण सडक निर्माण र झोलुङ्गेपुलका लागि डोलिडारले सघाउँछ। शौर्य बत्तीका लागि वैकल्पिक ऊर्जा केन्द्रको सहयोग लिनुपर्छ। गरिबी निवारण गर्ने कार्यक्रम गरिबी निवारण कोषमा उपलब्ध छ। युवालाई रोजगारी दिन युवा स्वरोजगार कोषको सहयोग लिनुपर्छ। यसै गरी खानी विभागले जोखिम र सम्वेदनशील जमिनको बारेमा जानकारी दिन्छ भने भूमि सुधार मन्त्रालयबाट भू-उपयोग योजनामा सहयोग लिन सकिन्छ। पशु सेवा विभागले बधशाला स्थापनामा सघाउँछ भने कृषि विकास मन्त्रालयले हाट बजार विकासमा मद्दत गर्छ। हरियालीका लागि वन मन्त्रालयसँग सम्पर्क राख्नुपर्छ भने फोहोर व्यवस्थापनका लागि फोहोर मैला तथा प्राविधिक सहयोग केन्द्रसँग सम्पर्क राख्न सकिन्छ। यसरी स्थानीय तहलाई सघाउन थुप्रै सहयोगी हातहरु मुलुकभित्रै उपलब्ध छन्।

**स्थानीय तहले के-कस्ता नियमनसम्बन्धी काम गर्छ ?**

स्थानीय सेवा गठन र सञ्चालन, कानुन तर्जुमा, संशोधन र कार्यान्वयन, घरजग्गा अभिलेख र धनीपूर्जा वितरण मेलमिलाप, मध्यस्थता, सुरक्षा, विवाद व्यवस्थापनलगायतका काम स्थानीय तहबाट हुन्छ। यसै गरी अनुमति, सिफारिस इजाजत, नवीकरण, स्थानीय बजार व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन र विपद् व्यवस्थापनको काम पनि स्थानीय तहबाट सम्पादन हुनेछ। यस अतिरिक्त सवारीसाधन अनुमति, यातायात व्यवस्थापन र जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको व्यवस्थापन पनि स्थानीय तहबाट हुनेछ।

**स्थानीय तहको सूचना व्यवस्थापनसम्बन्धी काम के-के हुन् ?**

स्थानीय तथ्यांक संकलन र व्यवस्थापन, एफएम सञ्चालन, पत्रपत्रिका अभिलेखीकरण, स्थानीय केबुल वितरण र नियमन, भू-सूचना व्यवस्थापन, पञ्जीकरण र व्यक्तिगत घटना दर्ता, तथा बेरोजगारको तथ्यांक लिने काम पनि स्थानीय तहबाटै हुनेछ।

**स्थानीय तहले गर्नुपर्ने अन्य काम पनि छन् कि ?**

स्थानीय तहले भाषा, संस्कृति, र कलाको संरक्षण गर्नुपर्छ। सामाजिक सुरक्षा र गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसै गरी पुरातत्त्व, प्राचीन स्मारक र संग्राहलयको कामका साथै सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने र संरक्षण गर्ने काम पनि स्थानीय तहकै हो।

**स्थानीय तहले के-कस्तो विषयमा कर लगाउन पाउँछन् ?**

स्थानीय तहले लगाउने भनेको सम्पत्ति कर, घर बहाल कर, भूमि कर, घरजगा रजिस्ट्रेसन, मालपोत, व्यवसाय कर, विज्ञापन कर, सवारीसाधन कर, मनोरञ्जन कर नै प्रमुख हुन्। यसै गरी स्थानीय शुल्क र दस्तुरतर्फ सेवा शुल्क, पार्किङ शुल्क, सिफारिस दस्तुर, दण्ड जरिवाना, सवारीसाधन अनुमति दस्तुर, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, इजाजत तथा नवीकरण दस्तुर पनि पर्दछन्।

**स्थानीय तहको वित्तीय व्यवस्था/खरिद व्यवस्था कस्तो हुन्छ ?**

स्थानीय तहमा एक सञ्चित कोष रहन्छ। यस कोषका सबै आम्दानी जम्मा हुन्छ र यसबाट खर्च गर्न विनियोजन ऐन तर्जुमा गर्नुपर्छ। स्थानीय सञ्चित कोषको सञ्चालन कार्यकारी अधिकृत र लेखा अधिकृतबाट हुन्छ। सार्वजनिक खरिदमा स्थानीय तहले पनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को पालना गर्नुपर्छ। स्थानीय तहको खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाटै हुन्छ। स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले कानुनले तोकेअनुसारका सुविधा पाउँछन्। साथै कर्मचारीको सेवा सुविधासम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नुपर्छ। स्थानीय तह स्वयंले पनि सार्वजनिक खरिद ऐन तर्जुमा गरी लागू गर्न सक्छ तर केन्द्रीय सरकारको ऐनविपरीतका प्रावधान भने बाझिएका हदसम्म अमान्य हुन्छन्।

**सुशासन प्रवर्द्धनमा स्थानीय तहले के गर्नुपर्छ ?**

सबै स्थानीय तहले सुशासन ऐन, २०६४ को पालना गर्नुपर्छ। यसअनुसार आफूले प्रदान गर्ने सबै सेवा समेटिएको नागरिक बडापत्र जारी गर्नुपर्छ। कर्मचारीबीच कामको बाँडफाँड गर्नुपर्छ। उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्नुपर्छ। सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्छ। निर्माणस्थलमा होर्डिङ बोर्ड टाँस गर्नुपर्छ। कार्यप्रवाह तालिका निर्माण गरी फस्ट कम फस्ट सर्वसेवा सञ्चालन गर्नुपर्छ। सेवाग्राहीको राय सुझाव प्राप्त गरी सेवाग्राहीलाई सन्तुष्टि तुल्याउने गरी सेवा प्रवाह गर्नुपर्छ।

**सूचनाको हकको प्रचलनमा स्थानीय तहले के गर्नुपर्छ ?**

सबै ७ सय ४४ वटा स्थानीय तहले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को अक्षरक्षः पालना गर्नुपर्छ। राष्ट्रिय सूचना आयोगले यी ७ सय ४४ वटा तहमा ५ बुँदे आदेश जारी गरेको छ, जसअनुसार ३/३ महिनामा स्वतः प्रकाशन गर्ने, सूचना अधिकारी तोक्ने, सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने, विद्युतीय सेवा र अभिलेख प्रणाली लागू गर्ने तथा नीति र ऐन निर्माण गर्दा नागरिकको सूचनाको हकको पूर्ण प्रत्याभूति हुने प्रबन्ध गर्नुपर्छ। यी कामकालागि वेबसाइट निर्माण गरी आफ्नो निकायका यावत सूचना राख्नुपर्छ। कुनै पनि निर्णय भएपछि प्रेस विज्ञप्ति जारी गर्नुपर्छ। आवश्यकताअनुसार माइकिङ गर्नुपर्छ। वार्षिक बजेट र कार्यक्रम प्रत्येक वडा कार्यालयको परिसरमा होर्डिङ बोर्डमा राख्नुपर्छ।

## ‘नमस्ते, म बाख्रा गोठालो’

हेटौंडा, (नेस)

‘नमस्ते, म बाख्रा गोठालो’ कतै परिचय दिनुपर्दा चित्लाङका चिज व्यवसायी अशोकसिंह ठकुरी यसै गरी भन्छन्। तर, उनको परिचय यति साँघुरो घेरामा सीमित छैन। उनले आफूलाई धेरै कुरामा अब्बल सावित गर्दै समुदायका अगुवा त बनेका छन् नै, उनी नयाँ र सिर्जनशील काम गर्न चाहनेका लागि प्रेरणाको स्रोत बनेका छन्।

फ्रान्समा लिएको चिज उत्पादन एक महिने तालिमले उनको सोचमा ल्याएको परिवर्तनका कारण नै उनी अहिले नेपालको चिज उत्पादन गर्ने एकमात्र फ्याक्ट्रीका मालिक बनेका छन्। बाख्राको चिज बेच्न ल्याएको भनी काठमाडौंका होटलमा जाँदा ‘फटाहा’ भन्दै प्रतिक्रिया जनाएको र नयाँ काम गर्न खोज्दा समुदायले समेत अविश्वास गरेको उनको अनुभव छ।

बुधबार चित्लाङ पुग्दा अर्काको काम गर्ने बिल्कुल मजदुरजस्ता देखिने उनी थुम्केडाँडामा आफ्नै धुनमा व्यस्त थिए। आफूलाई ‘बाख्रा गोठालो’ भनेर बोलाएको मन पराउने अशोककुमार सिंह ठकुरी आफूलाई चिनाउँदै आएको चिजलाई चिनाउन थप तत्पर देखिन्थे।

आफ्नो व्यवसायमा सरकारी नीति बाधक भएको भन्दै उनले धेरैलाई गुहारे पनि उनको कुरा सुन्ने कोही छैनन्। समाजमा केही नयाँ गर्न चाहने उनको अथक प्रयास जारी छ। खोरमा भएका बाख्राको बिहान र बेलुका दूध दुहुनु उनको दैनिक काममा पर्छ। दूधलाई चिस्यान केन्द्रमा ल्याएर चिज तयार गर्नुपर्ने काम पनि उनी आफैंले सम्हाल्दै आएका छन्। बाख्राको चिज भनेर धेरैलाई थाहा नभएको अवस्थामा उनले शुरु गरेको नयाँ व्यवसायकै कारण धेरैका लागि उनी उदाहरणका पात्र हुन्। तर, सधैं के गरी गर्ने भनेर सोध्न आउने तर आफूले केही नयाँ काम नगर्ने मान्छेप्रति भने यी ५४ वर्षीय मेहनती व्यवसायीलाई गहिरो वितृष्णा छ।

चित्लाङ पुग्ने जो कोही पनि उनको फ्याक्ट्री नहेरी फर्कंदैनन्। फर्किउन् पनि कसरी, उनले घरको फ्याक्ट्रीअगाडि



लेखेका छन्- ‘नेपालकै पहिलो बाख्राको चिज फ्याक्ट्री।’ दैनिक दूध दुहेर चिजका लागि तयारी गर्नु अनि पुनः बिक्रीका लागि बजार पठाउनु उनको दैनिकी हो।

व्यवसाय शुरु गर्दाको क्षण कहिलेकाँही उनको मानसपटलमा झलझली आउँछ। यो बेला ठकुरी आफैंलाई आफ्नो सफलता कथाजस्तै लाग्छ रे। तर, आफ्नो सफलताको कथा धेरै सुन्ने तर आफैंले चाँहि कुनै काम नै नगर्नेप्रति भने उनी जुनसुकै बेला पनि रिस पोखिहाल्छन्। ‘धेरैलाई तालिम दिइयो’, तालिम लिने तर काम नगर्नेहरुप्रतिको उनको रिस यसरी शुरु भयो- ‘तर कसैले केही गरेनन्।’

करिब १२ वर्षदेखि आफ्नै पेसामा रमाइरहेका उनलाई आफ्नै काम गर्न भ्याईनभ्याई छ। १५ वर्षअघि फ्रान्समा २८ दिनसम्म बाख्राको दूधबाट चिज बनाउने तालिम लिएपछि जर्मनमा मासिक २ लाख ५० आम्दानी गर्ने सुवर्ण मौका छाड्दै आफ्नै देशमा मेहनत गर्ने अठोट राखेर नयाँ प्रविधिलाई स्वदेशमा भित्र्याएका उनी हाल मासिक कम्तीमा डेढ लाख सजिलै वचत गर्छन्।

कामको खोजीमा भौतारिरहेका उनलाई फ्रान्सेली नागरिकले चित्लाङबाट फ्रान्स लगेर तालिम दिएपछि आफ्नो सीपलाई स्वदेशमै प्रयोग गरेर जीवनयापन गर्ने सपना बुन्न थाले। ‘तालिम लिएपछि नयाँ उत्पादन नरुचाउने हो कि भन्ने डर थियो’, उनी भन्छन्- ‘अहिले देशकै नमुना लायक काम बनेको छ।’

आफ्नो पेसामा खुसी देखिएका अशोककुमारले २०६१ सालमा बाख्राको दूधबाट चिज उद्योगको रूपमा सञ्चालन शुरु गर्दा फ्रान्सेली नागरिकले १० लाख रुपियाँ सहयोग गरेको स्मरण गरे।

‘त्यसबेला यहाँका बासिन्दा बाख्राको दूधबाट चिज उत्पादन हुनेमा विश्वस्त थिएनन्’, उनले भने- ‘विस्तारै चिजको महत्त्व थाहा पाएपछि हाल काठमाडौंको पाँचतारे होटलदेखि धेरै जिल्लामा निर्यात गरिरहेको छु।’ बाख्राको दूधबाट कसरी चिज उत्पादन हुन्छ भन्ने जिज्ञाशा राखेर धेरै मानिस अवलोकन गर्ने आउने उनले बताए।

स्थानीय युवालाई वैदेशिक रोजगारमा नजान अनुरोध गर्ने उनलाई चिजले चिनाएको छ। कुनै समय सहकारीबाट ऋण नपुगेपछि सहयोग माग्नुपर्ने अवस्थाबाट गुज्रेको दिन सम्झँदै आफ्नो पेसालाई प्राथमिकता दिने प्रचलन शुरु नभएको चिन्ता व्यक्त गर्छन् उनी।

चिज उत्पादनका लागि उद्योग सञ्चालनमा ल्याएपछि ७ जना मजदुरले रोजगारी पाएका छन्। १ सय २० वटा बाख्रा पालेर दैनिक ३० देखि ३५ लिटर दूध खपत गर्दा ५ केजी चिज उत्पादन हुने गरेको उनले जानकारी दिए। चिजलाई सफ्ट र हार्डमा विभाजन गरेर किलोको २ हजार र ३ हजार मूल्य तय गरिएको छ।



# शैलेन्द्रलाई उत्तराधिकारीको चिन्ता

जब उनी एक बोतल पानीका साथ देश-विदेशका मञ्चमा झुल्किन्छन्, स्वत:स्फूर्तरूपमा दर्शकदीर्घा रमाउन थाल्दछन्। उनले मञ्चमा उभिएर कविता वाचन गर्न थालेपछि त झन् दर्शक घरी हास्छन्, घरी गम्भीर हुन्छन्, तालीको फोहोरा छुट्न थाल्छ। उनी भने जोसिएर धाराप्रवाहरूपमा कविता भट्याएर दर्शकलाई उत्साहित गरिरहन्छन्।



कलाकारबाट विस्तारै हास्यव्यंग्य कविकारूपमा परिचय स्थापित गरेका शैलेन्द्र सिंखडाको कुरा हो यो।

धादिङबाट करियरको मीठो सपना बोकेर काठमाडौं हानिएका एक युवालाई भाग्य र परिश्रम दुवैले साथ दियो र आज ऊ सफल हास्यव्यंग्यकारको रूपमा स्थापित छ। २०३७ सालमा नाट्य क्षेत्र हुँदै हास्यव्यंग्य क्षेत्रमा प्रवेश गरेका नाटकका विद्यार्थी शैलेन्द्र शिंखडा यतिखेर नेपाली हास्यव्यंग्य क्षेत्रमा मात्र नभई हास्यव्यंग्य कविकारूपमा देशदेखि विदेशसम्म छाइरहेको छन्।

नेपाल प्रज्ञा प्रतिष्ठानमा नाटक निर्देशकका रूपमा जागिरे भई हालैमात्र त्यहाँबाट अवकाशप्राप्त शिंखडालाई आफ्नो कला देखाउने दरिलो ठाउँ पनि त्यही मञ्च बन्यो। शुरुआती समयमा उज्वल भण्डारीसँग मिलेर प्रहसन देखाएका शिंखडाले राजाराम पौडेल, रतन सुवेदी, तैयव शाह, सन्तोष पन्त, मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको जोडीको संगत् पनि गर्न पाए।

२०६१ सालमा कविता संग्रह प्रकाशन गरेका शिंखडाले २०६५ सालमा *कालो अक्षता* नामको हास्यव्यंग्य विधाको पुस्तक प्रकाशनमा ल्याए। यतिखेर उनी शीर्षक जुरिसकेको *शिंखडाको सिँगौरी* र अर्को शीर्षक जुरिनसकेको पुस्तक प्रकाशनमा ल्याउने तयारीमा छन्। योसँगै भाद्र महिनाबाट सुटिङ शुरु हुने फिल्म *माछा माछा भ्यागुतो*को स्क्रिप्ट लेखनमा व्यस्त छन्।

'गायकगायिकाको गीत जति पुरानो भयो, त्यति नै हिट हुन्छ। तर, यो हाम्रो क्षेत्रमा लागू हुँदैन', हास्यव्यंग्य क्षेत्रको समस्या उल्लेख गर्दै उनले भने- 'मोबाइलबाट भिडियो लिकेज हुने भएकाले पनि स्वदेशमा गरेको प्रहसन विदेश पुग्दासम्म पुरानो भइसक्छ। यसले गर्दा सधैं नयाँपनमा ध्यान दिनुपर्ने हुन्छ। अर्को कुरा जतिखेर जस्तो परिस्थिति पर्छ, कलाकारले उस्तै प्रस्तुति दिन सक्नुपर्छ।'

हास्यव्यंग्य प्रस्तुतिका क्रममा उनले सम्झने विषय धेरै छन्। 'त्यसमध्ये पद्मकन्या क्याम्पसमा प्रहसनकै क्रममा मैले आलंकारिकरूपमा त्यो क्याम्पसलाई जनताको ससुराली भन्ने शब्दको प्रयोग गरेको थिएँ। यसले गर्दा ठूलो झमेलामा फसियो। पीके क्याम्पसको ड्रेसको जथाभावी प्रयोग भइरहेकाले त्यसलाई अंकित गर्दै जनताको ससुराली भनेको थिएँ। विद्यार्थीले त्यो कुरा बुझेनन् र हंगामा नै मच्चियो' उनले *नेपाल समाचारपत्र*को सहप्रकाशन *कामना*ले त्यसबारे प्रस्ट पारिदिएको सम्झँदै भने- 'पछि *कामना* पत्रिकामार्फत् जनतालाई प्रस्ट पारियो र त्यो समस्या पार लगाइयो।'

उनले भावी योजना पनि शेयर गरे- 'यसपालिको गाईजात्राको प्रहसन सकेलगत्तै सबैभन्दा पहिला अस्ट्रेलिया अनि अमेरिका र बेलायतको भ्रमण गर्ने योजना छ।' उनी भन्छन्- 'हास्यव्यंग्य रबरको गोली र इजार तान्ने तर सुरुवाल नखस्ने खालको हुनुपर्छ। प्रहसनमार्फत् समाजमा भएको विकृतिलाई प्रस्तुत गर्नुपर्छ तर कसैलाई हानी पुग्नुहुँदैन।'

अहिलेका चलेका र रुचाइएका दश कलाकारमा उनी मनोज गजुरेल, दीपकराज गिरी, जितु नेपाल, किरण केसी, शिवहरि पौडेल, केदार घिमिरे, सीताराम कट्टेल, विल्सनविक्रम राई, दमन रूपाखेती र राजा राजेन्द्र पोखरेलको नाम लिन्छन्। उनका अनुसार, यी कलाकारहरु आफैंले लेख्ने र प्रस्तुत गर्ने हुनाले अभिनयमा जीवन्तता आउने र दर्शकले पनि रुचाउने गर्दछन्। महिला हास्य कलाकार चर्चामा नआउनुको कारण खुलाउँदै उनले भने- 'महिला कलाकारहरु सधैं सहायकको भूमिकामा आए, वसुन्धरा भुसालदेखि दीपाश्रीसम्म आइपुग्दा महिला हाास्यव्यंग्य कलाकार यसको छायाँमा परे।'

उनलाई चिन्ता पनि छ, हास्यव्यंग्य कविता क्षेत्रको। यस क्षेत्रमा आफ्नो उत्तराधिकारी कोही नहुने हो कि भन्ने डरले पिरोलिरहेको उनी बताउँछन्। कोही त्यस्तै प्रतिभावान् र सक्षम भए आफूले त्यसलाई सफल कलाकार बनाउन सहयोग गर्ने पनि शिंखडाले बताए।



# सनी सरोगेसीबाट सन्तान जन्माउँदै

पूर्वक्यानेडियन पोर्नस्टार तथा बलिउड अभिनेतृ सनी लियोनी आफ्नो शारीरिक हाउभाउ र खुलस्त शैलीका कारण बलिउडमा चर्चामा रहन्छिन्।

यतिखेर भने तिनै नायिका बलिउड फिल्म उद्योगबाट केही टाढा रहेकी छिन्। तर, यही बेला लियोनीको एक अभिव्यक्तिले सबैलाई चकित पार्ने बताइएको छ। विशेष सूत्रलाई उद्धृत गर्दै समाचारमा जनाइएअनुसार सनी लियोनी यतिखेर आमा बन्ने योजना बुनिरहेकी छिन्। उनी छिट्टै आमा बन्न हतारिएको समाचारमा जनाइएको छ। सनी र उनको पति डेनियल बेबरको विवाह भएको ७ वर्ष पुगिसकेको छ।

सफ्टब्याइ डट कमका अनुसार यो जोडीले अभिभावक बन्ने निर्णय नै गरिसकेको छ। यसका अलावा यो जोडी आफ्नो आउँदै गरेको शो *स्पिलिट्सविला: सिजन १०* को प्रमासनमा जुटिरहेको छ। आफ्नो अन्तरवार्तामा सनीले आफ्नो बच्चा भाडाको हुने जनाएकी छिन्, जसलाई सरोगेसी पनि भनिन्छ। स्मरण रहोस् बलिउडकै शाहरुख, तुषार, करण जोहर र कृष्णा अभिषेक पनि भाडाका बच्चाका पिता बनेका हुन्।

# प्रहरी गायकको आश सार्वजनिक

गायक नवल राईको एकल एल्बम *आश* सार्वजनिक गरिएको छ। *तिमीलाई देखेपछि, तिमी बिना, ताराबिना जुन, कस्तो प्रेम, ओ मेरी प्रिया, सिटी बनाउन* बोलका आधा दर्जन गीत संगृहित एल्बम राजधानीमा आयोजित एक कार्यक्रमका बीच संगीतकार भूपेन्द्र रायमाझी र शान्तिराम राईले संयुक्तरूपमा विमोचन गरेका हुन्।




एल्बम विमोचनपछि गायक राईलाई शुभकामना दिँदै रायमाझीले नवलको स्वरको प्रशंसा गरे। एल्बमको समीक्षा गर्दै प्राज्ञ संगीतकार शान्तिराम राईले नवलको गायनकलामा शंका नभएको बताए।

एल्बममा गायक राईलाई एउटा गीतमा गायिका पूजा सुनुवारले स्वरमा साथ दिएका छन्। एल्बमका आधा दर्जनमध्ये तीन गीत नवल आफैंले रचना गरेका छन् भने तीनवटै गीतमा संगीत पनि भरेका छन्। उमेर लम्साल र सनम पुरुषको समेत शब्द रहेको एल्बममा बाँकी तीन गीतमा ओमप्रकाश राईको संगीत समेटिएको छ।

सुनसरीको इनरुवा निवासी गायक नवल राई एक दशकदेखि नेपाल प्रहरीमा कार्यरत छन्। 'गायन मेरो सानैदेखिको सोख र रुची भएकाले ड्युटीबाट बचेको समयलाई संगीतमा खर्च गरेको हुँ' -उनले भने।





## कामनाको हरेक अंक विशेष अंक

### यस अंकका आकर्षणहरू:

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

**आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।**

# विचार

{ तिमीलाई जुन पुस्तकले सबैभन्दा बढी सोचमग्न बनाउँछ, त्यही पुस्तक सबैभन्दा असल पुस्तक हो।
-थियोडोर पार्कट

{ प्रत्येक दिन जीव मृत्युको मुखमा गैरहेका छन् तर बाँकी मान्छे अमर हुन चाहन्छन्, यसभन्दा बढी आश्चर्य के हुन्छ ?
-महाभारत

## सम्पादकीय

नेपाल समाचारपत्र

## पुनर्निर्माणमा किन ढिलाइ ?

भूकम्प गएको २ वर्ष ३ महिना बितिसक्दा पनि पुनर्निर्माणले लक्ष्यअनुरुपको गति लिन सकेको छैन। भूकम्प अति प्रभावित क्षेत्रका भूकम्पपीडितहरुले यस वर्षको वर्षायामसमेत अस्थायी टहरामा बिताइरहेका छन्। विद्यालय, स्थास्थ्य संस्थाहरु, सांस्कृतिक महत्वका पुरातात्विक संरचनाहरुको पुनर्निर्माणसमेत सुस्त छ। सरकारले दिने भनिएको अनुदान रकम समयमै उपलब्ध हुन सकेको छैन। बल्लतल्ल निर्माण भएका घरहरुमा पनि प्राविधिक समस्या देखाइएको छ। सरकार तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भनाइ र व्यवहारमा अकाश–जमिनको फरक छ। प्रभावित क्षेत्रमा समयमा नै प्राविधिक जनशक्ति उपलब्ध नगराउने अनि बनेका घरहरु मापदण्ड नपुगको भनी अनुदान रकम उपलब्ध नगराउने कारणबाट प्रभावितहरु थप पीडित हुन पुगेको अवस्था छ।

हालसम्म भूकम्प प्रभावित एवं लाभग्राहीको सूचीमा परेकामध्ये ५ लाख ५७ हजार ५ सय ७७ परिवारलाई अनुदानको पहिलो किस्ता दिए पनि दोस्रो किस्ताको अनुदान पाउनेको संख्या मात्र ५५ हजार ५५ र तेस्रो किस्ताको अनुदान रकम पाउनेको संख्या जम्मा २ हजार ७ सय ३४ रहेको छ। यो तथ्यांकले पुनर्निर्माण हुनुपर्ने घरहरुको सम्बन्धमा अपेक्षित कार्य प्रगति नभएको देखिन्छ। जुन कुरा प्रधानमन्त्री शेरबहादुर देउवाले समेत व्यवस्थापिका संसद्को बैठकमा स्वीकार्नुभएको छ। भूकम्प प्रतिरोधी घरहरु निर्माणका लागि प्राधिकरणले शहरी विकास मन्त्रालयमार्फत ३० हजार र विभिन्न साझेदार संस्थामार्फत ३० हजार गरी जम्मा ६० हजार निर्माणकर्मी २०७३ चैत्रभित्र उत्पादन गर्ने भनिए तापनि सो अनुरुप हुन सकेको छैन।

भूकम्प प्रतिरोधी न्यूनतम मापदण्ड पूरा गरी आफ्नो घर पुनर्निर्माण गरेका लाभग्राहीलाई सहजरुपमा अनुदान रकम उपलब्ध गराउन, दोस्रो किस्ताअघिको प्राविधिक निरीक्षणलाई व्यावहारिक बनाउन आवश्यक नीतिगत व्यवस्थाका लागि व्यवस्थापिका संसद्को विकास समितिले सम्बन्धित निकायलाई पटक–पटक निर्देशन दिएको छ। तर यो निर्देशनको पालना भएको छैन। विकास समितिले न्यूनतम मापदण्ड अनुरुप आफूखुशी घर निर्माण गर्न इन्छुक भूकम्पपीडितलाई स्थानीय आवश्यकताअनुरुपको त्यस्तो घर निर्माणको अनुमति दिन र निर्माण सम्पन्न भएपछि एकमुष्ट अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अर्थ मन्त्रालयलाई समेत निर्देशन दिएको थियो। भूकम्पपीडितको सवालमा सरकारले यसअघि नै घोषणा गरी बजेट कार्यक्रमबाट समेत पारित गरिएको शहरी क्षेत्रका भूकम्पपीडितलाई २५ लाख र ग्रामीण क्षेत्रका भूकम्पपीडितलाई १५ लाख रुपियाँसम्म सहुलियत ऋण र सामूहिक जमानीमा ३ लाख रुपियाँसम्म निर्ब्याजी ऋण दिने व्यवस्था अझै कार्यान्वयन हुन सकेको छैन। यही गतिमा अघि बढ्ने हो भने अबको १० वर्षपछि पनि पुनर्निर्माण कार्य जहाँको त्यहीँ हुने देखिन्छ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नटुंगिएको हाम्रो दौड



पेशल आचार्य

सबै दौडेका छन्। सधैं दौडेका छन्। घरबाट, गाउँबाट, शहरबाट, देशबाट र विश्वबाटै क्रमिक दौड शुरु भएको छ। दौडिनेहरूका लाइन यस बखत मेरो देशमा क्याराभानजस्तै लाग्दछ। कमिलाका ताँतीजस्तै भएर दौडिनेहरू अहिले आ-आफ्ना दौडमा सामेल भएका छन्। कसैलाई दौडको कासन पुऱ्याउनु छ। कसैलाई दौडको मेसो मिलाउनु छ। लुट्नु छ। लिनु छ। छोप्नु छ। सोहोर्नु छ। जम्मा पार्नु छ। हाँप र झाँप गर्दै मेरो-मेरो भन्नु छ। स्याँ-स्याँ र फ्याँ-फ्याँ गर्दै आफ्नो भनाउनु छ। आफ्नामा समाहित गर्नु छ। यो छ। त्यो छ। सबै छ। जसरी भए पनि आफ्ना कित्तामा ल्याउनु छ। अर्काको बिगार्नु छ। धेरैजसो यसैका खातिर दौडेका छन्। दौडाएका छन्।

विपक्षलाई लतार्नु छ। आफ्नो सपार्नु छ। आग्रह, विग्रह, पूर्वाग्रह र दूराग्रह गर्नु छ। वाद, विवाद, संवाद र परिसंवादको नाटकमा सूत्रधार बन्नु छ। बदल्नु छ। आफू सगरमाथा उक्लिनु छ। परायालाई केचनाकलन पुऱ्याउनु छ। आफू मञ्चासीन भएर झिल्के खादा र घाँटीसम्म मालामा बेरिएर मुसुस्क हाँस्दै आइफोनबाट सेल्फी खिची फेसबुके भित्तामा टाँस्नु छ। आफूलाई कथित ठूलो देखाएर अरूलाई सहभागी मात्र बनाई ठाँट्टिनु छ। राम्रिनु छ। पचास सय किलोका सयपत्री र गोदावरीका मालालाई क्षणपलका लागि भए पनि गला र शरीरमा देखाएर समाचारपत्रका हेडिङमा उदाउने रहर छ। भलै अस्तचाहिँ कुन्नि कसरी हुने हुन् ? त्यो अहिले पत्तोफाँट छैन।

सबैलाई हतार छ। जतासुकै मान्छेकै घचारो छ। उही चटारो छ। स-साना नानीहरू घाँटीमा टाई लगाएर स्कुल दौडेका छन्। कर्मचारीहरू ड्रेसमा दौडेका छन्। गृहिणीहरू झोला र खरिद सामग्रीका लिस्ट बोकेर दौडेका छन्। रोजगारहरू आफ्नै तालले र बेरोजगारहरू निरोद्देश्य बेतालले दौडेका छन्। कसैको दौडको अन्त्य छैन। गन्तव्य देखिँदैन।

पैतालाहरू दौडेका छन्। धेरैजसो फुटेका पैतालाहरूचाहिँ गाउँमा खाली खुट्टै दौडेका छन्। धूलो माटामा दौडेका छन्। गाउँमा पिच बाटाहरू कम छन्। झोलुङ्गे पुल कम छन्। फड्केहरू तर्दै दौडेका छन्। वनपाखा र गोरेटोमा दौडेका छन्। खेतीपातीमा दौडेका छन्। हाटबजारमा दौडेका छन्। सबैभन्दा शोषित खाली खुट्टेहरू भएका छन्। जुत्ताले खुट्टालाई शोषण र सुकिलामुकिलाले मैलाधैलामाथि हिंसा गरेको छ। अधिकारका लागि ती चुप छन्।

पञ्चायतका खालिखुट्टे बहुदलमा शहर पसे। जुत्ता लगाउने भए। बहुदलको खाली खुट्टे गणतन्त्रमा विदेशी पाउपोस लगाउने भए। शासनमा गए। अहिले जुत्ताहरूको शासन छ। देशी जुत्ताहरूको शासनमा देशी सेन्टकै चर्को हरक आएको छ। जुत्ताहरूले लोली, बोली र गोलीले खालि खुट्टाहरूलाई शासन गरेका छन्। शासन के भनौं, झुक्याउने खेल खेलेका छन्। आधुनिक युगको शासन व्यवस्थापन हुनुपर्ने हो। विश्वभर जहींतहीं त्यही भैरहेछ। हामीकहाँ मात्र शासनका नाममा अनेक भारदारी खेल र जालझेल भैरहेछ। यही जालझेलमा शासन निरन्तर फेल भैरहेछ।

शहरमा पैतालाहरू पेटीबाट दौडेका छन्। साइकलमा दौडेकाहरू महँगीको विरोध गर्दै दौडेका छन्। बाइकमा दौडेकाहरू जतासुकै लाइन बस्ने झन्झटीय कामलाई गाली गर्दै दौडेका छन्। मोटरमा दौडेकाहरू सडकमा भएको जामलाई सत्तोसराप गर्दै दौडेका छन्। सरकारी गाडीमा हुँइकिनेहरू विभाग, मन्त्रालय र सिँहदरबार छिर्न र आफ्ना लागि निर्णय गराउन दौडेका छन्। भत्ता र सुविधा बढाउन दौडेका छन्। अझ देशलाई अघि बढाउन दौडेको डिङ हाँक्दै दौडेका छन्। नित्य अनित्य दौडेका छन्। सास रोकेर दौडेका छन्।

नेता दौडेको छ। यो पटकको मन्त्रिमण्डलमा मन्त्री हुन पाइहालिन्छ कि भन्ने आश छ उसलाई। धेरैचोटि प्रयास गऱ्यो तर सकेन। दौडधुप गर्दागर्दै पनि गुटमा नपर्नुको बेफाइदालाई गाली गर्दै छ अझै। आफूभन्दा कनिष्ठले अघिल्लोपल्टै क्याबिनेट मन्त्री पड्काएर कुस्त कमाइसक्यो। स्वास्नी र छोराछोरीका लागि बेजो मिलाइसक्यो। गाडी, बङ्गला, फार्महाउस र शेयर किनिसक्यो। देखासिकीकै लागि भए पनि दौडिनुपरेको छ। त्यसैले नेता दौडेको छ। 'गन्तव्य' कहाँ भनेर कसैले सोध्यो भने के भन्ने, त्यो पनि नेतालाई थाहा छैन। केही गन्तव्य नभईकन पनि दौडिन पाउने सुविधा शायद संसारमा हाम्रो देशमा मात्र होला। धन्य देश !

> आफूभन्दा कनिष्ठले अघिल्लोपल्टै क्याबिनेट मन्त्री पड्काएर कुस्त कमाइसक्यो। स्वास्नी र छोराछोरीका लागि बेजो मिलाइसक्यो। गाडी, बङ्गला, फार्महाउस र शेयर किनिसक्यो। देखासिकीकै लागि भए पनि दौडिनुपरेको छ। त्यसैले नेता दौडेको छ। 'गन्तव्य' कहाँ भनेर कसैले सोध्यो भने के भन्ने, त्यो पनि नेतालाई थाहा छैन।



क्या अचम्म ! हामीसँग दौडेका मलेसिया, कोरिया र थाइल्यान्डहरू गन्तव्यमा पुगिसके। सिङ्गापुर एसियाकै उदाहरणीय देश बन्यो। खाडीका देशले दौडेरै तरक्की हासिल गरे। युरोप, अमेरिका, ओसेनिया र चीन महाशक्ति राष्ट्र बन्ने स्थितिमा पुगिसके। हामी भने दौडिनका लागि मात्र दौडेका रहेछौं। हाय हाम्रो दौडको सोच ! हाय हाम्रो दौडको नियति !

नेताका सिको गर्दै कार्यकर्ता दौडेका छन्। पच्चीस सयको संख्यामा केन्द्रीय कमिटी हुँदा पनि परिएन भन्ने मनोसन्तापमा पिरोलिएरै पनि दौडेका छन्। कोही केन्द्रीय भेला गराउन दौडेका छन्। कोही केन्द्रीय भेला टार्न या पछि सार्न दौडेका छन्। चिप्लो घस्दै समर्थक दौडेका छन्। दन्तबझान गर्दै विरोधी पनि दौडेका छन्। आफ्नो घेरा, समूह, पार्टी र नेताभन्दा संसारमा अरू कोही पनि छैनन् भन्ने लाग्छ -भाट पिछलग्गुहरूलाई। ठूला र ठालुको प्रशस्तीमा झुल्केघामदेखि झमक्क ठूलो साँझसम्म ढाड दुख्ने गरी दौडनु यिनीहरूको नियत र नियति दुवै भएको छ। नेताले झार्लान् र खान पाऊँला भनेरै दौडेका छन्।

कोही प्रतिपक्ष भई राँक्किएर दौडेका छन्। दौडिँदै भन्दै छन्- 'दाहाल मात्र थिए, अब त 'दलाल' देखिए। 'सत्र हजार' मान्छे मार्नेले जाबो सत्र जनालाई देशमा रोजगारी दिन नयाँ केही सोच्न सकेनन्। नयाँ विचारको 'खल्पी' लाई बिनासित्तीमै बइल्याए। आफैं मात्र किर्ना भए। जनतालाई उडुस बनाए। यिनीहरूका दौड आफ्ना जनताका लागि होइन रहेछ। परायाका लागि रहेछ।'

कोही सत्तापक्ष भएरै झवाँक्किएर दौडेका छन्। तिनीहरू पनि भन्दै छन्- 'लाल छु भन्थ्यो। अब पाताल भयो। त्यसले सबै छोड्यो। जनवादी केन्द्रीयता छोड्यो। 'जबज' लाई पान बनाई थुक्यो। न दायाँ, न बायाँको भयो। लिङ्ग छैन त्यसको। उभयलिङ्गी। राजनीतिमा त विचारको पहिचान चाहिन्छ। पहिचानलाई नै 'सिन्डिकेट'मा लगेर बेच्यो। जनतालाई दुःख दिएर राष्ट्रियताको 'नयाँ ज्याकेट' लगायो। राजनीतिको बेपार र बेपारको राजनीतिले त्यो ढल्यो। फतक्क गल्यो। कुकरको सागझैं।'

जनता दौडेका छन्। भन्दै छन्- 'उत्तरत्तिर बाटो बनाउँदा पर्यावरण बिग्रन्छ भन्नेहरू नै आफ्नो स्वास्थ्य बनाउन अहिले 'फास्ट ट्र्याक' को वकालत गर्दै छन्।' 'दहाल र देउवा मिले' भनी असन्तोष व्यक्त गर्दै छन्। जनता 'आफ्ना सन्तानलाई समयसापेक्ष स्तरीय शिक्षा र निःशुल्क स्वास्थ्य सेवा चाहिएको छ' भन्दै छन्। अझ भन्दै छन्- 'सन्ततीलाई उनीहरूकै खुट्टामा उभ्याउने गतिलो पहिचान चाहिएको छ। नाम र दाम चाहिएको छ। स्वेदश र विदेश चाहिएको छ।' पछिल्ला पङ्तिमा रहेर दौडने जनताले दौडँदै नयाँ वर्ष, तीज-पञ्चमी, दशैंतिहार, छठ, इद, क्रिसमस, इस्टर पर्व र उधौंलीउभौंली पनि मनाउनै पर्छ। दशतिरबाट घोक्रेठ्याक लगाइएर लाइनमा बस्नै पर्छ। किनकि लाइन लाग्नु भनेकै तिनीहरूका लागि 'गणतन्त्र' हो। लाइन नबसी संविधान कार्यान्वयन हुनै सक्दैन। संविधान कार्यान्वयन नभई तिनीहरूका गोरखधन्दा र चुल्हामा आगोसमेत बल्दैन। यसरी दौडनुको विकल्प मात्र दौडनु हो। त्यसैले जनताहरू दौडेका हुन्।

घडी हेरेर दौडेकाहरू धपेडीमा देखिन्छन्। मोबाइल हेरेर दौडेकाहरूसमेत टेन्सनमा भेटिन्छन्। पुराना पुस्ता स्वाँ-स्वाँ गर्दै दौडेका छन्। मझ्यौला पुस्ता पनि हस्याङ-फस्याङ गर्दै दौडेका छन्। नयाँ पुस्ता सास न बास भएर इन्टरनेट र फेसबुकमा बढी दौडेका छन्। कसैलाई लाइकको हतारो, कसैलाई कमेन्टको चटारो अनि कसैलाई शेयर गर्ने धुवाँदार हतारैहतारो।

गन्तव्य आँकेर दौडेका छन्। टुङ्गो भाकेर पनि दौडेका छन्। स्कुल, क्याम्पस, अस्पताल, विश्व विद्यालय, फिटनेस सेन्टर, अदालत, पुलिस, सुपर मार्केट, सिनेमा हल, डेटिङ स्पट, डान्स रेस्टुरेन्ट, रङ्गशाला र शेयर मार्केट जान दौडेका छन्। एक्लाएक्लै दौडेका छन्। समूहमा दौडेका छन्। समय लिएर दौडेका छन्। समय भड्काएरै दौडेका छन्। आफ्ना लागि दौडेका छन्। अरूका लागि दौडेका छन्, दौडेका छन्। कसका लागि हो, थाहा छैन तर पनि दौडेका छन्। सबै-सबै दौडेका छन्। लाग्छ- 'ट्रेडमिल'मा दौडेका छन्। ट्रेड मिलमा जतिसुकै दौडिए पनि आखिर शरीर मात्रै थाक्छ। गन्तव्य जहाँको त्यहीँ हुन्छ। देश सात, सत्र, छत्तीस, छयालीस, बयसठ्ठी र बहत्तर सालमा पनि बेत्तोडले दौडियो। आखिर उही ट्रेडमिलमा दौडेको पो रहेछ।

राजावाद, मार्क्सवाद, लेनिनवाद, माओवाद, गान्धीवाद, बीपीवाद, मदनवाद तराईवाद, हुँदा-हुँदा अब त लम्पसारवाद। गन्तव्य घुमिफिरी रुम्जाटार। हामी २००७ सालबाट २०७२ सालमा आइपुग्दा पनि फेरि उही २००७ सालमै पुगेका छौं। कठै ! हाम्रो नियति नै दौडिनुमा छ, लक्ष्य चुम्नुमा छैन। दौड भनेको त लक्ष्यसहित हुन्छ। लक्ष्यरहित दौड के दौड ? तेर्सो दौडेका विश्वका कैयौं देशहरू धेरै अघि पुगे। हामी वृत्तमा दौडिँदा रहेछौं। कहीं नपुग्ने हाम्रो दौड लक्ष्यविहीन छ। अचम्म ! हामीलाई कहीँ पुग्नु छैन, तैपनि दौडेका छौं। आखिर के छ त यी तमाम मनुवाहरूको दौडको भित्री मनसुवा ? म भने किनारमा उभिएर जिज्ञासा गर्दै छक्क परेर सोचमग्न छु। म दौडिऊँ कि नदौडिऊँ ? जीवन चलाउन त दौडिनै पर्छ। नदौडिए मेरो पनि मुखमा माड लाग्दैन।

## पाठक पत्र

### सवारी दुर्घटनाको भयावह अवस्था

नेपालमा दैनिकजसो दुर्घटनाका खबरहरु आइरहेका हुन्छन्। एक त दुर्घटना आफैँमा हृदयविदारक हुन्छ, साथै दिनहुँ धेरै नेपालीले दुःखद दुर्घटनामा परी अकालमा आफ्नो प्राणको आहुति गर्न बाध्य छन्। कतै चालकको लापरबाही त कतै साँघुरा सडक, दुर्घटनाको कारण जेसुकै भए पनि जसले आफ्नो आफन्त, नातागोता, इष्टमित्र, छोराछोरी, श्रीमान्/श्रीमती गुमाएको छ, त्यसको पीडा सदा जीवनभरि नै उनीहरुको मनमा परिरहेको हुन्छ। जसको काँधमा वृद्ध आमा, बुबा, श्रीमती र छोराछोरीहरुको भविष्यको जिम्मेवारी हुन सक्छ। ऊ त मरेर गयो, उसको परिवार पनि मरेतुल्य नै हुन्छ। जुन परिवारमा यी घटनाहरु घटेका छन्, उनीहरुको भयावह अवस्था हेर्दा पनि कहालीलाग्दो छ।

एक त उनीहरु पीडामा हुन्छन्, त्यसमाथि थप पीडा दिने काम गर्छ यो घूसखोरी प्रशासनतन्त्र, पुलिस, कानुन अनि सरकारले। नेपालमा हुने अधिकांश सडक दुर्घटनामा कम उमेरमा सवारीचालक अनुमतिपत्र पाएका ट्यापे, झ्यापे र अत्यधिक मादक पदार्थ र लागूऔषध सेवन गरेर अनियन्त्रित ढंगले सवारी चलाउने युवा चालकहरुले गर्दा नै दुर्घटना दिनानुदिन बढ्दो क्रममा छ। मारे पनि के भो त ? भोलिपल्ट व्यवसायी आउँछन्, सेटिङ मिलाइहाल्छन् अनि पैसा पनि इन्सुरेन्स कम्पनीले तिर्ने हो, पुलिसलाई हल्का पैसा दिएपछि मुचुल्का नै बदलिन्छ। अनि, भोलि फेरि त्यो ड्राइभर निस्केर बाहिर गई अर्को परिवारको दियो ननिभाउला भनेर कसरी मान्ने ?

नेपालमा सवारी दुर्घटना बढ्नुको प्रमुख कारण यही नै हो भने सहायक कारणहरु थोत्रा, चलाउँदा पूरै वातावरणलाई कालो बादलले ढाक्ने गरी धुवाँ आउने सवारीसाधनहरु, दशकौंदेखि स्तरोन्नति हुन नसकेका मिनी तालयुक्त खाल्डाखुल्डी भएका जर्जर सडक, सडकछेउमा बनाएका अव्यवस्थित भौतिक संरचनाहरु आदि छन्। दुर्घटना आफैँमा दुःखद घटना हो। पीडित परिवार आफैँ पीडामा हुन्छन् र ठूलो वज्रपात सहिरहेका हुन्छन्। अपत्यारिलो घटनाले ठूला उथलपुथल ल्याएको हुन्छ। यस्तो संवेदनशील घडीमा प्रशासन आफैँ सक्रिय भएर पीडितलाई क्षतिपूर्ति दिलाउनुको सट्टामा आफैँ व्यवसायीसँग मिलेर पैसाको चलखेलमा मुद्दालाई निरीह बनाइदिन्छन्। क्षतिपूर्ति रकमको लागि लासलाई बन्धक राखेर ढुंगामुढा र चक्काजाम गऱ्यो भने केही छिटो राहत पाइएला, होइन भने चक्कर लगाउँदा लगाउँदा आफैँ थाकेर भयो चाहिएन भनी पन्छिनबाहेक अरु कुनै विकल्प रहँदैन।

आखिर कहिलेसम्म यो सिलसिला दोहोरिने ? के पीडित परिवारप्रति राज्यको कुनै दायित्व हुँदैन ? हे सरकार ! यदि तिमीमा अलिकति पनि मानवीयता छ भने यस्तो कानुन लिएर आऊ जहाँ दुर्घटना गराउने चालकहरुले पनि सजाय पाऊन्, ताकि भविष्यमा फेरि अर्को दुर्घटना नहोस्। पीडित परिवारलाई क्षतिपूर्ति मात्र होइन शिक्षा, स्वास्थ्य र रोजगारको पनि व्यवस्था होस्। सडक चौडा एवम् गतिमापन मेसिन लगाएर दुर्घटना न्यूनीकरणतर्फ लागियोस्। होइन भने, दुर्घटनाले अझै विकराल र भयावह अवस्था ल्याउने निश्चित छ। यो विषयमा ध्यान दिने कि ?

*- रोशनी मल्ल काभ्रेपलाञ्चोक*
*हाल : काठमाडौं*

### कमी हुन नसकेको महिला हिंसा

महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि ऐन, नियम र कानुन भए पनि हिंसामा कमी आउने सकेको छैन। महिलामाथि अहिले पनि समाजमा विभिन्न बहानामा विभेद गरिँदै आएको छ। महिलामाथि हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिले पनि महिलामाथि विभेद हुनुहुँदैन भन्छ तर हाम्रो समाजमा महिलालाई हेरिने दृष्टिकोणसँगै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र शैक्षिक क्षेत्रमा विभेद हुँदै आएको छ। महिलाहरुमाथि विभेद हुनुहुँदैन भनेर धेरै कुराहरु उठ्ने गरेपनि हिंसा घट्न सकेको छैन।

त्यसै गरी घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले पनि अर्को कुनै व्यक्तिलाई शारीरिक, मानसिक, यौनजन्य, आर्थिक यातना र भावनात्मक चोट पुऱ्याउने कुनै कार्य गर्न नहुने भने पनि समाजमा अहिले पनि हुने गरेको पाइन्छ। महिलाहरुले हिंसामा परेपछि न्यायका लागि पहल गर्ने गरे पनि अधिकांश महिलाहरुले खासै पहल गरेको पाइन्न।

महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि बनेको कानुन कडाइका साथ पालना नहुँदा अहिले पनि महिलाहरु घरदेखि सडकसम्म हिंसामा पर्ने गरेका छन्। दोषीलाई कारबाही नहुँदा महिलाहरुमाथि अंगभंग हुने गरी कुटपिट गर्ने, जिउँदै जलाउने, घरमै पनि विभेदपूर्ण व्यवहार गर्ने, यौन शोषण गर्ने र घरबाट बाहिर निकाल्ने लगायतका घटनाहरु हुने गरेका छन्। राजनीतिकरुपमा पहुँचमा रहेकाहरुले न्याय पाउने गरे पनि अधिकांश महिलाहरुले न्याय पाउन सकेका छैनन्। त्यसैले महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि सरकारी कार्यालय, गैरसरकारी कार्यालय, विभिन्न संघसंस्था, पत्रकार, बुद्धिजीवी, सुरक्षाकर्मीलगायत सबैले ध्यान दिनु जरुरी छ।

- प्रशान्त *शर्मा,* ओखलढुंगा

### प्रदेशमा विवाद किन ?

देशको वर्तमानमा बिग्रिएको राजनीतिलाई सन्तुलनमा ल्याउन संविधानमा संशोधन आवश्यक छ। प्रदेश धेरै होइन, तीन मात्र हुनुपर्छ। ती हुन्- हिमाल, पहाड र तराई। हामी सबै नेपालीबीच भाइचाराको सम्बन्ध हुनुपर्छ। तसर्थ, सत्तापक्ष र प्रतिपक्ष दुवै मिलेर अहिलेको अन्योल समाप्त पार्नुपर्छ र देश तथा जनताको विकासमा सक्रिय भएर लाग्नुपर्छ। एक किसिमको भाइचारालाई साम्प्रदायिकताको बीउ रोपेर फुटाउन खोज्नेलाई गतिलो झापट दिन पनि यस विषयमा गम्भीर भएर सोच्नु जरुरी छ। सबै दल र सम्बन्धित सबैलाई मेरो अनुरोध छ कि यो विषयमा गम्भीर हुनुहोस्।

*- मनोज मगर, रोल्पा*

### देश निर्माणका लागि विदेशमोह त्यागौं

दुई वर्षअघिको महाभूकम्पले ठूलो संख्यामा मानवीय क्षति हुनुका साथै लाखौं भौतिक संरचनाहरु भत्किएर ध्वस्त भएका छन्। भूकम्पपछि कसैले त्रिपाल राहत पाएका छन् भने कोही खुला आकाशमुनि दिनरात गुजार्न बाध्य भएका छन्। अझै पनि पीडितले पाउनुपर्ने जति राहत पाएका छैनन्।

यो राष्ट्रिय संकटको बेलामा युवाहरु विदेश जाने होइन, आफ्नै देशको पुनर्निर्माणमा सक्रिय भएर जुट्नुपर्छ। म पनि युवक हुँ, तर म विदेश नगएर सानोतिनो रोजगारी गरी बसेको छु। गाउँ, समाज र देशभन्दा पैसा ठूलो हुन सक्दैन। तसर्थ, अहिलेको संकटको बेलामा युवाहरु विदेश नजाऔं। गएकाहरु पनि फर्किएर नेपालको पुनर्निर्माणमा जुटौं भनी म सबैसँग आग्रह गर्दछु।

*- सावित्रा राना, भक्तपुर*

## सामाजिक सञ्जाल



बीबीसी नेपाली सेवाको केन्द्रीय प्रसारणबाट बोल्न सक्दैन प्रिय कति माया गर्छु भनेर। मैले गर्ने झगडामै माया छ, जति सक्छौ लैजाऊ, म नाइँ भन्दैन।

**sagar khanal**
**@sagarkhnal**



मौलाउँदो भ्रष्टाचारको तीन खम्बा- नीतिगत, नेतागत र नातागत। उपाय : पद्धति, पारदर्शिता र सदाचार। दायित्व : खबरदारी, प्रश्नकारी र जवाफदेही।

**Prakash Ch. Pariyar**
**@ChandraPari**



गाउँ-शहर जतातै गफकै व्यापार छ। यता सडकमा भेल बग्छ, मोनोरेलका गफ। गाउँतिर बाटो, स्कुल, पानी, अस्पताल, बिजुली केही छैन, जतातते केवलकार चाहियो रे।

**Sama Thapa**
**@samathapa**

२०७४, साउन
बिहीबार
५

चाँगुनारायण नगरपालिका ९ ताथलीस्थित स्विटी खोलामा बृहत् खानपानी आयोजनाको शिलान्यास गरिएको छ। १५ करोड ५० लाख रुपियाँको लागतमा निर्माण गर्न लागेको आयोजनाको भक्तपुरका प्रमुख जिल्ला अधिकारीले शिलान्यास गर्नुभयो।



# क्रान्तिकारीबीच एकता आवश्यक : प्रचण्ड

नेपाल समाचारपत्र

ललितपुर

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले क्रान्तिकारीहरूको एकता अनिवार्य भएको धारणा राख्नुभएको छ।

ललितपुरको थसीखेलमा बुधबार आयोजित कार्यक्रममा बोल्दै उहाँले सो धारणा राख्नुभएको हो। स्थानीय तहको चुनावको नतिजाअनुसार जनताले नै माओवादीहरू मिल्नुको विकल्प नभएको सन्देश दिएको पनि अध्यक्ष प्रचण्डले दाबी गर्नुभयो।

अध्यक्ष प्रचण्डले स्थानीय तह चुनावमा माओवादी केन्द्रले अपेक्षित नतिजा ल्याउन नसक्नुको दोष जनतालाई दिएर नेता-कार्यकर्ताले उन्मुक्ति नपाउने पनि बताउनुभयो। अध्यक्ष प्रचण्डले भन्नुभयो- 'साथीहरू माओवादी आन्दोलनबाट विभाजित भएर जानुभयो। तर, कसैले पनि फुटको औचित्य पुष्टि गर्न सक्नुभएन।'

उहाँले वैद्य, विप्लव, बाबुरामको नेतृत्वमा रहेका सबैलाई तिमीहरूसँग एकताको विकल्प छैन भन्ने सन्देश स्थानीय तहको निर्वाचनमार्फत् जनताले दिएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'अब सबै माओवादी एक हुनुको विकल्प छैन। अहिले चलिरहेको सचिवालय बैठकबाट क्रान्तिकारी माओवादीहरूको एकताका लागि विशेष प्रस्ताव पारित गरेर एकताका लागि अपिल गर्दैछौं। यसले एकताको वातावरण बनाउँछ भन्ने मेरो विश्वास छ।'

देश माओवादीकै एजेन्डामा चलिरहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले माओवादी नेतृत्वको सरकारले इतिहासमै सबैभन्दा राम्रो काम भएको बताउनुभयो। अध्यक्ष प्रचण्डले संगठन बनाउन नसक्नु र जनतालाई बुझाउन नसक्नुको कारणको समीक्षा गरे मात्रै पार्टी बन्ने पनि बताउनुभयो। संगठनबिनाको माओवादीको औचित्य नहुनेमा जोड दिँदै अध्यक्ष प्रचण्डले संगठनबिना चुनाव नजितिनेमा जोड दिनुभयो।

**कांग्रेस नेता न्यासुर माओवादीमा प्रवेश**

१२ वर्षको नेपाली कांग्रेसको राजनीति परित्याग गरेर नेपाली कांग्रेस ललितपुरका स्थानीय नेता श्याम न्यासुर नेकपा माओवादी केन्द्रमा प्रवेश गर्नुभएको छ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष 'प्रचण्ड' ले टीका र माला लगाउँदै नेता न्यासुरलाई पार्टी प्रवेश गर्नुभयो। नेपाली कांग्रेसको जिल्ला राजनीतिमा लोकतन्त्रको नाउँमा नेता विशेष तन्त्र मौलाएको, दक्षिण पहाडी भेगको विकासलाई बेवास्ता गरेको र उदार लोकतन्त्रको मात्र गरेर नेपाली समाजमा रहेको जातीय, वर्गीय, लैंगिक र क्षेत्रीय विभेदलाई स्वीकार गर्न नसकेकाले माओवादी पार्टी प्रवेश गरेको नेता न्यासुरले बताउनुभयो।

'पहिलो पार्टी छोडेर तेस्रो स्थानमा रहेको पार्टीमा प्रवेश गरेको हुँ। पार्टीमा अवसरभन्दा पनि मुलुकको परिर्वतनका लागि आवश्यक विचारलाई अघि बढाउन लागेको हुँ' -नेता न्यासुरले भन्नुभयो।

# अर्थ समिति र उद्योग समितिबीच कार्यक्षेत्र विवाद

काठमाडौं, (नेस)

व्यवस्थापिका संसद्अन्तर्गतको अर्थ समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिबीच क्षेत्राधिकारको विषयमा विवाद शुरू भएको छ। नेपाल आयल निगमको जग्गा खरिद प्रकरणमा दुई समितिबीच विवाद भएको हो।

अर्थ समितिले आफ्नो कार्यक्षेत्र मिचेको भन्दै उद्योग समितिले आपत्ति जनाउँदै सभामुखको ध्यानाकर्ष्ण गराउने भएको छ। उद्योग समितिका सभापति भिष्मराज आङदेम्बेको उपस्थितिमा समितिअन्तर्गत रहेको आपूर्ति तथा उपभोक्ता हित उपसमितका संयोजक सुभाषचन्द्र शाहको अध्यक्षतामा बुधबार बसेको बैठकले उक्त आपत्ति जनाएको हो।

उपसमितिले उपभोक्ता हित सम्बन्ध समितिको कार्य क्षेत्रमा रहेको नेपाल आयल निगमले आफ्नो भण्डारण क्षमता बढाउने प्रयोजनका लागि जग्गा खरिद गरेको विषयलाई अर्थ समितिले छलफलमा ल्याएमा आपत्ति जनाइएको हो।

बैठकले कार्यक्षेत्र नरहेको विषयमा भए गरेका काम कारवाही तत्काल स्थगित गर्न अर्थ समितिमा पत्र लेख्ने निर्णय गरेको अध्यक्ष शाहले बताउनुभयो। साथै उक्त विषय खुलाई सभामुख समक्षसमेत अनुरोध गर्न समितिका सभापतिलाई अनुरोध गरिएको छ। उपसमितिका संयोजक शाहले उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको कार्य क्षेत्रमा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र उपभोक्ता हित संरक्षणसम्बन्धी विषय रहेको दाबी गर्नुभयो। सो कार्यक्षेत्र मिचेर अर्थ समितिले छलफल अघि बढाएकोमा वैठकको गम्भीर ध्यानाकर्षण भएको थियो।

उहाँले यसअघिदेखि नै समितिका वैठकहरूमा आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने आपूर्ति मन्त्रालयअर्न्तगतको नेपाल आयल निगमको भण्डारण क्षमता बढाउने सम्बन्धमा विविध छलफल गरी जग्गा खरिदसम्बन्धी कागजात झिकाइ अध्ययन भइरहेको जनाउनुभयो।

## संक्षेप

### लागूऔषध कारोबारी समातिए

भक्तपुर, (नेस)

रामेछाप गोठपाने घर भई ललितपुर टीकाथली बस्ने समुन कार्की र रामेछाप मन्थली घर भई काठमाडौं पुरानो बानेश्वर बस्ने प्रवीण लामालाई प्रहरीले लागूऔषध लुपिजेसिक, फेनारगन, डाइजेल्याब गरी ८३ थान, अपाकाडोल २ सय ५० थान, अल्कुल स्वाब ५३ थान, सिरिन्ज ६ वटा र उनीहरूले प्रयोग गरेको बा४०प ७५५८ नम्बरको स्कुटरसहित पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरी टोलीले मंगलबार मध्यपुर ठिमी नगरपालिका-१ मा उनीहरूलाई चेकजाँच गर्दा उक्त लागूऔषध बरामद भएको थियो।

### राजधानीमा चोरी बढ्यो

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३२ कोटेश्वर महादेवस्थान बस्ने शशि परियारको घरमा मंगलबार कोही नभएको अवस्थामा ढोकाको ताल्चा फोडी दराजभित्र राखिएको सुनका विभिन्न गरगहना गरी करिब ५ लाख ४२ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

यसै गरी काठमाडौं महानगरपालिका-४ महाराजगन्ज सरस्वती टोल बस्ने प्रतिभा घिमिरेको घरको दोस्रो तलामा मंगलबार कोही नभएको अवस्थामा नगद ,सुनका विभिन्न गहनासमेत गरी करिब १३ लाख १० हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

यस्तै काठमाडौं बूढानीलकण्ठ नगरपालिका-११ जगडोल गुम्बा बस्ने फूलजेन शेर्पाको घरबाट मंगलबार मूलढोकाको ताल्चा फुटाई दोस्रो तलामा रहेको दराजभित्र राखेको सुनका विभिन्न गहना नगद ४० हजार रुपियाँसहित करिब ५ लाख २६ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

### अवैध सुन संकलक पक्राउ

काठमाडौं, (नेस)

अवैधरूपमा संकलन गरेको करिब ४ लाख ५८ हजार ९ सय ४४ रुपियाँ मूल्य बराबरको ९९.५ ग्राम सुनसहित काठमाडौं जडीबुटी बस्ने धनुषा, जनक नन्दनी गाउँपालिका-५ का रामउद्गार मण्डललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरणबाट बुधबार प्रहरीले पक्राउ गरेको छ।

दोहाबाट आएका यात्रुहरूलाई भन्सार छली गर्न लगाई अवैधरूपमा सुन संकलन गरेको भन्ने सुराकीले दिएको सूचनाको आधारमा खोजी गर्दा २ थान बालामा रहेको उक्त सुनसहित फेला पारी उनलाई विमानस्थलको कार पार्किङ क्षेत्रबाट प्रहरीले पक्राउ गरेको हो।

# पत्रकार महिलाका लागि एकदिने तालिम

नेपाल समाचारपत्र

काठमाडौं, (नेस)

नेपाल पत्रकार महासंघले एफएचआई ३६० सँगको सहकार्यमा एकदिने पत्रकार महिलाहरूको अवस्था र भूमिका विषयक अन्तरक्रिया सम्पन्न गरेको छ। अन्तरक्रियामा महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले पत्रकार महिलाको संख्या बढीभन्दा बढी होस् भनेर पत्रकार महिलाका विषमा महासंघ गम्भीर रहेको बताउनुभयो। महासंघको विधान पुनर्संरचनाले महिला पत्रकारहरूको संख्या वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले पत्रकार महिलाको क्षमता अभिवृद्धि गर्न महासंघले तालिम तथा लैंगिक लक्षित पुरस्कारको स्थापना गरिएको र सञ्चार निर्देशिकामा लैंगिकमैत्रीको व्यस्था गर्न पहल गरेको बताउनुभयो।

अन्तरक्रियामा महासंघका उपाध्यक्ष अनीता बिन्दुले महासंघमा २०६३ सालदेखि हालसम्मको पत्रकार महिलाहरूको संख्या प्रस्तुत गर्नुभएको थियो। जसमा २०६३ कात्तिकसम्म महासंघको कुल सदस्य संख्या ५ हजार ३५ रहेकोमा पत्रकार महिलाको संख्या ४ सय ३०, २०६६ मा कुल पत्रकार सदस्यता संख्या ७ हजार ५ सयमा संख्या ८ सय १८, २०६८ मा ८ हजार १३ जना सदस्यमा पत्रकार महिलाको संख्या १ हजार १ सय ६८ रहेको थियो। २०७० सालमा कुल सदस्य संख्या १० हजार ७७ मा पत्रकार महिलाको संख्या १ हजार ६ सय १३ रहेको थियो। २५औं माहाधिवेशन प्रयोगका लागि २०७४ को कुल सदस्य संख्या १२ हजार ७ सय ८४ जनामध्ये पत्रकार महिलाको संख्या २ हजार २ सय ४७ रहेको जानकारी गराउनुभयो।

महासचिव उजिर मगरले न्युजरुम तथा सञ्चार गृहको माथिल्लो निकायहरूमा पत्रकार महिलाहरूको सहभागिता र महिलामैत्री वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। महासंघको आगामी महाधिवेशमा २ सय ५० भन्दा बढी पत्रकार महिला पार्षद्को सहभागिता हुनु आफैंमा खुसीको कुरा रहेको बताउनुभयो। त्यस्तै सञ्चारिका समूहकी पूर्वअध्यक्ष बबिता बस्नेतले सञ्चार गृहमा पत्रकार महिलाको सहभागिता आवश्यक रहेको बताउँदै पत्रकार महिलाका सुरक्षामा सबै पक्षले ध्यान दिन जोड दिनुभयो। कार्यक्रममा याशोदा अधिकारी, अछामका पत्रकार मेनुका ढुंगाना, तृष्णा पौडेल पार्वता चौधरी, उजेरा ढकाल सीता पोखरेल, रञ्जना श्रेष्ठ कल्पना आर्चाय, रमिता लामालगायताका सहभागी पत्रकारहरूले कार्यस्थलमा कार्यरत रहँदाको अनुभव राख्नुभएको थियो। कार्यक्रमा महासंघका पदाधिकारी, लेखा समिति संयोजक, केन्द्रीय सदस्यहरूको उपस्थिति थियो। कार्यक्रमको सहजता सचिव संगीता खड्काले गर्नुभएको थियो।

# खानेपानी आयोजनाको शिलान्यास

भक्तपुर, (नेस)

चाँगुनारायण नगरपालिका ९ ताथलीस्थित स्विटी खोलामा बृहत् खानेपानी आयोजनाको शिलान्यास गरिएको छ। बिन्दवासिनी बृहत् लिफ्ट खानेपानी जल उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको १५ करोड ५० लाख रुपियाँको लागतमा निर्माण गर्न लागेको आयोजनाको भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले शिलान्यास गर्नुभयो।

शिलान्यास कार्यक्रममा प्रजिअ पोखरेलले समय मै आयोजना सम्पन्न गर्न निर्देशन दिँदै आयोजना पूरा नभए वा भ्रष्टाचार भएमा कारबाही गरिने बताउनुभयो। कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्रले आयोजनालाई सहयोग गर्न नगरपालिका तयार रहेको बताउँदै बढ्दो शहरीकरणलाई र बस्ती विकासलाई ध्यान दिँदै स्थानीयको खानेपानी समस्या समाधान गर्न आयोजनासक्षम हुने विश्वास व्यक्त गर्नुभयो।

# महरा-जुलियन्डबीच भेट

काठमाडौं, (नेस)

मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमबारे चासो व्यक्त गर्दै नेपालका लागि संयुक्त राष्ट्र संघकी आवासिय संयोजक भलेरी जुलियन्डले बुधबार उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरासँग भेटवार्ता गर्नुभएको छ।

भर्खरै सम्पन्न पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचन र तेस्रो चरणको निर्वाचनको तयारी बारे उहाँहरूबीच छलफल भएको बताइएको छ।

संविधान कार्यान्वयन गर्ने क्रममा सरकार स्थानीय निर्वाचनसहित केन्द्र र प्रदेशको निर्वाचनको तयारीमासमेत जुटेको मन्त्री महराले जुलियन्डलाई अवगत गराउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

जवाफमा संयोजक जुलियन्डले बाँकी निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभएको थियो। साथै उहाँले नेपाल र संयुक्त राष्ट्र संघबीचको सम्बन्ध आगामी दिनमा अझ सुमधुर हुने बताउनुभएको थियो।

# मृतक सालकसहित २ पक्राउ

काठमाडौं, (नेस)

मृत सालक र संरक्षित वन्यजन्तुको छालासहित प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोको प्रहरीले २ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा दोलखा, मेलुङ गाउँपालिका-१ बाख्रेछाप बस्ने कृष्ण भन्ने खम्बबहादुर लकाई र ललितपुर महानगरपालिका-१५ बस्ने सर्लाही, बाग्मती नगरपालिका-५ का रमेश राई भन्ने भागिरथ राई रहेका छन्।

संरक्षित वन्यजन्तु सालक तौल ८ किलो ४ सय ग्राम मृत अवस्थामा खरिद-बिक्री गर्न भनि ओसार-पसार गरी ल्याएको समयमा लकाईलाई काठमाडौं महानगरपालिका-१६ वनस्थलीस्थित शिवमन्दिरको परिसरबाट मंगबलार प्रहरीले उक्त मृत सालकसहित पक्राउ गरी बुधबार आवश्यक कानुनी कारबाहीका लागि जिल्ला वन कार्यालय काठमाडौंमा बुझाएको हो।

यसै गरी ललितपुर, ललितपुर महानगरपालिका-१५ साङ्पाङ चोकबाट संरक्षित वन्यजन्तु झारलको जस्तो छाला १ थानसहित निज भागिरथ राईलाई ब्युरोको प्रहरीले बुधबार पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला वन कार्यालय हात्तीवन ललितपुरमा बुझाएको हो।

# १ सय ९१ पसलमा अनुगमन, १ सय ७४ मापदण्डविपरीत

काठमाडौं, (नेस)

गत आर्थिक वर्षमा ६८ वटा पसलहरूले गुणस्तरहीन सामग्री बिक्री गरेपछि कारबाहीमा परेका छन्। २ सय ९१ वटा पसलहरू अनुगमन गरिएकोमा विभिन्न प्रकृतिका ६८ वटा पसलविरुद्ध मुद्दा दायर गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जानकारी दिएको छ। जसअन्तर्गत १ सय १६ वटा उद्योग, ९४ वटा किराना पसल, ३३ वटा मिठाइ पसल, ८ वटा सुपर मार्केटको अनुगमन गरिएको विभागका सहप्रवक्ता मदन चापागाईंले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। अनुगमन गरिएकामध्ये १५ वटामा शिलबन्दी गरिएको छ।

यसै गरी, अखाद्य पदार्थ बिक्री-वितरण गरेको भन्दै २४ ठाउँमा नष्ट गरिएको छ। यसै गरी शंका लागेर १५ वटा पसल रोक्का गरिएको विभागले जानकारी दिएको छ। विभागका सहप्रवक्ता चापागाईंले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'गुणस्तरहीन पानी, चामललगायतको नमुना संकलनका लागि ती पसलहरू रोक्का गरेका छौं। नमुना संकलनमार्फत् खान अयोग्य भएको प्रमाण भेटिए कारबाहीको प्रक्रिया अगाडि बढ्छ।'

यसै गरी ६७ वटा पसललाई सुधारका लागि निर्देशन दिइएको छ। ती पसलमा म्याद नाघेका वस्तुहरू अलग नराखेको, सरसफाइ नभएको पाइएको थियो। उत्पादक र विक्रेताविरुद्ध सम्बन्धित जिल्लाको जिल्ला प्रशासनमा मुद्दा चलिरहेको विभागले जानकारी दिएको छ।

खाद्य ऐन २०२३ मा न्यूनस्तरको खाद्य पदार्थ उत्पादन, बिक्री-वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई पहिलोपटक १ हजारदेखि २ हजारसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक २ हजारदेखि ५ हजारसम्म जरिवाना वा ६ महिनादेखि १ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने उल्लेख छ। यस्तै, दूषित खाद्य पदार्थ उत्पादन, बिक्री-वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई ५ हजारदेखि १० हजारसम्म जरिवाना वा १ देखि २ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने ऐनमा उल्लेख छ। बागमती अञ्चलभित्रका जिल्लाहरूको अनुगमनका क्रममा १ सय ७४ वटा पसलहरूमा केही न केही त्रुटि भेटिएको विभागको तथ्यांकमा उल्लेख छ।

सिनेमा कर्नर

TODAY'S MOVIES
Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Mandira 8:20, 11:20 2:20, 5:20
कमीना 8:20, 11:20 2:20, 5:20
धनपति 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६







माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन नोक्सानी, मानसिक चञ्चलता, आँखामा समस्या, असन्तोष।
**वृष** : उत्तम भोजन, पुरस्कार-गिफ्ट पाइने सम्भावना, भाग्य चम्किने।
**मिथुन** : नोक्सानी, राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, स्वास्थ्य समस्या।
**कर्कट** : धन वा सेवा-सहयोग प्राप्ति, सुख-सन्तोष, मन प्रफुल्लित।
**सिंह** : सुख-सन्तोष, हर्षविभोरका साथै गरेको काममा सफलता।
**कन्या** : राजनीतिज्ञबाट भय, इज्जत-प्रतिष्ठामा धक्का, कष्टदायक यात्रा।
**तुला** : रोगव्याधिले शिथिलता, आकस्मिक खर्च, काममा असफलता।
**वृश्चिक** : आर्थिक लाभ, आइपरेका समस्याको समाधान, अधुरा कार्य पूरा।
**धनु** : द्रव्यलाभ, खेलकुद, पठनपाठन, परीक्षामा सफलता, परिवार-सुख।
**मकर** : ग्यास्टिक-अपचजस्ता समस्याले सताउला, आलस्यता, कार्य बाधा।
**कुम्भ** : परिवार-छिमेकमा विवाद, झाडापखालाको सम्भावना, व्यर्थको दौडधुप।
**मीन** : पैसा प्राप्ति, सम्मानित, पुरस्कृत एवं ठूलै उपलब्धिको सम्भावना।

# नेपाल

ना४प ६११६ नम्बरको मोटरसाइकलमा आइरहेको अवस्थामा पर्साको ग्रामीण क्षेत्र रंगपुर टाँडीबाट मंगलबार चेकजाँचका क्रममा उक्त परिमाणको गोलीसहित उनीहरूलाई पक्राउ गरिएको पनि पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक गिरीले जानकारी दिनुभयो।

# रातारात एलडीओ भागे
## सीडीओ कार्यकक्षको टेबुल तोडफोड

नन्दराम जैसी, जुम्ला



जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी हरिनारायण बेल्वासेले काम गरेको भुक्तानी नदिई रातारात भागेको भन्दै गोठीचौर गाउँपालिकाका उपभोक्ताले जिल्ला प्रशासन कार्यालय जुम्लामा तोडफोड गरेका छन्।

जनताले गरेको विकासलाई लत्याउँदै भुक्तानी नदिई एलडीओ भागे पनि प्रशासन कार्यालय मूकदर्शक भएको भन्दै उनीहरूले प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद

**समाचार प्रभाव**

सापकोटाको कार्यकक्षमा रहेको टेबुल तोडफोड गरेका हुन्। प्रमुख जिल्ला अधिकारी सापकोटा, प्रहरी नायब उपरीक्षक गुरुविष्णु काफ्ले र स्थानीय विकास अधिकारी बेल्वासेको मिलोमतोमा उपभोक्तालाई भुक्तानी नदिइएको उनीहरूले आरोप लगाएका छन्।

छेडादह सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष अर्जुन महताराले समुदायले कार्य सम्पादन गरेको प्राविधिक प्रतिवेदन स्थानीय विकास अधिकारीको कक्षमा पुग्दा समेत वास्ता नगरी एका एक भागेको भन्दै तत्काल फिर्ता बोलाएर कामको ज्याला उपलब्ध गराउन माग गर्नुभयो। कुल ८ लाख रुपियाँमा बन्न लागेको सडक निर्माण कार्यको ५ लाख रुपियाँ मात्रै भुक्तानी गरेर एलडीओ भागेको बताइएको छ।

तत्काल एलडीओ बोलाएर भुक्तानी दिने वातावरण नमिलाए प्रशासनविरुद्ध आन्दोलन गर्ने स्थानीयले चेतावनी दिइएका छन्। यस्तै चोत्रा रामी दोहा हुँदै मौरे सडकको निर्माणको २४ लाख ६० हजार रुपियाँ सम्झौता भएकोमा १८ लाख रुपियाँ भुक्तानी दिएर उम्किएको भन्दै कामअनुसारको रकम उपलब्ध गराउन कन्ज्जुस्याइँ गरेकोप्रति आपत्ति प्रकट गरिएको छ।

स्थानीय विकास अधिकारी बेल्वासलेलाई प्रहरी नायब उपरीक्षक काफ्लेले स्कटिङ गरेर लगेको आरोप जुम्लाबासीको छ। सोमबार राति एलडीयो भागेपछि उहाँसँग कुनै सम्पर्क हुन सकेको छैन। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले जनताले काम गरेको रकम उपलब्ध हुने गरी स्रोत खोजेर संबोधन गर्न प्राविधिक कार्यालयका प्रमुख राजकुमार गोहितलाई निर्देशन दिनुभएको छ।

प्रमुख जिल्ला अधिकारी सापकोटाले आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भएकाले आफूले बोल्न नमिल्नेसमेत बताउनुभयो। एलडीओ कहिले कसरी गएको भन्नेबारे आफूलाई कुनै जानकारी नभएको उहाँको भनाइ छ। स्थानीय विकास अधिकारी बेल्वासेमाथि आर्थिक लाभ उठाउन मनपरीरूपमा कोटेसन बाँडेको, उपभोक्ता समितिबाट कमिसन लिएको र बार्गेनिङका आधारमा योजनाको भुक्तानी दिने गरेको आरोप लागेको छ। एलडीओ रातारात भाग्दा प्रमुख जिल्ला अधिकारी मूकदर्शक भएको भन्दै असारे विकासको रकम कुम्ल्याउन सबैको मिलोमतो रहेको आशंका स्थानीयले गरेका छन्।

# ५० राउन्ड गोलीसहित पक्राउ परेका युवकहरू सार्वजनिक

नेपाल समाचारपत्र
वीरगन्ज

जिल्ला प्रहरी कार्यालय पर्साले भारी मात्रामा गोलीसहित पक्राउ गरेका दुई युवकलाई बुधबार सार्वजनिक गरेको छ।

पचास राउन्ड बन्दुकको गोलीसहित पक्राउ परेका दुई जनालाई पर्सा प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा पर्सा गढी गाउँपालिका निवासी ५५ वर्षीय क्षेत्री चौधरी र सोही ठाउँ निवासी २१ वर्षीय रामकिसुन चौधरी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सुदीप गिरीले जानकारी दिनुभयो।

ना४प ९११६ नम्बरको मोटरसाइकलमा आइरहेको अवस्थामा पर्साको ग्रामीण क्षेत्र रंगपुर टाँडीबाट मंगलबार चेकजाँचका क्रममा उक्त परिमाणको गोलीसहित उनीहरूलाई पक्राउ गरिएको पनि पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक गिरीले जानकारी दिनुभयो। पक्राउ परेका दुवैलाई हिरासतमा राखेर अनुसन्धान अगाडि बढाइएको पनि उहाँले जानकारी दिनुभयो। निर्वाचनको समय नजिकिँदै गर्दा भारी मात्रामा गोलीसहित दुई युवक पक्राउ पर्नुलाई रहस्यका रूपमा समेत सुरक्षाकर्मीले हेरेको बुझिएको छ।



# खर्च विवरण बुझाउन आनाकानी

नेपाल समाचारपत्र
बाँके

असार १४ को स्थानीय निकाय निर्वाचनमा उम्मेदवार भएकाहरूले खर्च विवरण बुझाउन आनाकानी गरेका छन्। क्षेत्रीय निर्वाचन कार्यालय, नेपालगन्जका प्रवक्ता काशीलाल अधिकारीका अनुसार बुधबारसम्ममा १ सय २३ जनाले मात्रै खर्च विवरण बुझाएका छन्। जिल्लामा ८१ वटा वडा रहेको छ।

निर्वाचन कार्यालयमा ठूला दलका उम्मेदवारले खर्च बुझाइसकेका छैनन्। खर्च विवरण बुझाउन साना दल अगाडि देखिएको छ। प्रवक्ता अधिकारीका अनुसार, नेपाल मजदुर किसान पार्टीका सबै उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाइसकेका छन्।

चुनावको मितिले एक महिनाभित्र निर्वाचन खर्च बुझाउनुपर्छ। असार १४ गते चुनाव भएकाले एक महिना पुगेको छैन। ठूला पार्टीहरूले सबैको विवरण संकलन गरेर एकैपटक बुझाउनेसम्मको तयारी गरेका छन्। नेकपा एमाले, बाँकेका जिल्ला सचिव रत्न खत्रीले सबै उम्मेदवारले फाराम भर्ने काम गरिरहेको बताउनुभयो। 'सबैले फाराम भरेर पार्टीमा दिनुहुन्छ। हामी आफैं गएर निर्वाचन कार्यालयमा एकमुष्ट बुझाउँछौं' -सचिव खत्रीले भन्नुभयो।

निर्वाचन आयोगले तोकेको भन्दै कैयौं गुणा बढी खर्च गरेका उम्मेदवारलाई खर्च विवरण मिलाउन नै धौधौ परेको स्रोतहरू बताउँछन्। स्थानीय निकायको चुनावमा उम्मेदवारले खर्च गरेको हेरेका भावी उम्मेदवारहरू 'चुनाव लड्न नसकिने' भन्न थालेका छन्। 'अब त पैसा नभएकाहरूले चुनाव लड्न सक्दैनन्' -नेताहरू भन्छन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५


# जिप दुर्घटनामा २ घाइते, १ बेपत्ता

लमजुङ, (नेस)

किनारा समान लिएर बेंसीशहरबाट मनाङतर्फ जाँदै गरेको जिप बुधबार दुर्घटना हुँदा उक्त जिपमा सवार रहेका दुई जना घाइते भएका छन् भने एक जना बेपत्ता भएको प्रहरीले जनाएको छ। उक्त जिप लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिका-४ स्थित स्याँगेमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

घाइते हुनेमा गाडीका मालिक अनिल श्रेष्ठ, जिपका चालक सुवास अधिकारीलाई उपचारका लागि जिल्ला अस्पताल ल्याउँदै गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख समीरचन्द्र खरेलले बताउनुभयो। उहाँका अनुसार उक्त जिपका सहचालक राजन बेपत्ता छन्। उनको खोजी कार्य जारी रहेको खरेलले बताउनुभयो।

कच्ची सडकबाट करिब दुई सय मिटर लत खसेर जिप मर्स्याङ्दी नदीमा डुबेको छ। घटनास्थलमा उद्धारका लागि प्रहरी टोली पुगेको भए तापनि पानी परेका कारण उद्धार कार्य कठिन भएको छ। सहचालक राजन नदीमा बगे वा अन्यत्र गए भन्ने खुल्न नसकेको प्रनाउ खरेलले बताउनुभयो।

# वेगनास तालको सरसफाइ सकियो

पोखरा, (नेस)

कास्कीको लेखनाथमा रहेको दोस्रो ठूलो ताल वेगनास ताल जलकुम्भीले भरिने खतरा बढ्दै गएपछि करिब एक महिनाअघि थालिएको सरसफाइ अभियान सकिएको छ। वेगनास ताल मत्स्य व्यवसायी समितिले गत असार २ गतेदेखि ताल सफाइ अभियान थालेको थियो। मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी झन्डै एक महिना अवधिमा सय रोपनी क्षेत्रफलको जलकुम्भी फालिसकेको समितिका अध्यक्ष झलक जलारीले जानकारी दिए।

कास्की जिल्लाकै पर्यटकीय स्थलका रूपमा चिनिएको वेगनास तालमा वर्षेनी जलकुम्भीको मात्र बढ्न थालेपछि, तालको सौन्दर्य बचाउ अभियानअन्तर्गत विगत एक दशकदेखि हरेक वर्ष जलकुम्भी सफाइ अभियान सञ्चालन गरिँदै आइएको छ। यो वर्ष लेखनाथ नगरपालिकाको केही आर्थिक सहयोग र स्थानीय जलारी समुदायको जन श्रमदानमा जलकुम्भी सफाइ अभियान सञ्चालन गरिएको हो।

यहाँ रहेका ३४ वटा जलारी घरपरिवार र जलारी समुदायको पहल र पोखरा लेखनाथ महानगरपालिकाको करिब ३ लाख रुपियाँको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त अभियानका लागि जम्मा ४ लाख ४८ हजार ८ सय रुपियाँ खर्च भएको अभियानका संयोजक राजेन्द्र जलारीले पत्रकार सम्मेलनमा जानकारी दिए।

लामो समयदेखि वेगनास तालमा जलकुम्भी निकाल्ने काम हुँदै आए पनि त्यसको दीर्घकालीन व्यवस्था नहुँदा वर्षेनी जलकुम्भी समस्या जस्ताको तस्तै देखिन्छ।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र (NEPAL SAMACHARPATRA) को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेसनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, साउन
बिहीबार
५

मनकामना मन्दिर जीर्णोद्धारका लागि नेपाल सरकारले ४ करोड र भक्तजनबाट करिब ७ करोड रुपियाँ संकलन गरिएको छ। मन्दिरका लागि आवश्यक काठ चितवनबाट ल्याइएको हो। केही काठ भने पुरानै समेत प्रयोग गरिएको छ।

# नेपाल

## मनकामना मन्दिरको काम ८० प्रतिशत सकियो

सन्तोष अधिकारी, मनकामना गोरखा

गोरखाको प्रसिद्ध धार्मिक स्थल मनकामना मन्दिर जीर्णोद्धारको ८० प्रतिशत काम सम्पन्न भएको मनकामना जीर्णोद्धार समितिले जनाएको छ। २०७२ असारदेखि मन्दिर भत्काएर जीर्णोद्धारको काम शुरू भएको मनकामना मन्दिरको ८० प्रतिशत काम पूरा भएको जीर्णोद्धार समितिका अध्यक्ष नरेन्द्रबाबु श्रेष्ठले जानकारी दिए। पुरानो मन्दिर भत्काएर जगैदेखि पुनर्निर्माण थालिएको थियो। मनकामना मन्दिर भूकम्पका कारणले पनि थप जीर्ण भएको थियो।



'अहिले मन्दिरको ८० प्रतिशत काम सम्पन्न भइसकेको छ', जीर्णोद्धार समितिका अध्यक्ष श्रेष्ठले भने- 'सबैभन्दा समस्या र धेरै समय लाग्ने गाह्रोको काम हो। त्यो पनि अब एक हप्ताभित्र सकिन्छ। त्यसपछि छानाको काम र गजुर हाल्ने काम मात्र बाँकी रहन्छ।' मनकामना मन्दिरको छानो तामाको पातामा सुनको जलप लगाइन्छ। अब सुनको जलब लगाउने कामलाई धेरै समय खर्च हुनेछ। मन्दिरको सबै काम आगामी चैत्र सम्म सकिने श्रेष्ठले अनुमान गरे। अहिलेसम्म मन्दिरको तल्लो तलासम्मको काम सबै सकिएको र अब एक हप्तामा माथिल्लो तलाको काम सकेर अन्य काम गर्ने तयारी जीर्णोद्धार समितिको छ।

मनकामना मन्दिर जीर्णोद्धारका लागि नेपाल सरकारले ४ करोड र भक्तजनबाट करिब ७ करोड रुपियाँ संकलन भएको उनले बताए। मन्दिरका लागि आवश्यक काठ चितवनबाट ल्याइएको हो। केही काठ भने पुरानै समेत प्रयोग गरिएको छ। 'कुनै कुराहरू केही मात्रामा पनि परिवर्तन नहोस् भनेर हामी निरन्तर लागिरहेका छौं' -उनले भने।

पुरातात्त्विक, ऐतिहासिक, धार्मिक महत्त्व बोकेको मन्दिर भएकाले पुरातत्त्व विभागका इन्जिनियर तथा प्राविधिक कर्मचारीको प्रत्यक्ष अवलोकन तथा अनुगमनमा मन्दिर पुनर्निर्माण अघि बढाइएको छ। ०७४ सालभित्रमा मन्दिरको पुनर्निर्माण सक्ने र धर्मावलम्बीलाई पूजा, अर्चनाका लागि खुला गरिने लक्ष्यका साथ काम भइरहेको श्रेष्ठले बताए।

पुरानो मन्दिर भत्काएपछि मन्दिर अघि रहेको खुला ठाउँमा मनकामनाको प्रतिमूर्ति स्थापना गरी भक्तजनले पूजाआजा गर्ने व्यवस्था जीर्णोद्धार समितिले मिलाएको छ। २०६८ मा पुरातत्त्व विभागले गरेको अध्ययनअनुसार मन्दिर पुनर्निर्माणमा ८ करोड रुपियाँ लगानी गर्नुपर्ने बताइए पनि महँगी बढेकाले लागत खर्च पनि बढेको छ। मन्दिर निर्माण सक्न कम्तीमा १४ करोड रुपियाँ आवश्यक पर्ने देखिएको श्रेष्ठको भनाइ छ। जीर्णोद्धारका लागि अहिले पनि दिनदिनै मन्दिर आउने भक्तजनले मन्दिर निर्माणका लागि रकम सहयोग गरिरहेका छन्।

## दुई दिनको निगरानीपछि ४८ लाखको चरेश

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडा-१० स्थित एक होटलबाट बुधबार बिहान सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागूऔषध चरेशसहित ७ जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल हेटौंडाका प्रहरी नायब उपरीक्षक त्रिभुवन विष्टले विशेष सुराकीका आधारमा अवैध बजारमा करिब ४८ लाख मूल्यबराबरको ३० किलो चरेशसहित ७ जनालाई पक्राउ गरिएको बताए।




चरेशसहित पक्राउ पर्नेमा मकवानपुरको आग्रा घर भएका हीरा स्याङ्तान र विक्रम स्याङ्तान, रौतहट राजपुर फरदवा घर भएकी कमला खातुन, रौतहट बलराका सुरेज पटेल नाम बताउने रञ्जित कर्ण, भारत रक्सौलका मुकेश सर्राफ, भारत लखनउका निर्भय सिंह र भारत मोतीहारीकी कलावती देवी रहेको विष्टले जानकारी दिए। उनीहरूलाई चरेशसहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरीमा बुझाइएको छ।

प्रनाउ विष्टका अनुसार बिहान करिब ५ बजे अभियुक्तहरू मुख्य बजार क्षेत्रमा रहेको निलम होटलबाट चरेशसहित हेटौंडा-१० का रहेको रोशन होटल पुगेर त्यहाँबाट भाग्नुपूर्व सशस्त्रले भारतीय व्यापारी बसेर चरेश लुकाएको कोठा नम्बर ४१० लाई नियन्त्रणमा लिएको थियो।

नियन्त्रणमा लिने क्रममा मुख्य व्यापारी कर्ण ३ तलामाथिबाट जस्ताको छाना भएको घरमा हाम्फालेका थिए। हाम्फाल्दा उनको हात भाँच्चिएको सशस्त्र प्रहरीले जनाएको छ। जवान सुरेन्द्र शाही पनि हाम्फालेर कर्णलाई पक्राउ गरेका थिए।

अभियुक्तहरू बुधबार बसपार्कको होटलमा खाना खाएर राति करिब ११ बजे होटल पुगेका थिए र रातभर सशस्त्र प्रहरीले होटलपरिसर निगरानी गरेका थिए। बिहान करिब ५ बजे उक्त होटलमा नेपाली दुई अभियुक्तले चरेश पुऱ्याएपछि प्रहरीले पक्राउ गरेको थियो। उनीहरू पैसा बाँड्दै गरेको अवस्थामा पक्राउ परेका थिए।

नेपाली अभियुक्तहरूले प्रतिकिलो १ हजार रुपियाँ दिने बताएर ४ हजार मात्र दिइएकाले थप पैसा लिन आफूहरू रोशन होटलमा जानुपरेको प्रहरीसमक्ष बताएका छन्।

चरेश लिन भारतीय गाडी हेटौंडा आउँदै गरेको विश्वस्त स्रोतबाट जानकारी पाएपछि सशस्त्रले एकल प्रयास थालेको थियो। अभियुक्तहरूले शरीरमा बाँधेर हेटौंडा बसपार्कबाट बस चढी भैरहवा हुँदै चरेश भारत निकासी गर्ने योजनामा रहेको बताएका छन्।

घटनामा संलग्न यूपी-१८ एई ७४०५ नम्बर भारतीय मारुती ट्याक्सीसहित ३३ हजार ६ सय ९० भारतीय रुपियाँ पनि बरामद गरिएको प्रहरीले जनाएको छ। ट्याक्सी बुधबार बिहान करिब ११ बजे वीरगन्जबाट हेटौंडा आउँदा बाराको परवानीपुर, जितपुर, पथलैया र हेटौंडाको रातोमाटेलगायत नाकाबाट सादा पोसाकमा सशस्त्र प्रहरीले पछ्याएका थिए।

## ९५ प्रतिशत मुद्दा फर्स्योट

पाल्पा, (नेस)

पाल्पामा आर्थिक वर्ष २०७३/०७४ २ सय ७८ वटा मुद्दा फर्स्योट भएका छन्। जिल्ला अदालत पाल्पाका अनुसार २०७३ साउनदेखि २०७४ असार मसान्तसम्म सरकारी फौजदारी ६७ वटा मुद्दा, फौजदारी मुद्दा १ सय ३१, देवानी मुद्दा ८० गरी २ सय ७८ वटा मुद्दा फर्स्योट भएका हुन्।

अदालतमा यस अवधिमा ३ सय ९६ वटा मुद्दा रहेकोमा अघिल्लो आर्थिक वर्षको ८ वटा, यस आर्थिक वर्षको ३ सय ८ मुद्दा दर्ता भएकोमा ९५ दशमलव ५३ प्रतिशत मुद्दा फर्स्योट भएको र १ सय १८ वटा मुद्दा आगामी वर्षलाई सरेका छन्।

न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि वैतनिक वकिल नियुक्ति गरिएको, अदालतमा आउने सेवाग्राहीका लागि हजुरको सेवाका लागि तयार छु लेखिएको रातो ज्याकेट लगाएका कर्मचारी परिचालन गर्ने, ४० प्रकारका विभिन्न सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने, प्रत्येक महिनाको एक दिन सेवाग्राहीबाट प्रत्यक्ष रूपमा न्यायाधीशसँग भेटघाटको कार्यक्रम मिलाई सेवाग्राहीका गुनासा, सुझाव सुन्ने काम हुँदै आएको जिल्ला न्यायाधीश भरतमणि खनालले बताए।

जिल्ला अदालत पाल्पामा नेपाली भाषा नबुझ्ने सेवाग्राहीका लागि अंग्रेजी, हिन्दी, मगरी र नेवारी भाषीका लागि दोभाषेको व्यवस्था गरिएको छ भने सर्वोच्च अदालत, उच्च अदालतमा विचाराधीन रहेको मुद्दाका पक्षहरूका लागि अनलाइन तारेखको सुविधा, प्रत्येक दिन अदालतमा आउने सेवाग्राहीलाई १२ बजेदेखि साढे १२ बजेसम्म परामर्श सेवा, सञ्चालन गर्दै आएको अदालतका श्रेष्तेदार सुर्वण खनालले बताए।

जिल्ला अदालत पाल्पामा फैसला भएका मुद्दामध्ये ३ सय ७० जना कैद भुक्तान गर्न बाँकी रहेको अदालतले दण्ड जरिवानाबापत ६ करोड २८ लाख ९२ हजार ९ सय ६४ रुपियाँ असुलउपर गर्न बाँकी रहेको छ। जसमा यस आर्थिक वर्षको ५ करोड ९१ लाख ४५ हजार ९ सय ९९ र अघिल्लो वर्षको ३७ लाख ४६ हजार ९ सय ६४ रुपियाँ जरिवाना रकम असुलउपर गर्न बाँकी रहेको तहलसिदार भेषराज खनालले बताए। जिल्ला अदालत पाल्पाको मेलमिलाप केन्द्रमा ६४ वटा मुद्दा गएकोमा ३१ वटा मुद्दा मेलमिलाप भएको ५ वटा मेलमिलापका क्रममा रहेको र २८ वटा मुद्दा मेलमिलाप हुन नसकी फिर्ता भएको कार्यालयले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

## कार्यपालिका सदस्य चयन
## जसको शक्ति, उसको भक्ति

नेपाल समाचारपत्र

बाँके

स्थानीय निकायको कार्यपालिका सदस्य चयनमा पार्टीहरूले शक्ति प्रदर्शन गरेका छन्। जिल्ला समन्वय समितिबाहेक आठ तहको कार्यपालिका सदस्य चयनमा पार्टीहरूले 'जसको शक्ति, उसको भक्ति' को सूत्र प्रयोग गरेका हुन्।

ठूलो पार्टी बनेको एमालेलाई सिध्याउन अरू पार्टीले गठबन्धन गरेका छन्। एमालेले पनि आफ्नो बहुमत भएका ठाउँमा अरूलाई छिर्न दिएको छैन। बुधबार कोहलपुर नगरपालिकाको कार्यपालिका सदस्यको चुनावमा एमालेले आठका आठ सदस्य निर्वाचित गऱ्यो। १५ वडामध्ये एमालेले त्यहाँ मेयरसहित सात वडा जितेको थियो। उपमेयरसहित सात वडा कांग्रेस र एक वडा माओवादी केन्द्रले जितेको थियो।



कार्यपालिका सदस्य चयनका लागि भएको मतदानमा एमालेविरुद्ध कांग्रेस र माओवादी केन्द्र मिलेका थिए। ७७ मत रहेको कोहलपुर नगरमा एमालेको पक्षमा ४० र कांग्रेस, माओवादी गठनबन्धनमा ३७ मत परेको थियो। निर्वाचनपछि नगरको २५ सदस्यीय बोर्डमा एमालेका १७ जना भएका छन्। निर्वाचित वडा सदस्यहरूमध्येबाट कल्पना अधिकारी, नारायणी वली, गीता सुनार, लीला पाण्डे र शान्ति सुनार कार्यपालिकाको सदस्यमा निर्वाचित भएका छन्। दलित तथा अल्पसंख्यकमा दिलबहादुर परियार, भीम सार्की र दयाराम लोहार निर्वाचित भएको एमालेका जिल्ला अध्यक्ष अशोक कोइरालाले जानकारी दिनुभयो।

बाँकेका आठ तहमध्ये एमालेले चार तह जितेको थियो। कोहलपुर नगरपालिका, खजुरा, बैजनाथ र जानकी गाउँपालिका जितेको एमालेले त्यहाँको कार्यपालिका सदस्यमा पनि बहुमत पुऱ्याएको छ। बैजनाथ र खजुरामा एकलौटी जितेको एमालेले जानकीमा बहुमत पुऱ्याएको छ।

नेपालगन्ज उपमहा-नगरपालिका, राप्तीसोनारी र नरैनापुर गाउँपालिका कार्यपालिका सदस्यमा एमाले 'नील' भएको छ। नेपालगन्ज उपमहानगरपालिकाको २३ मध्ये ६ वटा वडाध्यक्ष जिते पनि एमाले कार्यपालिका सदस्यमा जिरो भएको छ। कांग्रेस, राप्रपा, माओवादी केन्द्र र संघीय समाजवादी फोरमले गठबन्धन गरेपछि एमाले एक्लिएको हो। नरैनापुर र राप्तीसोनारी गाउँपालिकामा पनि एमालेलाई पाखा लगाइएको छ।

अब जिल्ला समन्वय समिति गठन गर्न बाँकी रहेको छ। जिल्ला समन्वय समितिमा पनि एमालेलाई एक्ल्याउने सहमति भइसकेको नेताहरूले बताएका छन्। जिल्ला समन्वय समिति गठनका लागि एमाले बहुमत नजिक रहेको छ। त्यसका लागि संघीय समाजवादी फोरमसँग एमालेले लिखित सहमति गरेको थियो। फोरमले त्यसलाई उल्ट्याएको छ। एमालेसँग मिल्दा जिल्ला समन्वय समितिको उपप्रमुख पाउने सहमति गरेको फोरमलाई कांग्रेस, माओवादी केन्द्र र राप्रपाले प्रमुख नै दिने गरी सहमति गरेपछि एमाले एक्लिने सम्भावना बढेर गएको हो। एमालेबाहेकको चार पार्टीका बीचमा नेपालगन्ज उपमहानगरपालिका र जिल्ला समन्वय समिति गठनमा सहमति भएको बुझिएको छ। जस अनुसार नेपालगन्ज उपमहानगरपालिकामा निर्वाचन भइसकेको छ।

बाँकेका आठ तहमध्ये चारमा एमाले र बाँकी रहेको चारमा दुई कांग्रेस, एक/एकमा फोरम र राप्रपा विजयी भएका छन्। ४४ जना केन्द्रीय सदस्य भएको माओवादी केन्द्र बाँकेमा नील भएको छ। बाँकेका जनताले चुनावैपिच्छे कुनै दललाई खुसी र कोहीलाई दुःखी गराउने गरेका छन्।

## सर्पको टोकाइबाट पाँच जना अस्पतालमा

महोत्तरी, (नेस)

महोत्तरी जिल्लामा विगत एक साप्ताहदेखि बढ्ेको गर्मीका कारण सर्पको टोकाइबाट पाँच जना बिरामी जिल्ला अस्पताल जलेश्वर उपचारका लागि आएका छन्।

जिल्ला अस्पताल जलेश्वरका अनुसार महोत्तरीको भंगहा गाउँपालिकाका २४ वर्षीय रम्पल यादव, एकडारा गाउँपालिकाका ३२ वर्षीय नसिमा खातुन, २९ वर्षीय उत्तमकुमार मण्डल र भारत विहार सितामढी जिल्ला यदुपटिका ६० वर्षीय समसुल हक र १२ वर्षीय मेहताव अन्सारीलाई सर्पले टोकेकाले उनीहरू यहाँ आएका छन्।

उनीहरूमध्ये तीन जनालाई विषालु सर्प गोमन र दुई जनलाई करैतले टोकेको उनका परिवारजनले बताएका छन्। जिल्ला अस्पताल जलेश्वरमा सर्पको टोकाइबाट बिरामीको संख्यामा वृद्धि भएपछि एकपछि अर्को गरी उपचारका लागि आएकाहरूको सघन उपचार भइरहेको अस्पताल स्रोतले बताएको छ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. नागेन्द्र यादवले विगत एक सातादेखि अत्यधिक मात्रामा बढ्ेको गर्मीका कारण जमिनमुनि बस्ने सर्प जमिनबाहिर निस्कन थाल्ने र सर्वसाधारणलाई टोक्ने क्रम बढेको बताए।

## विद्यार्थी नेताको नाममा स्मृति प्रतिष्ठान

खोटाङ, (नेस)

मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियु केन्द्रीय सदस्य खोटाङ लामिडाँडा गाउँपालिका-३ का मिलन राईको स्मृतिमा 'मिलन राई स्मृति प्रतिष्ठान' स्थापना गरिएको छ। छोटो समयमा नै लोकप्रियता कमाउन सफल विद्यार्थी नेता राईको स्मृतिमा प्रतिष्ठान स्थापना गरिएको हो।

काठमाडौंबाट जिल्ला फर्किने क्रममा राईको भक्तपुरमा सडक दुर्घटनामा परी उपचारका क्रममा निधन भएको थियो। नेता राईको स्मृतिमा स्थापित प्रतिष्ठानले तत्कालै कोष खडा गरी शैक्षिक क्षेत्र तथा सामाजिक विकासको कार्यहरू गर्ने प्रतिष्ठानका अध्यक्ष पदम थुलुङ राईले जनाउनुभयो। हालै दर्ता भएको प्रतिष्ठानले राईको समाधिस्थलमा स्मृति पार्क निर्माण गरी प्रतिमासमेत स्थापना गर्ने निर्णय गरेको जनाएका छन्। प्रतिष्ठान सञ्चालनका लागि शुभेच्छुक, शुभचिन्तक तथा देश विदेशमा रहेका व्यक्ति, संघसंस्थाहरूबाट रकम जुटाउने तयारी गरिएको छ। राईले बोकेका विकासका सपना तथा योजनाहरू पूरा गर्न प्रतिष्ठानले पहलकदमी चाल्ने अध्यक्ष राईको भनाइ छ। थुलुङले प्रतिष्ठानलाई सहयोग गरी विद्यार्थी नेताको अधुरा रहेका सपना पूरा गर्न योगदान गर्न समस्त विकासप्रेमीहरूमा अपिलसमेत गर्नुभयो। हालसम्म प्रतिष्ठानको नाममा करिब ४ लाख रुपियाँ जुटिसकेको अध्यक्ष थुलुङले उल्लेख गर्नभयो।

२७ वर्षको अल्पायुमै निधन भएको केन्द्रीय सदस्य राईले खोटाङ र सोलुखुम्बुको विद्यार्थी इन्चार्जको समेत जिम्मेवारी सम्हालिरहनुभएको थियो। राई खोटाङ क्षेत्र नम्बर दुईबाट निर्वाचित सांसद विशाल भट्टराईको स्वकीय सचिव रहनुभएको थियो।

## गर्मी छल्न पोखरीमा स्नान

महोत्तरी, (नेस)

महोत्तरीमा बढेको अत्यधिक गर्मीका कारण पिपरा गाउँपालिकाका बालबालिका पोखरीमा स्नान गर्दै गर्मी छलिरहेका छन्। महोत्तरीमा विगत एक सातादेखि दिनभरिको तातो घामले ह्वातै बढेको गर्मीले पिपरा गाउँपालिका बनौली दनौली अवस्थित बडका पोखरीमा बालबालिकाहरू गर्मी छल्न पोखरीमा नुहाउन बाध्य भएका छन्।

लगातार एक सातादेखि महोत्तरीमा बढेको गर्मीका कारण पिपरा गाउँपालिका बनौली दनौलीका बालबालिका पोखरीमा नुहाई गर्मी काटिरहेको स्थानीय वैधनाथ चौधरीले बताए, उनले चर्को घाम र तातो हावाका कारण सर्वसाधारणको चहलपहलमा निकै कमी आएको र घर तथा पसलबाट बाहिर निस्कन समेत सर्वसाधारणलाई कठिन भइरहेको बताए।

गर्मीका कारण बढी पसिना बगेर शरीरमा पानीको मात्रा कम भई टाउको दुख्ने, झाडापखाला लाग्ने, रिंगटा लाग्ने जस्ता लक्षणहरू बढी देखा पर्न थालेको बनौली दनौली स्वास्थ्य चौकीका इन्चार्ज हरेराम साहले बताए। एक हप्ताअघिको अत्यधिक वर्षा सकिन नपाउँदै शुरू भएको अत्यधिक गर्मीका कारण बालबालिकाहरू पोखरीमा स्नान गर्न बाध्य भएको बनौली दनौलीका स्थानीयको भनाइ छ।

## 'संविधान संशोधन कुनै पनि हालतमा हुँदैन'

बैतडी, (नेस)

नेकपा एमालेका सचिव प्रदीप ज्ञवालीले संविधान संशोधन कुनै पनि हालतमा नहुने बताउनुभएको छ। प्रेस चौतारी, बैतडीले बुधबार गडीमा गरेको पत्रकार सम्मेलनमा उहाँले अहिले निर्वाचन महत्त्वपूर्ण भएकाले संविधान संशोधनलगायतका काममा लाग्न नहुने बताउनुभएको हो। 'संविधान संशोधन भए देश अन्योलतातिर धकेलिन्छ', उहाँले भन्नुभयो- 'संविधानको निर्णायक शक्तिसँग कुनै सहकार्य नगरी ल्याइएको संविधान संशोधन कुनै हालतमा हुँदैन।'

स्थानीय तह निर्वाचन सम्पन्न भएपछि मात्रै संविधान संशोधनका विषयमा छलफल गर्न सकिनेमा उहाँले जोड दिनुभयो। कार्यकर्ता भेटघाटका लागि बैतडी पुग्नुभएका सचिव ज्ञवालीले नेकपा एमाले सत्ता समीकरणमा नभई निर्वाचनमा केन्द्रित रहेकाले दुई चार मन्त्रालयको लोभमा सत्ता समीकरण नभई देश र जनताको चाहनाअनुसार निर्वाचनका गतिविधिमा ध्यान रहेको स्पष्ट पार्नुभयो।

तेस्रो चरणको निर्वाचनमा पनि एमाले पहिलो शक्ति बन्ने दाबी गर्दै सचिव ज्ञवालीले राजपालाई बहाना बनाएर निर्वाचनका गतिविधिहरू प्रभावित गर्ने तर्फ सत्ता साझेदार दल लागिरहेको उहाँले आरोप लगाउनुभएको छ।

# विश्व

## झडप



पूर्वी जेरुसलममा इजरायली सुरक्षाकर्मीसँगको झडपका क्रममा प्रहरीको पिटाइबाट भाग्न खोज्दै प्यालिस्टिनी। उक्त झडपमा कयौं प्यालेस्टिनी घाइते भएका छन्।

## प्रत्याशी



भारतीय सत्तारूढ एडीएका भावी उपराष्ट्रपति उम्मेदवार एम वेंकैया नायडु (बाँया) र भाजपाका वरिष्ठ नेता लाडकृष्ण आडवाणी। प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमा मन्त्रीसमेत रहेका नायुडलाई मोदीले उपराष्ट्रपति पदका लागि अगाडि सारेको हुन्।

## विश्व २ मिनेट

### म्यान्मार

#### खराब मौसम

याङ्गुन, (एजेन्सी)

म्यान्मारको सञ्चारमाध्यमले बुधबार गत महिना १ सय २२ जना व्यक्ति सवार एउटा सैनिक विमान खराब मौसमका कारण दुर्घटनाग्रस्त भएको जनाएको छ। चीनमा निर्मित उक्त विमान ७ जुनमा अन्डामन सागरमा खस्दा त्यसमा सवार सबैको ज्यान गएको थियो। अनुसन्धानकर्ताहरूले सो विमान बाक्लो बादलको हुरीमा फसेपछि पाइलटले विमानमाथिको नियन्त्रण गुमाउन पुगेको प्रतिवेदन सार्वजनिक गरेका छन्। विमानका पखेटामा हिउँ जमेको र वायुको भुमरीको कारण विमानको इन्जिनले अचानक काम गर्न छोडेको पनि बताइएको छ।

### फ्रान्स

#### सेनाध्यक्षको राजीनामा

पेरिस, (एजेन्सी)

बजेट कटौतीको विषयलाई लिएर राष्ट्रपति इमान्युयल म्याक्रोंसँग विवाद परेका कारण बुधबार फ्रान्सका सशस्त्र फौजका अध्यक्ष जनरल पियर्रे डि भिल्लियर्सले पदबाट राजीनामा दिएका छन्। एउटा विज्ञप्ति जारी गर्दै भिल्लियर्सले बताएका छन्- 'मैले फ्रान्सको रक्षाका लागि विश्वसनीय बनाइनुपर्ने सरकारी फौजको मोडलको टिकाउको ग्यारेन्टी दिन सक्दिनँ।' फ्रान्स सरकारले गतसाता युरोपेली संघ (ईयू) को निर्धारित स्तर भन्दा सैनिक बजेटमा कटौती गरिने घोषणा गरेको थियो। तर म्याक्रोंले आफूले सेनाका तर्फबाट आउने विरोध सहन नसक्ने बताएका छन्।

### क्यानडा

#### चिहानस्थलको विपक्षमा जनमत

टोरोन्टो, (एजेन्सी)

क्यानडाको एक इलाकामा स्थानीयले मुसलमानका लागि चिहानस्थल निर्माण गर्न नदिने पक्षमा मतदान गरेका छन्। क्युबेक शहरबाट बाहिर सौअपोलिनेय इलाकामा आइतबार भएका उक्त जनमत संग्रहमा करिब ५ हजार स्थानीयमध्ये प्रान्तीय नियमअनुसार ४९ जना मतदानका लागि योग्य थिए। तीमध्ये १९ जनाले निर्माणको विपक्षमा मतदान गरेका थिए। १६ जनाले मुसलमानका लागि चिहानको समर्थनमा मतदान गरे भने १ भोट बदर भएको थियो। उक्त चिहानस्थलका लागि क्युबेक इस्लामिक सांस्कृतिक सेन्टरले प्रस्ताव गरेको थियो।

### इजरायल

#### झडपमा कयौं घाइते

जेरुसलम, (एजेन्सी)

पूर्वी जेरुसलमस्थित एक पवित्र धार्मिकस्थल नजिकै मुसलमानहरूको नमाजपछि इजरायली प्रहरीसँग भएको झडपमा थुप्रै प्यालेस्टिनी घाइते भएको जनाइएको छ। ती झडपमा कम्तीमा एक व्यक्ति गम्भीर रुपमा घाइते भएका छन्। पूर्वी जेरुसलमस्थित उक्त पवित्रस्थललाई मुसलमानहरूबीच हरम अल सरिफ र यहुदीहरूमा टेम्पल अफ माउन्टको नामले चिनिन्छ। गत शुक्रबार अरब इजरायली बन्दुधारीले उक्त स्थलमा दुई इजरायली प्रहरीलाई गोली हानी हत्या गरेका थिए। घटनापछि उक्त पवित्रस्थल वरपर व्यापक तनावको स्थिति रहेको जनाइएको छ।

# पूर्वसैनिक जनरल दोषी ठहर



बैंकक, (एजेन्सी)

थाइल्यान्डको एउटा अदालतले बुधबार एकजना पूर्व सैनिक जनरललाई मानव तस्करीमा दोषी ठहऱ्याएको छ। बैंककमा चलेको यो मुद्दा थाई इतिहासमै निकै महत्त्वपूर्ण मानिएको छ। म्यान्मारबाट पलायन भएका अल्पमत रोहिंग्या मुस्लिम र बंगलादेशीहरूको अवैध ओसार प्रसारमा संलग्न रहेको पाइएको चालिस जनाभन्दा बढी अभियुक्तमा जनरल म्यानस कोन्पाँग पनि परेका हुन्।

करिब १ सय जना व्यक्तिलाई मानव ओसारपसार, अपहरण र हत्याका अभियोगमा मुद्दा चलाइएको हो। वर्षौंदेखि मुस्लिम रोहिंग्याहरू म्यान्मारबाट थाइल्यान्डतर्फ भाग्ने गरेका छन्।

सन् २०१५ को जुनमा जनरल कोन्पाँगलाई गिरफ्तार गरिँदा थाइल्यान्डले आफ्नो भूमिबाट हुने गरेको मानव ओसारपसारलाई रोक्न निकै ठूलो कसरत गरेको प्रतीत भएको थियो। न्यायाधीशले उनलाई मानव ओसारपसार र संगठित अपराधका लागि दोषी करार गरेका हुन्।

तर उनीलगायत दोषी ठहऱ्याइएका अन्य सबैलाई अदालतले सजाय सुनाउन बाँकी नै रहेको थाई सञ्चारमाध्यमले जनाएको छ। सन् २००९ मा आफूमाथि इन्जिन नभएका जहाजहरूमा एक हजार जनाभन्दा बढी रोहिंग्यालाई समुद्री यात्रा तय गराउन आदेश दिएको आरोप लाग्दा थाइल्यान्डले आप्रवासीहरूलाई मानवीय व्यवहार गरेको कुरा बीबीसीलाई बताएका थिए।

पत्रकारहरूले यस्तो मुद्दामा दोषी ठहरिने यिनी थाई सेनाकै पहिलो जनरल भएको बताएका छन्। सन् २०१५ मा दक्षिणी थाई जलमार्गबाट मलेसिया र अन्य गन्तव्यका लागि प्रस्थान गरेका हजारौं शरणार्थी समुद्रमा अलपत्र परेका थिए।

# पुटिन र ट्रम्पबीच ह्याम्वर्गमा गोप्य वार्ता

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका रुसी समकक्षी भ्लादिमिर पुटिनबीच यसै महिना जर्मनीको ह्याम्वर्गमा सम्पन्न विश्वका शक्तिशाली औद्योगिक राष्ट्रहरूको सगठन जी-२० को शिखर बैठकको दौरान गोप्य भेटवार्ता भएको बुधबार अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले जनाएको छ।

औपचारिक रात्रि भोजको अन्त्यमा ती दुई शीर्ष नेताबीच भएको वार्ताको विवरण भने ह्वाइट हाउसले सार्वजनिक गरेको छैन। तर राष्ट्रपति ट्रम्पले सञ्चारमाध्यमले उक्त वार्ता फलदायी नभएको बताएकामा आलोचना गरेका छन्। अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रुसी हस्तक्षेप भएको भनी आरोप लगाइएको समयमा यी दुई नेताबीचको सम्बन्ध निकै विश्लेषणीय रहेको छ।

अमेरिकाको गुप्तचर निकायहरूले उक्त निर्वाचनको दौरान मस्कोले ट्रम्पलाई सघाउन खाजेको विश्वास गर्ने गरेका छन्। तर रसियाले यो आरोप अस्वीकार गर्दै आएको छ। ट्रम्प स्वयंले पनि यो आरोप अस्वीकार गर्दै आएका छन्। जी-२० सम्मेलनको दौरान राष्ट्राध्यक्षहरूको निजी भोजन कार्यक्रमको समय तिनीहरूबीच थप एवं गोप्य वार्ता भएको बताइएको छ।

ट्रम्प आफ्नो सिटबाट उठेर वार्ताका लागि आफ्नी पत्नी मेलानियासँगै बसेका पुटिनको छेउ गएको अमेरिकी सञ्चारमाध्यमले जनाएको छ। सो वार्ताको क्रममा पुटिन, ट्रम्प र पुटिनका आधिकारिक भाषा अनुवादकको मात्र उपस्थिति रहेको बताइएको छ। उक्त चुनाव हस्तक्षेप आरोपका कारण पुटिन र ट्रम्पबीचको प्रत्येक साक्षात्कारलाई गम्भीर ढंगले हेरिने गरिएको छ। करिब एक घण्टासम्म भएको भनिएको यस वार्ता कसैले सौहार्दपूर्ण र कसैले तनावपूर्ण देखिएको बताएका छन्।

# हेलिकोप्टरबाट सहवासको भिडियो खिच्ने प्रहरी अदालतमा




लन्डन, (एजेन्सी)

प्रहरी हेलिकोप्टरले आफ्नो निजी बगैंचामा यौनमा लिप्त जोडीको फिल्म बनाएको मामिलामा अदालतमा सुनवाइ शुरू भएको छ।

उक्त मामिलामा बेलायतका दक्षिणी योर्कसायरका दुई प्रहरी अधिकारी र दुई पाइलटविरुद्ध सेफिल्डस्थित क्राउन अदालतमा सुनुवाइ भएको हो। ४२ वर्षीय म्याथ्यु लकास, ४७ वर्षीय ली वाल्स, ४५ वर्षीय म्याथ्यु लुसेमोर र ६४ वर्षीय मलकोम रिब्सले सरकारी संयन्त्रको दुरुपयोग गरेको आरोपलाई अस्वीकार गरेका छन्। अदालतमा ती जोडी घाममा बिना कपडा रहेको र दुवै सहवासमा लिप्त रहेको बताइएको थियो। त्यतिबेलै प्रहरीको हेलिकोप्टरले उनीहरूको क्रियाकलापको फिल्म बनाएको थियो।

यद्यपि उक्त आरोपलाई अभियुक्तहरूले अस्वीकार गर्दै आइरहेका छन्। यसमा अर्को पाँचौं व्यक्ति पूर्व प्रहरी अधिकृत एड्रियन पोगमोर हुन् र उनले सरकारी अफिसको दुरुपयोग गरेको आरोपलाई स्वीकार गरेका छन्।

प्रहरीको फुटेजमा ती जोडी प्रेमालापमा रहेको प्रस्ट देखिएका थिए। हेलिकोप्टर चालक दलका सदस्यहरूले एउटा उच्च गुणस्तरको भिडियो क्यामराको प्रयोग गरेको जाँच अधिकारी रिचर्ड राइटले बताए। उनले यसलाई कसैको निजी जीवनको उल्लंघन भएको बताए।

जोडीमा परेका महिलाले अदालतमा भनिन्- 'यो मेरो निजी जीवनको खुला उल्लंघन हो। म यस घटनाबाट अत्यन्त दुःखी र समस्यामा परेको छु।'

उक्त भिडियो सन् २०१२ मा बनाइएको अदालतमा बताइएको छ। अदालतमा सुनवाइ भइरहेको र आगामी तीन हप्तासम्म जारी रहने अनुमान गरिएको छ।


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a year | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

भवन र कर्मचारीकै कारण जनताले पाउने सेवा र सुविधामा असहज हुँदासमेत केन्द्रीय सरकारले हस्तक्षेप गर्न छाडेको छैन ।

# मुख्य निर्वाचन अधिकृतलाई दिइयो जिम्मेवारी

काठमाडौं, (नेस)

निर्वाचन आयोगले असार १४ मा सम्पन्न दोस्रो चरणको निर्वाचन भएका तीन प्रदेशमा जिल्ला समन्वय समितिको निर्वाचनका लागि सम्बन्धित जिल्लाका मुख्य निर्वाचन अधिकृतलाई जिम्मेवारी तोक्ने भएको छ।

आयोगको बुधबार बसेको बैठकले दोस्रो चरणमा गाउँपालिका र नगरपालिकाको निर्वाचन सम्पन्न भएका प्रदेश नम्बर १, ५ र ७ का नवलपरासी र रुकुम बाहेकका ३३ जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन सञ्चालन गर्न हाल नियुक्त भइरहेका सम्बन्धित जिल्लाका मुख्य निर्वाचन अधिकृतहरूलाई जिम्मेवारी तोक्ने निर्णय गरेको हो।

बैठकले सम्बन्धित जिल्लाको जिल्ला सभाबाट जिल्ला समन्वय समितिमा रहने सदस्य संख्या एकीन भएपछि निर्वाचनको कार्यक्रम सञ्चालन गर्नसमेत सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिइएको आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले बताउनुभयो। यसअघि आयोगले जिम्मेवारी तोक्न ढिलाइ गर्दा जिसस निर्वाचन बारे अन्योल भएको जनप्रतिनिधिहरूले गुनासो गर्दै आएका थिए।

# केन्द्रको हस्तक्षेपले स्थानीय तह अस्तब्यस्त

काभ्रे, (नेस)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पटकपटकको निर्देशनसहितको विज्ञप्तीका कारण अधिकार सम्पन्न स्थानीय तह अस्तव्यस्त भएका छन्। विभिन्न गाविसहरू जोडेर बनाइएको गाउँपालिकाहरूको अवस्था त झनै दयनीय भएको छ।

भूकम्पले थिलथिलो भएको काभ्रेपलाञ्चोक जिल्लाका अधिकांश गाँउपालिकाहरू भवन र कर्मचारीविहीन भएका छन्। जिल्ला विकास समिति हुँदै दर्जनौं गाविस सचिवविहीन हुँदा एउटै सचिवले दुई वटा, तीनवटासम्म गाविस सञ्चालन गरेका थिए। ठिक विपरीत अहिले वडाअध्यक्षहरू निर्वाचित भई जनताको सेवा घर दैलोबाट दिने गरी नीति, कार्यक्रम र बजेट प्रस्तुत भइसक्दासमेत जनताले कर्मचारीबाट प्राप्त गर्नुपर्ने सेवाकै कारण ढिलाइ भएको रोशी गाउँपालिकाका अध्यक्ष डीवी लामाले बताए।

'रोशी गाउँपालिकामा १२ वटा वडा छन्। ८ जना सचिवहरू छन्। ८ वटा गाविस मिलेर बनेको रोशीमा कर्मचारीकै अभावका कारण जनताले समयमै सेवा प्राप्त गर्न सकेका छैनन्', अध्यक्ष लामाले भने- 'बस्ने कार्यालय छैन, सेवाग्राही उभिने स्थानसमेत छैन। भाडामा कार्यालय लिन घर पनि छैनन्।' 'कर्मचारी आफैं नियुक्ति गरौं मन्त्रालयको परिपत्रले रोकेको छ, नगरौ जनताले सेवा पाउन सकेका छैनन्' -लामाले भने।

भवन र कर्मचारीकै कारण जनताले पाउने सेवा र सुविधामा असहज हुँदासमेत केन्द्रीय सरकारले हस्तक्षेप गर्न छाडेको छैन।

अधिकार सम्पन्न स्थानीय तहले नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छन्। तर आफुखुसी कर्मचारी नियुक्ति गर्न पाउँदैन भन्दै मन्त्रालयका सचिवले पत्र काटेपछि स्थानीय तह माथिको हस्तक्षेप कर्मचारीहरूबाटै शुरु भएको अनुभूति जनप्रतिनिधिले गरिसकेका छन्। असारको अन्त्यमा काजमा भएका कर्मचारीहरू फिर्ता बोलाउने, जनप्रतिनिधिहरूले बजेट बनाइरहँदा हिजोको सरकारले जस्तो लक्षित वर्ग भनेर अनिवार्य गराउनेजस्ता कामहरू गरेको जनप्रतिनिधिहरूले गुनासो गरेका छन्।

पाँचखाल र मण्डनदेउपुर नगरपालिकामा निर्वाचनका लागि खटिएका र उप सचिव दरवन्दी भएको अवस्थामा समेत व्यक्तिगत स्वार्थ मिलाउन पाँचखालमा अधिकृत बासुदेव भेटवाल नै निमित्त भएर कार्यरत रहे। मण्डन देउपुरमा कार्यरत कार्यकारी अधिकृत सरुवा भइन्।

कर्मचारीहरूको असहयोग जनप्रतिनिधिहरूलाई पाईलैपिच्छे हुन थालेको अनुभूति भइरहेको जनप्रतिनिधिहरूले बताउन थालेका छन्। स्थानीय सरकारले साउन १ गतेदेखि आफ्नै कार्यक्रम शुरु गरिसकेका छन्। खानिखोला गाउँपालिकाले असार मसान्तका कारण समयमै सभा गर्न नसकेको बताएको छ।

# कोदालो प्रहारबाट मृत्यु

म्याग्दी, (नेस)

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-२ रुमको धुलाबाङमा श्रीमतीले श्रीमान्को हत्या गरेकी छिन्। मंगलबार राति धुलाबाङका शिव जिसीलाई उनकी श्रीमती रञ्जना जिसीले घरमै कोदालो प्रहारी गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

घरायसी विवाद हुँदा रञ्जनाले श्रीमान्लाई कोदालो प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक बसुन्धरा खड्काले बताउनुभयो। हत्या गरेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दरबाङबाट प्रहरी टोली घटनास्थल पुगी मृतकको शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पतालमा ल्याइएको उहाँले बताउनुभएको छ।

# करणी गरी हत्या गर्ने अभियुक्त पक्राउ

लक्ष्मीकुमार साह, महोत्तरी

महिलालाई जबरजस्ती करणी गरी हत्या गरेको आरोपमा महोत्तरी प्रहरीले सीतापुर भंगहाबाट तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा महोत्तरीको लोहारपटि गाउँपालिका-१ बस्ने बरुणकुमार यादव, सोही वडा बस्ने जिवरुल राईन कवारी र धनुषाको मैनाथपुर-४ माइती घर भई हाल महोत्तरीको सीतापुर भंगहा गाउँपालिका वडा नम्बर ९ बस्ने अमृतादेवी दास रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका एसपी राजकुमार लम्सालले बताए।

महोत्तरी जिल्लाको साबिक गाविस हरिहरपुर हरिनमरी वडा नम्बर ७ हालको भंगहा सितापुर गाउँपालिका वडा नम्बर ९ पोखरी टोल बस्ने लक्ष्मण दासकी ३५ वर्षीया शिलादेवी दासलाई २०७४ वैशाख १९ गते हत्या गरेको आरोपमा उनीहरूलाई पक्राउ गरी बुधबार पत्रकार सम्मेलन गरी प्रहरीले सार्वजनिक गरेको छ।

परिवारको आर्थिक अवस्था एकदमै दयनीय भएकाले मृतकका लोग्ने विगत १५ वर्षअघि वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा रहेको र हालसम्म घर नफर्केको स्थानीयहरूको भनाइ रहेको छ।

मृतक दासको परिवारमा १८ वर्षीय छोरा जितकुमार दास, छोरा बुहारी गीतादेवी दास र छोरी १५ वर्षीय जीताकुमारी दास रहेका छन्। गत २०७४ वैशाख १९ गते मंगलबार साँझ मृतक दास खाना खाइ आफ्नै घरमा सुतेकीमा भोलिपल्ट बिहान आफ्नै बारीमा मृत अवस्थामा फेला परेको प्रहरीले बताएको छ।

पक्राउ परेकी अमृतादेवी दासको पति ललित दासलाई छारे रोग भएकोले ८ वर्ष पहिला आगो लागी निजको शरीरको अगाडि भाग जलेकाले अमृता निजको घरमा नबसी भीमगढ गाउँमा बस्दै गर्दा अमृता र वरुण यादवबीच करिब २ वर्ष पहिलादेखि शारीरिक सम्बन्ध भएको र उसको माईतीमासमेत आउनेजाने गरेको तथा बिरामी पर्दा उपचारसमेत गर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

यता मृतक दासले उनीहरू दुईबीचको सम्बन्धका बारेमा थाहा भएपछि त्यसरी सम्बन्धमा नराख्न अमृतालाई उनीसंग सम्बन्ध नराख्नु भनी अमृतालाई सम्झाएको र निजले वास्ता नगरेको बताइएको छ। उनीहरूबीचको सम्बन्धका बारेमा अमृताले नै सबैलाई कुरा फैलाएको आरोप लगाउँदै उनलाई मार्ने योजना बनाएका थिए।

योजना बनाएलगत्तै उनीहरूले २०७४ वैशाख १९ गतेको राति ११ बजेको समयमा वरुणले मादक पदार्थ सेवन गरी अमृताको घरमा गई उनलाई उठाइ घरदेखि उतरपूर्व ४०० मिटर टाढा लगी जबरजस्ती करणी गरी हत्या गरेका थिए।

# 'विकास नसम्झँदा पराजय'

हेटौंडा, (नेस)

स्थानीय तह चुनावमा राप्रपा मकवानपुरले आफ्नो पक्षमा अप्रत्याशित नतिजा आएको बताएको छ। राप्रपा मकवानपुर सभापति तथा सांसद् गणेश थापाले बुधबार पत्रकार सम्मेलन गर्दै चुनावमा पार्टीले सोच्दै नसोचेको परिणाम आएको बताएका हुन्।

चुनावमा हार बेहोरे पनि अबको प्रान्तीय र केन्द्रीय चुनावका लागि तयारी थालिसकिएको बताउँदै उनले भने-आगामी दुई चुनावका लागि लागिपरेका छौं, त्यसमा राम्रो नतिजा ल्याएर देखाउने छौं। विशेषगरी हेटौंडा उपमहानगरमा पार्टीको 'आफ्नो भोट' पनि सुरक्षित गर्न नसकिएको उनको भनाइ छ।

गाउँमा विकास निर्माणदेखि सामाजिक काम द्रुतगतिमा अगाडि बढाइएको भन्दै उनले भने-मकवानपुरका गाउँगाउँमा सडक, विभिन्न भौतिक संरचना निर्माणलगायत सामाजिक काममा पनि उत्तिकै सक्रिय भइरहेको अवस्थामा पनि चुनाव हार्‍यौं। तापनि, जनताको सेवामा निरन्तर लागिपर्ने छौं।

गरिब परिवारका बिरामीलाई उपचार गर्नेदेखि भुकम्पमा मृत्यु भएका परिवारलाई सहयोग गर्ने शुरुआत नै आफूहरूले गरेको उनको दाबी छ। अबका दिनमा पनि पार्टी सामाजिक काममा क्रियाशील भएर लाग्ने अध्यक्ष थापाले बताए। 'समय निकै परिवर्तन भइसकेछ, हामी २५ वर्ष पहिलेको टेक्निक प्रयोग गर्दै चुनावमा गयौं र हार्‍यौं,' थापाले थपे। थापाले अब संगठन निर्माण र विस्तारसहित पार्टीलाई मकवानपुरको शान बनाउनेतर्फ लाग्ने बताए।

मकवानपुरमा हारपछि आफूले चुनौती मोल्दै पार्टी नेतृत्व गर्ने जिम्मा लिएको बताउँदै उनले आउँदो स्थानीय तह निर्वाचनमा राप्रपालाई मकवानपुरको पहिलो पार्टी बनाउने योजना रहेको बताए। जनताले आफूहरूले गरेको विकासलाई नसम्झँदा नराम्ररी पराजय भोग्नुपरेको दुखेसो गर्दै थापाले चुनावमा धेरै उपाय प्रयोग गर्नुपर्छ भन्ने पाठ सिकेको बताए।

आफूले ५ वर्षभित्र राप्रपालाई मकवानपुरको ठूलो दल बनाउने प्रतिवद्धतासहित कार्य थालनी गरेको भन्दै उनले राप्रपा चुनावमा पराजित भए पनि विकास निर्माणमा पहिलो दल भएको दाबी गरे। उनले राप्रपामा इमान्दार कार्यकर्ता भएको तर अरुले जालझेल गरेको भन्दै अब आफूहरू 'टेक्निक' सहित राजनीति गर्न अग्रसर हुने धारणा ब्यक्त गरे।

# डाक्टरको आन्दोलन स्थगित, युवाको शुरू

नेपाल समाचारपत्र

बाँके

माँ जानकी अस्पतालमा असार २८ गते भएको विवादलाई लिएर चिकित्सक संघले गरेको दुई दिने अस्पताल बन्द फिर्ता भएको छ।

कोहलपुरका नारायण भट्टराईको उपचारमा लापरबाही भएको भन्दै केही व्यक्तिहरूले डा. श्यामसुन्दर यादव र अस्पतालमा तोडफोड प्रयास गरेको विरोधमा चिकित्सकहरूले मंगलबार र बुधबार सरकारी तथा निजी अस्पताल बन्द गरेका थिए। दुई दिन अस्पताल बन्द हुँदा सयौं विरामी मर्कामा परेका छन्।

चिकित्सकको दबाबपछि प्रहरीले पाँच जनालाई सार्वजनिक मुद्दा चलाएको छ। तीमध्ये महेश खतिवडा र सन्दिप सिंहलाई पक्राउ गरिएको छ। 'दुई जनालाई पक्राउ गरिएको र प्रहरी प्रशासनले अरुलाई पनि पक्राउ गरेर कारबाही प्रक्रिया अघि बढाउँछु भनेपछि हामीले आन्दोलन फिर्ता लिएका छौं,' नेपाल चिकित्सक संघ, भेरीका सचिव डा. आरके झाले भन्नुभयो।

चिकित्सकले आन्दोलन फिर्ता लिन नपाउँदै अनाहकमा पाँच जनाविरुद्ध मुद्दा चलाएको र दुई जनालाई पक्राउ गरेको विरोधमा एमाले समर्थित युवाहरूले आन्दोलन थालेका छन्। बुधबार अपरान्ह पाँचदेखि ६ बजेसम्म कोहलपुरको चौराहा र नेपालगन्जको वीपीचोकमा बसेर युवाहरूले चक्काजाम गरेका थिए। एकजना पीडितको चिकित्सकको लापरबाहीले खुट्टा काट्ने अवस्था आएपछि किन यस्तो भयो भनेर गएको समूहलाई नै मुद्दा चलाएको विरोधमा हामीले चक्काजाम गरेका हौं, भोलिसम्म मुद्दा फिर्ता नभए पर्सीदेखि चरणबद्ध आन्दोलन गर्छौं, युवा नेता मोहित शाहले भन्नुभयो।

माँ जानकी अस्पतालमा आवश्यक सेवा सुविधा नभएपछि त्यसको बैधानिकतामा प्रश्न उठाइएको थियो। खुट्टा काटिएका बिरामीका तर्फबाट ५० लाख क्षतिपूर्ति, १५ लाख औषधिउपचार खर्च र आजीवन भरणपोषणको माग गर्दै जिल्ला प्रशासनमा डा. यादव र माँ जानकी अस्पतालविरुद्ध जाहेरी परेपछि चिकित्सक संघले हतारमा आफूहरूमाथि गलत मनसायले मुद्दा दर्ता गरेको कुश्माखर बस्यालले दावी गर्नुभयो।

चिकित्सकको आन्दोलनले बिरामी मर्कामा पर्ने र सडकमा भएका युवाका आन्दोलनले सर्वसाधारण आमजनता पीडित हुने अवस्था आएको छ। दुवै प्रकारका आन्दोलनलाई सदाका लागि अन्त्य गर्नुपर्नेमा आमनागरिकको एक्यबद्धता रहेको छ।

# जुम्लाका जनप्रतिनिधि भन्छन् : 'कर्मचारीतन्त्र मौलायो'

नेपाल समाचारपत्र

जुम्ला

जुम्लाका नवनिर्वाचित जनप्रतिनिधिहरूले कर्मचारीतन्त्र कायम रहेको बताएका छन्। आफ्नो काम, कर्तव्य र अधिकारका लागि स्थानीय तह संचालनसम्बन्धी कार्यविधि नबनेपछि अहिले कर्मचारीहरूले नै काम गरिरहेको भन्दै जुम्लाका जनप्रतिनिधिहरूले जिल्लामा कर्मचारीतन्त्र कायम रहेको बताएका हुन्।

जिल्ला सदरमुकाममा सम्पन्न भएको नागरिक सम्वाद कार्यक्रममा बोल्दै उनीहरूले कार्यविधि नबन्दा कार्य सम्पादनमा समस्या भइरहेको भन्दै जनप्रतिनिधिको काम पनि कर्मचारीहरूले नै गर्नुपरेको गुनासो गरेका थिए।

राज्यले स्थानीय तहलाई अधिकार सम्पन्न बनाए पनि त्यो सबै लिखित अधिकारमा मात्र कायम रहेको भन्दै ब्यवहारमा केन्द्रीकृत सत्ता र कर्मचारीतन्त्रको अन्त्य नभएको जनप्रतिनिधिको दावी छ।

चन्दननाथ नगरपालिका जुम्लाका मेयर कान्तिका सेजुवालले जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध सुमधुर बनाउनुपर्नेमा जोड दिँदै कर्मचारीतन्त्र अन्त्य हुनुपर्ने तर्क गर्नुभयो।

कर्मचारीले जनप्रतिनिधिको स्तर मापन गर्न नमिल्ने भन्दै मिलेर काम गर्ने वातावरण सृजना गर्न सबैलाई अपिल गर्नुभयो।

जनताको सेवाका लागि जुनसुकै समयमा जनप्रतिनिधि तयार हुनुपर्दछ र हामी हुँनेछौं। चन्दननाथ नगरपालिकाले ल्याएको नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा जोड दिन सबैलाई अनुरोध गर्दै कार्यान्वयनमा जोड दिए विकास टाढा नरहेको उहाँको भनाइ छ।

उपमेयर अप्सरादेखि न्यौपाने महतले नव निर्वाचित जनप्रतिनिधिमध्ये सबै उपप्रमुखहरू कामविहीन भएको दाबी गर्नुभयो। उपप्रमुखलाई न्यायलयजस्तो मुख्य भूमिकामा जिम्मेवारी दिए पनि कार्यविधि नबन्दा आफूहरूले कुनै कार्य सम्पादन गर्न नसकेको उहाँले प्रष्ट पार्नुभयो।

गोठिचौर गाँउपालिकाका अध्यक्ष हरिबहादुर भण्डारीले ऐन, कानुनका विषयमा राज्यले जनप्रतिनिधिलाई तालिम, गोष्ठीमार्फत जानकारी दिनुपर्ने बताएका छन्। तातोपानी गाँउपालिकाकी उपप्रमुख गंगादेवी उपाध्यायले सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापनमा जोड दिनुपर्ने भन्दै कार्यालय छोडी बजारमा बस्ने कर्मचारीलाई नियमनमा ल्याउन आवश्यक रहेको बताउनुभयो।

# मध्यपहाडी लोकमार्ग कालोपत्रे गुणस्तरहीन

खोटाङ, (नेस)

कालोपत्रेको काममा ढिलाइ तथा अत्यन्त गुणस्तरहीन भएकोमा चरम जनगुनासो आइरहेको मध्यपहाडी लोकमार्गअन्तर्गत खोटाङको दिक्तेल-हलेसी सडक खण्डमा निर्माण गरिएको ड्रेन वर्षाका कारण भत्किएका छन्।

उक्त सडक खण्डको कारागार, मुढे र नुनथला आसपासका सडकको कुनामा निर्माण गरिएको ड्रेन वर्षाका भेलका कारण कामै नलाग्ने गरी भत्किएको पाइएको छ।

कामको जिम्मा लिएका मुख्य ठेकेदारले बढी नाफा कमाउने उद्देश्यले काम गर्दा र विभिन्न पेटी ठेकेदारलाई कामको जिम्मा दिँदा कालोपत्रेको काम गुणस्तरहीन भएको स्थानीय गोपालचन्द्र आचार्यले बताउनुभयो।

सडकका अधिकांश ड्रेन, पर्खाल, नाली र डिलमा बनाइएका पिलरलाई कोट्याउँदा सहजै कोटिने, चोइटिने र धुलो झर्ने गरेको स्थानीयको भनाइ छ।

सिमेन्ट र बालुवाबाट बनाइएका पर्खाललाई क्युरिङ अर्थात नियमित पानीले नभिजाउँदा सडकको संरचना कमजोर बनेको स्थानीयको दाबी छ। ३ वर्षभित्र कालोपत्रेको काम पूरा गर्ने गरी २०७१ साउन अन्तिम साता शुरु गरिएको दिक्तेल-हलेसी सडक कालोपत्रेका कामको म्याद अघि नै सकिएको छ।

# दृष्टिविहीनलाई पक्की घर वितरण

नेपाल समाचारपत्र

राजविराज

जन्मैदेखि झुप्रोमा कस्टकर जीवन बिताउँदै आएका सप्तरीको डाकनेश्वरी नगरपालिका-८ प्रवाहपट्टि टोलका दृष्टिविहीन शिवशंकर परिवारमा खुसीयाली छाएको छ। उनको छेवैमा रहेका अर्का दृष्टिविहीन शम्भु मण्डलको परिवार पनि खुसीले गद्गद् छ।

झुप्रोमा कष्टकर जीवन बिताउँदै आएको अर्को दृष्टिविहीन परिवार लक्ष्मण मण्डलको पनि खुसीको सिमा छैन। एकातिर पूरै परिवार दृष्टिविहीन अर्कोतिर झुप्रोको वासले गर्मीमा आगलागी र वर्षा याममा बाढीको त्रासमा बाँच्नुपर्ने उनीहरू बुधबार पक्किको नयाँ घर पाएपछि यसरी खुसीले गद्गद् भएका हुन्।

उनीहरूको कष्टकर जीवन शैलीलाई ध्यानमा राख्दै दृष्टिविहिन आवास निर्माण परियोजनाअन्तर्गत जिग्री पाँडे प्रतिष्ठानले ३१ लाख ७० हजार ८ सय ७५ रुपियाँको लागतमा उनकै जन्मस्थानमा शौचालयसहितको ३ वटा पक्कि घर बनाइ हस्तान्तरण गरिदिएपछि दृष्टिविहीन परिवारमा खुसीयाली ल्याएको हो।

हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि सीडीओ कृष्णबहादुर कटुवाल र हाँस्य कलाकार सिताराम कट्टेल (धुर्मुस) ले दृष्टिविहीन परिवारलाई घरको साँचो हस्तान्तरण गरी उद्घाटन गरेपछि आयोजित कार्यक्रममा जिग्री पाँडे प्रतिष्ठानका अध्यक्ष कुमार कट्टेल जिग्रीले दृष्टिविहीन परिवारको कष्टकर जीवनशैली बारे विभिन्न संचारमाध्यममा खबर आएपछि आफूले सहयोगको हात अघि बढाएको र आज भवन हस्तान्तरण गर्न पाउँदा निकै आत्मसन्तुष्टि मिलेको बताए।

संजोगवस उनको जन्मदिन पनि बुधबारै परेको थियो। दृष्टिविहीन परिवारलाई घर हस्तान्तरण कार्यक्रमस्थलमै केक काटेर आफ्नो जन्मदिन मनाएका उनले भने-'जन्मदिनमा यस्तो उपहार अर्पण गर्ने अवसर पाउँदा खुसीको सिमा छैन।'

उनले दृष्टिविहीनका लागि भवन वनाउन प्रतिष्ठानले विभिन्न कार्यक्रम गरी जुटकाएको १८ लाख ५१ हजार ६४ रुपियाँ लगानी गरिएको जानकारी पनि दिए।

यसै गरी भवन बनाउन गरिब असहाय क्षेत्रमा काम गर्ने युवा सामाजिक अभियन्ता रमेशप्रसाद साहले ७ लाख १७ हजार ६ सय र सप्तरी युथ नेपालले २८ हजार रुपियाँ सहयोग उपलब्ध गराएको उनको भनाइ थियो।

भवन हस्तान्तरण कार्यक्रममा हाँस्य कलाकारहरू सागर लम्साल (बले), अर्जुन घिमिरे (पाँडे) लगायतले पनि दृष्टिविहीन असाहाय परिवारलाई सुरक्षित वासका लागि भवन उपलब्ध गराएर प्रतिष्ठानले देशप्रतिको उत्तरदायित्व निर्वाह गरेको बताएका थिए।

## तत्काल...

कांग्रेस नेता पौडेल निकट स्रोतले जानकारी दिएअनुसार पौडेल र सिंहको तर्फबाट नेताहरू बलवहादुर केसी, रामकृष्ण यादव, किरण यादव र सरिता प्रसाईं मध्यबाट एक, धनराज गुरुङ र राजन केसी मध्ये एकलाई मन्त्री बनाउने तयारी गरेका छन् भने महामन्त्री कोइरालाको तर्फबाट दीपक खड्का तथा दीपक गिरी मध्ये एकलाई मन्त्री बनाउने तयारी भइरहेको छ। कृष्णप्रसाद सिटौला पक्षबाट भीमसेनदास प्रधान र खुमबहादुर खड्काको पक्षबाट मोहनबहादुर बस्नेतलाई मन्त्री बनाउने तयारी भइरहेको छ। खड्का र बस्नेत दुवै पार्टीभित्र देउवा पक्षका हुन्। देउवा गुटका खड्काको कांग्रेसभित्र छुट्टै उपगुट रहेको छ।

कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवालाई आफ्नो पक्षबाट मन्त्रीमा थुप्रै नेताहरूलाई समेट्न दबाब छ। देउवा पक्षबाट वीरबहादुर बलायर, मीन विश्वकर्मा, अम्बिका बस्नेत, अर्जुन जोशी, अमृत अर्याल, भीष्मराज आम्दम्बे, बहादुरसिंह लामा, सीता गुरुङ, सुजाता परियारलगायतको नाम चर्चामा रहेको छ। केहीलाई फुल मन्त्री र केहीलाई राज्यमन्त्री बनाएर भए पनि सबैलाई समेट्ने तयारी प्रधानमन्त्री देउवाले गर्नुभएको छ। देउवा निकट नेतृ चित्रलेखा यादवले मोख्तार अहमदलाई मन्त्री बनाउन सिफारिस गरेको प्रधानमन्त्री निकट स्रोतले नेपाल समाचारपत्रलाई जानकारी दिएको छ।

मन्त्रिपरिषद् विस्तारको तयारी बारे प्रधानमन्त्रीका प्रेस संयोजक गोविन्द परियाले नेपाल समाचारपत्रसंग कुरा गर्दै भन्नुभयो- प्रधानमन्त्रीले तत्काल मन्त्रिमण्डल विस्तार गर्ने तयारी गर्नुभएको छ। अहिले राप्रपा, राजपा लगायत अन्य साना दललाई पनि सरकारमा सहभागी गराउने प्रयास भइरहेकोले मन्त्रिमण्डल विस्तारमा केही ढिलाइ भएको संयोजक परियारको भनाइ थियो।

## डीएसपी...

कारवाही गर्नुपर्ने डीएसपीलाई पुरस्तृत गरेको भन्दै प्रहरीको आलोचना भएपछि गृहमन्त्री शर्माले बढुवा गर्न सिफारिस गरेको डीएसपी शर्मालाई तत्काल निलम्बन गरी कारवाही गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिनुभएको थियो।

गृह मन्त्री शर्माले फेसबुक पेजमा लेख्नुभएको छ- 'सामाजिक सञ्जाल तथा सञ्चार माध्यमले डीएसपी सञ्जिव शर्मा दासबारे उठाउनुभएको प्रश्नले बढुवा गर्दा त्रुटिपूर्ण निर्णय सच्याउन मद्दत पुग्यो। सबैमा हार्दिक धन्यवाद। सञ्जिव शर्मा बारे थप अनुसन्धान गर्न गरी निलम्बन गर्न निर्देशन दिएको जानकारी गराउछु।'

साँढे पाँच वर्ष अघिदेखि फरार अभियुक्त मुख्य अभियुक्त श्याम राउतलाई रामेछापका प्रहरी प्रहरी प्रमुख डीएसपी कुमोध ढुंगेलको सक्रियतामा एक महिना अघि नेपाल भारतको सीमाबाट पक्राउ गरेर प्रहरीले सार्वजनिक गरेको थियो।

अभियुक्त पक्राउ गरेरे सार्वजनिक गर्ने क्रममा सुन्तली तामाङकी आमा डिल्लीमाया तामाङले तत्कालीन डीएसपी शर्माको कारण आफ्नो धन सम्पत्ति सिधिनुका साथै न्याय पाउन पाँच वर्ष कुर्न परेको गुनासो गर्नुभएको थियो। त्यसलगत्तै मध्य क्षेत्रीय प्रहरी कार्यालय हेडौडाका प्रहरी प्रमुख गणेश केसीले छानबिन समिति बनाएर घटनाको छानबिन गर्दै विभागिय कारवाही गर्न एक साताअघि प्रहरी प्रधान कार्यालयमा सिफारिस गर्नुभएको थियो।

सुन्तली तामाङ हत्याकाण्डमा दोषी भएको भन्दै घटना घटेको साढे पाँच वर्षपछि प्रहरीले १२ जनालाई कारवाही प्रक्रिया अगाडि बढाएको छ। डीएसपी शर्मा हाल क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीमा कार्यरत थिए। गृहमन्त्रीको निर्देशन अनुसार डीएसपी शर्मालाई निलम्बन गर्ने निर्णय भएको प्रहरी प्रवक्ता सर्वेन्द्र खनालले नेपाल समाचारपत्रलाई बताउनुभयो।

पीडित सुन्तली तामाङले दोषी डीएसपी सञ्जिव शर्मा दासलाई निलम्ब गरेर आफूलाई न्याय दिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'साढे पाँच वर्षपछि छोरीको हत्यारा पत्ता लगाएर प्रहरीले मलाई न्याय दियो, अब डीएसपी शर्मालाई पनि कडा कारवाही गरेर हामीलाई न्याय प्रदान गरोस।'

प्रहरी प्रधानकार्यालयले डीएसपी दासलाई एसपीमा बढुवा गर्न सिफारिस गरेको निर्णय बदर गरेर निलम्बन गर्न दिर्नेशन दिएपछि तामाङले गृहमन्त्री जनार्दन शर्मालाई धन्यवाद दिनुभयो। उहाँले भन्नुभयो- 'गलत काम गर्नेले ढिलोचाँडो सजाय भोग्नुपर्छ, यो देशमा अब गरिबले पनि न्याय पाउँछन् भन्ने आशा पलाएको छ।'

# अर्थ

अनलाइन आस्वा प्रणालीमार्फत शेयर आवेदन, पूर्णतया अनलाइन खाता खोल्न सकिने सुविधा तथा छिटो छरितो कर्जा स्वीकृतीको लागि स्कोर कार्ड मोडेल लागु गर्ने प्रक्रियाअन्तिम चरणमा रहेको बैंकले जनाएको छ।

2017, JULY
Thursday
20

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि | ८-३२ मि.मि | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७६.३५ | ७७.८५ | ७७.३५ | ८३.२२ |
| वीरगंज | ७६.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७५.४५ | ७६.९५ | ७५.७५ | ८२.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७५.९५ | ७६.४५ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी • अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa (01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन ४ जुलाई १९ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।७० | १०३।३० |
| युरो १ का रु. | ११७।५७ | ११८।२६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।३० | १३५।०८ |
| स्विस फ्रन्क १ का रु. | १०६।५३ | १०७।१५ |
| अस्ट्रेलियन डलर १ का रु. | ८०।२० | ८०।६७ |
| क्यानाडियन डलर १ का रु. | ८१।०७ | ८१।५४ |
| सिङ्गापुर डलर १ का रु. | ७४।९७ | ७५।४१ |
| जापानी यन १० का रु. | ९।१२ | ९।१८ |
| चिनियाँ युआन १ का रु. | १५।१७ | १५।२६ |
| साउदी अरब रियाल १ का रु. | २७।३८ | २७।५४ |
| कतारी रियाल १ का रु. | २८।२० | २८।३७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०५ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।९६ | २८।१२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९५ | २४।०९ |
| दक्षिण कारियन वन १०० का रु. | ९।१० | ९।१५ |

**खरिद दर**

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रु. | १२।३२ |
| डनिस क्रोनर १ का रु. | १५।८१ |
| हङकङ डलर १ का रु. | १३।१६ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# नेप्सेमा पहिलो पटक गिरावट

**नेपाल समाचारपत्र**
काठमाडौं

नयाँ आर्थिक वर्षसँगै उर्लिएको शेयर बजारमा बुधबार सामान्य गिरावट आएको छ। नयाँ आर्थिक वर्ष २०७४/७५ को शुरुवातदेखि नै लगातार तीन दिन बढेको नेप्से परिसूचकमा चौथो दिन बुधबार भने सामान्य करेक्सन देखिएको हो।

आर्थिक वर्ष २०७४/७५ मा पहिलो पटक घट्ने क्रममा तीन दिन निरन्तर उकालो लागेको नेप्से बुधबार १ दशमलव १४ अंकले ओरालो लाग्यो। परिसूचकमा सोमबार २० र मंगलबार ३४ अंकभन्दा बढीको सुधार आएको थियो।

बुधबार १ हजार ६ सय ३८ दशमलव ४१ अंकबाट सुरु भएको बजारमा आरोह तथा अबरोहपछि आउँदा अन्ततः बजार परिसूचक १ हजार ६ सय ३७ दशमलव २७ अंकमा रोकियो। बुधबार शेयर बजार सुरुको ५० मिनेट १४ अंकले बढेको थियो तर त्यसपश्चात बजारले गति लिन नसक्दा बजार अन्ततः नकारात्मक देखियो।

बुधबार 'क' वर्गको मापन गर्ने सेन्सेटिभ इन्डेक्स भने सकारात्मक रह्यो। यसक्रममा इन्डेक्स शून्य दशमलव शून्य २ अंकले बढेर ३ सय ४७ दशमलव ६५ को बिन्दुमा पुगेको छ।

बजार परिसूचक समग्र रुपमा घटेपनि बुधबार कारोबार भने १ अर्बमाथिको भयो। बुधबार बजारमा १ अर्ब १८ करोड ३१ लाख ८६ हजार १ सय ४६ रुपियाँको कारोबार भए। यसक्रममा ९ हजार ९ सय ७५ कारोबारमार्फत १ सय ५५ कम्पनीका १६ लाख ९२ हजार १ सय ७० कित्ता शेयर खरिद बिक्री भएका छन्। अघिल्लो दिनपनि बजारमा १ अर्ब २२ करोड हाराहारीको कारोबार भएको थियो।

शेयर परिसूचक घट्दा बुधबार कारोबारमा आएका ८ मध्ये २ समूहका परिसूचकमा सुधार आए। बढ्नेमा बीमा समूह ५१ दशमलव ९६ र होटल समूह १० दशमलव ३४ अंकले बढेका छन्। गिरावटमा आउनेमध्ये वित्त समूह सर्वाधिक वित्तीय समूह ७ दशमलव शून्य ९ अंकले घट्यो।

त्यस्तै विकास बैंक समूहको परिसूचक ४ दशमलव ७१ अंकले ओरालो लाग्यो। जल विद्युत, बैंकिङ र उत्पादन मुलक समूह पनि क्रमशः ३ दशमलव १९, २ दशमलव ७७ र २ दशमलव ६४ अंकले ओरालो लाग्यो। अन्य समूहको परिसूचकमा पनि शून्य दशमलव ५८ अंकको गिरावट आयो।

मंगलबारझैं बुधबार पनि बीमा कम्पनीको कारोबार उच्च रह्यो। बुधबार उच्च कारोबार गर्ने १० मध्ये ६ वटा बीमा कम्पनी रहे। बुधबार बीमा समूहमा पर्ने नेको लाइफ इन्स्योरेन्स र नेपाल लाइफ इन्स्योरेन्सका क्रमशः ७ करोड ३३ लाख र ७ करोड २४ लाखको कारोबार भए। नेको लाइफ इन्स्योरेन्सले बुधबार मात्रै पुँजी वृद्धिका लागि ५० प्रतिशत हकप्रद निष्काशन गर्ने घोषणा गरेको थियो।

बीमा कम्पनीहरूले हकप्रद र बोनसमार्फत् आफ्नो चुक्ता पुँजी वृद्धि गर्ने योजना बीमा समितिमा पेस गरेको खबर सार्वजनिक भएपछि लगानीकर्ता बीमा कम्पनीतर्फ आकर्षित भएका हुन्। बीमा समितिले पुँजी वृद्धिको योजना माग गर्दा अधिकांशले हकप्रद र बोनस वितरण गर्ने प्रस्ताव पेश गरेका छन्।

बुधबार अपि पावर कम्पनीका लगानीकर्ताले सर्वाधिक कमाए। पूँजी वृद्धिका लागि २ सय प्रतिशत हकप्रद निष्काशन गर्न लागेको खबर आउँदा कम्पनीको शेयर मूल्य ९ दशमलव ९६ अंकले बढेको हो। बुधबार सिनर्जी फाइनान्सका लगानी कर्ताले सर्वाधिक ४ दशमलव ९ प्रतिशत गमाए।

## सुनको भाउ बढ्यो, चाँदी स्थिर

काठमाडौं, (नेस)

नेपाली बजारमा बुधबार सुनको भाउ प्रतितोला एक सय रुपैयाँ बृद्धि भएको छ। आज बजारमा सुन प्रति तोला ५३ हजार ८ रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। अघिल्लो दिन पनि प्रतितोला २ सय रुपैयाँ बढेको थियो।

बुधबार बजारमा चाँदीको भाउ भने स्थिर छ। चाँदी प्रतितोला ७ सय २५ रुपैयाँमा कारोवार भइरहेको छ। अघिल्लो दिन पनि चाँदीको भाउ प्रति तोला ७ सय २५ रुपैयाँ नै थियो।

## शर्माको मुद्दा यथास्थितिमा राख्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)



सर्वोच्च अदालतलेआन्तरिक राजश्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मा विरुद्धको विशेष अदालतमा दायर भएको भ्रष्टाचार मुद्दालाई यथास्थितिमा राख्न आदेश दिएको छ।

न्यायाधीश चोलेन्द्रशमशेर जवरा र प्रकाश राउतको संयुक्त इजलासले बुधबार शर्माको विशेष अदालतको मुद्दालाई यथास्थितिमा राखी सो मुद्दालाई पूर्ण इजलासमा पठाउने आदेश दिएको सर्वोच्च अदालतमा प्रवक्ता महेन्द्रनाथ उपाध्यायले जानकारी दिनुभयो।

प्रवक्ता उपाध्यायले शर्माको मुद्दामा गम्भीर कानुनी जटिलता देखापरेको हुनाले सो मुद्दालाई पूर्ण इजलासमा पठाउने आदेश दिएको बताउनुभयो। शर्माका श्रीमती कल्पना उप्रेतीले विशेष अदालतलाई विपक्षी बनाई गत असार २७ गते गैरकानुनी रूपमा थुनामा राखेको भन्दै रिहाइको माग गरी बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो।

शर्मालाई विशेष अदालतले पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएपछि अहिले उनलाई थुनामा राखिएको छ। शर्मा विरुद्ध एनसेलको स्वामित्व बिक्री हुँदा पुँजीगत लाभकर नउठाई एनसेललाई उन्मुक्ति दिएको, कर फछ्र्यौट आयोगको सदस्य-सचिवसमेत रहनुभएका शर्मामाथि रु २१ अर्ब बराबरको रकम कर मिनाहा गर्न भूमिका खेलेकोलगायत आरोप लगाइएको छ।

## एनआईसी एसिया २०औं वर्षमा प्रवेश

काठमाडौं, (नेस)

एनआईसी एशिया बैंकले १९ बर्ष पुरा गरी २०औं वर्षमा प्रवेश गरेको छ। बैंक पनि साथी पनि भन्ने मुल मन्त्रका साथ अघि बढी रहेको बैंकले नेपालको ग्रामिण तथा दुर्गम क्षेत्रमा समेत आषनो पहुँच अभिवृद्धि गर्दै आएको छ।

बैंकका हालसम्म १ सय १९ वटा शाखा कार्यालय, ४ विस्तारित काउण्टर, ७० एटीएम तथा ४ हजार रेमिट्यान्स काउण्टर लगायतको सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ। रिरहेको छ। शाखा विस्ताको लागि बैंकले चालु आर्थिक वर्ष भित्र शाखा संख्या २ सय भन्दा बढी, ए टी एम संख्या ४ सय भन्दा बढी, शाखा रहित बैंकिङ सेवा ४ सय भन्दा बढी, पिआयस संख्या २ हजार भन्दा बढी तथा रेमिट्यान्स पेआउट एजेन्ट संख्या १० हजार भन्दा बढी कायम गर्नेछ।

## बिरामी कामदारका लागि छुट्टै कक्ष बनाउन निर्देशन

काठमाडौं, (नेस)

श्रम तथा रोजगारमन्त्री फरमुल्लाह मंसुरले वैदेशिक रोजगारीमा जान लागेका तथा फर्कने कामदारलाई सहजताका लागि आवश्यक व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम कक्षको निरीक्षण गर्दै उहाँले सो निर्देशन दिनुभएको हो।

वैदेशिक रोजगारीबाट अङ्गभङ्ग भई तथा बिमार भई फर्केका कामदारलाई विमानस्थलमा सहज रुपमा आउन र बस्नका लागि छुट्टै कोठाको व्यवस्था गर्न, त्यस्ता कामदारलाई मनोपरामर्श दिई सुरक्षित गृह वा आफन्तसम्म लैजान सवारीसधानको व्यवस्था गर्नका लागि आवश्यक व्यवस्था मिलाउन पनि उहाँले निर्देशन दिनुभयो।

त्यसका लागि नागरिक उडड्यन प्राधिकरण, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र श्रम मन्त्रालयबीच समन्वय गरी सहयोगी कक्ष स्थापना गर्नुपर्ने पनि उहाँले बताउनुभयो।

यस्तै, मृतक कामदारको शव ल्याउन र घरसम्म लैजान सवारीसाधनको व्यवस्थाका लागि विमानस्थलमा सहयोगी कक्ष स्थापना गर्न, वैदेशिक रोजगारीका लागि प्रयोग गरिएको अनलाइन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोडदिनुभयो।

## कर फिर्ता गर्न चेम्बरको माग

काठमाडौं, (नेस)

नेपाल चेम्बर अफ कमर्सले काठमाडौं महानगरपालिकाले बढाएको विभिन्न शीर्षक अन्तर्गतको कर तत्काल फिर्ता लिनुपर्ने माग गरेको छ। 'बजेट बनाउने क्रममा निजी क्षेत्रको संलग्नता विनानै कर, जरिवाना जस्ता विषय बढाइएकाले त्यस्तो निर्णय तत्काल फिर्ता लिन चेम्बरले महानगरसँग माग गरेको हो।

महानगरपालिकाले हालै पारित गरेको आर्थिक वर्ष २०७४/७५ को आर्थिक ऐन, २०७४ ले महानगरमा स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलनमा कर वृद्धिको निर्णय गरेको थियो। स्थानीय तहले आषनो कार्यक्षेत्रभित्र परिचालन गर्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गर्न राजस्व परामर्श समितिमा निजी क्षेत्रका प्रतिनिधि समेत सम्मिलित हुनुपर्ने नीतिगत व्यवस्था हुँदाहुँदै महानगरपालिकाले एकलौटी र अप्रत्यासित रुपमा कर वृद्धि गरेको चेम्बरद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ।

महानगरले बढाएको व्यवसाय कर वृद्धिबाट काठमाडौंमा मूल्यवृद्धि हुन गई जनता समेत मारमा पर्ने जनाएको छ।

## हुलाकी राजमार्ग निर्माणका लागि २४ करोड अनुदान

काठमाडौं, (नेस)

हुलाकी राजमार्गको निर्मागका लागि भारत सरकारले नेपाल सरकारलाई करिब २४ करोड रुपियाँ आर्थिक सहयोग गरेको छ। भारतले राजमार्ग निर्माणका लागि भन्दै पहिलो चरणमा कुल लागत बजेटको २५ प्रतिशतमध्ये परिचालनका निम्ति त्यसको १० प्रतिशत अनुदान रकम नेपाल सरकारलाइ हस्तान्तरण गरेको हो।

बुधबार सिहंदरवारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आयोजित कार्यक्रममा भारतीय राजदूत मन्जिव सिंह पुरीले मन्त्रालयका सचिव देवेन्द्र कार्कीलाई २३ करोड ७३ लाख ८८ हजार ७ सय ६२ नेपाली रुपियाँको चेक हस्तान्तरण गर्नु भएको हो। नेपाल र भारत सरकारबीच हुलाकी राजमार्ग अन्तरगतको १० वटा सडक निर्माण भारत सरकारले गर्ने समझदारी भएको थियो।

भारत सरकारले हुलाकी राजमार्ग अन्तरगतको १० वटा सडक निर्माणका लागि २५ प्रतिशत रकम अग्रिम भुक्तानी सहित सहयोग गरेकोमा धन्यवाद व्यक्त गदै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव कार्कीले समय सिमाभित्रै काम सकिनेमा विश्वास व्यक्त गर्नुभएको थियो। भारतीय राजदूत सिंहले पनि नेपालको विकासमा लगानी गर्न सँधै तत्पर रहेको बताउँदै हुलाकी राजमार्ग अन्तरगतका १० वटा सडक निर्माणका लागि सहकार्य गर्ने अवसर पाएकोमा भारत सरकार खुसी रहेको बताउनु भयो।

हुलाकी राजमार्गको माइस्थान-गौशालाबजार र वीरेन्द्रबजार-महिनापुर, जनकपुर-यदुकवा रोड, मनमाट कलैया-मतिरवा सडकको लागि पहिलो चरणमा सहयोग गरेको हो। भारत सरकारले हुलाकी राजमार्ग निर्माणको लागि अनुदान सहयोगमा कुल ८ अर्ब रुपिया सहयोग गर्ने जनाएको छ। भारतको आर्थिक सहायतामा बन्ने १० वटा सडक मध्ये ९ वटाको ठेक्का दिने काम सम्पन्न भएको र बाँकी १ वटाको पनि ठेक्का दिने प्रक्रिया सुरु भइसकेको मन्त्रालयले बताएको छ।

त्यस्तै पहिलो चरणमा भारतीय कम्पनीले ६ सय किलोमिटर निर्माण सम्पन्न गर्ने भनिएको हुलाकी राजमार्गको ६७ किलोमिटर मात्र पूरा भएको छ। पहिलो चरणको प्याकेजअन्तर्गत हालसम्म लम्की, टीकापुर, खत्रौला र सती भजनी सडकको मात्र निर्माण कार्य पूरा भएको हुलाकी राजमार्ग निर्देशनालयका सिनियर डिभिजनल इन्जिनियर अर्जुन सुवालले जानकारी दिनुभयो। अन्य सडकको पनि ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ।

महेन्द्र राजमार्गको समानान्तर हुने गरी भारतीय सिमा क्षेत्रको नजिकबाट निर्माण गर्ने भनिएको राजमार्गले तराईका सबै जिल्लालाई छुन्छ।

हुलाकी राजमार्गको १ हजार ७ सय ९२ दशमलव ४२ किमि सडकमध्ये दोस्रो चरणमा निर्माण हुने ७ सय ७६ दशमलव ४ किमि सडकको टेन्डर प्रक्रिया सम्पन्न भएर निर्माण सुरु भइसकेको छ। यस राजमार्गको बिरगंज-थोरी सडकखण्डको डिपिआर मूल्यांकन पनि अन्तिम चरणमा छ। त्यसमध्ये चितवनमा पर्ने २० किमि भागमा भने चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण डिपिआर गर्न सकिएको छैन।

## SHARE MARKET

19 JULY WEDNESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 21239.00 | 470.00 | 460.00 | 460.00 | -12.00 |
| 2 | Api Power Company Ltd. | 27032.00 | 618.00 | 562.00 | 618.00 | 56.00 |
| 3 | Arun “inance Limited | 9995.00 | 226.00 | 215.00 | 216.00 | -1.00 |
| 4 | Arun Kabeli Power Ltd. | 10705.00 | 435.00 | 417.00 | 417.00 | -17.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 6581.00 | 283.00 | 274.00 | 280.00 | -4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 10115.00 | 1565.00 | 1525.00 | 1530.00 | -24.00 |
| 7 | Bank of Kathmandu Ltd. | 23422.00 | 480.00 | 465.00 | 470.00 | -6.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 480.00 | 260.00 | 250.00 | 260.00 | 0.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 2922.00 | 315.00 | 306.00 | 310.00 | 5.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 110.00 | 6420.00 | 6300.00 | 6400.00 | 195.00 |
| 11 | Butwal Power Company Limited | 1873.00 | 640.00 | 625.00 | 640.00 | 14.00 |
| 12 | Central “inance Co. Ltd. | 830.00 | 199.00 | 196.00 | 196.00 | -4.00 |
| 13 | Century Commercial Bank Ltd. | 29680.00 | 285.00 | 279.00 | 280.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 3190.00 | 1610.00 | 1580.00 | 1580.00 | -19.00 |
| 15 | Chilime Hydropower Company Limited | 4393.00 | 826.00 | 810.00 | 813.00 | -11.00 |
| 16 | Citizen Bank International Limited | 24167.00 | 412.00 | 403.00 | 412.00 | 3.00 |
| 17 | Citizen Investment Trust | 479.00 | 4035.00 | 3920.00 | 3920.00 | -60.00 |
| 18 | Civil Bank Ltd | 48181.00 | 272.00 | 261.00 | 264.00 | -6.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 775.00 | 1325.00 | 1300.00 | 1320.00 | 15.00 |
| 20 | Deprosc Development Bank Limited | 6140.00 | 1365.00 | 1328.00 | 1328.00 | -27.00 |
| 21 | Deva Bikas Bank Limited | 21251.00 | 281.00 | 273.00 | 275.00 | -1.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 183.00 | 210.00 | 206.00 | 210.00 | 5.00 |
| 23 | Everest Bank Limited | 15048.00 | 1400.00 | 1377.00 | 1393.00 | 18.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 646.00 | 902.00 | 850.00 | 884.00 | -36.00 |
| 25 | Everest Insurance Co. Ltd. | 5774.00 | 2550.00 | 2456.00 | 2504.00 | 29.00 |
| 26 | Excel Development Bank Ltd. | 1350.00 | 635.00 | 620.00 | 623.00 | 12.00 |
| 27 | “irst Micro “inance Dev Bank Ltd. | 6487.00 | 1060.00 | 1035.00 | 1045.00 | 5.00 |
| 28 | “orward Comm Micro Bittiya Sanstha Ltd. | 15286.00 | 3870.00 | 3701.00 | 3710.00 | -85.00 |
| 29 | Garima Bikas Bank Limited | 9773.00 | 308.00 | 300.00 | 300.00 | -2.00 |
| 30 | Global IME Bank Limited | 24459.00 | 408.00 | 400.00 | 404.00 | -1.00 |
| 31 | Global IME Samunnat Scheme-1 | 1000.00 | 10.05 | 10.05 | 10.05 | -0.05 |
| 32 | Goodwill “inance Co. Ltd. | 1507.00 | 218.00 | 214.00 | 215.00 | 1.00 |
| 33 | Green Development Bank Ltd. | 270.00 | 642.00 | 635.00 | 635.00 | 5.00 |
| 34 | Guheshowori Merchant Bank & “inance Co. Ltd. | 10.00 | 275.00 | 275.00 | 275.00 | 5.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 4445.00 | 1125.00 | 1081.00 | 1090.00 | -11.00 |
| 36 | Gurkhas “inance Ltd. | 2432.00 | 195.00 | 189.00 | 189.00 | -3.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 1553.00 | 243.00 | 231.00 | 243.00 | 16.00 |
| 38 | Himalayan Bank Limited | 8485.00 | 930.00 | 912.00 | 912.00 | -12.00 |
| 39 | Himalayan Distillery Limited | 2827.00 | 1078.00 | 999.00 | 1023.00 | 43.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 23141.00 | 820.00 | 775.00 | 792.00 | 14.00 |
| 41 | IC“C “inance Limited | 1456.00 | 297.00 | 293.00 | 297.00 | -1.00 |
| 42 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 17772.00 | 204.00 | 198.00 | 200.00 | -1.00 |
| 43 | Janaki “inance Ltd. | 1108.00 | 284.00 | 279.00 | 279.00 | -10.00 |
| 44 | Janata Bank Nepal Ltd. | 68038.00 | 306.00 | 300.00 | 301.00 | -1.00 |
| 45 | Janautthan Samudayic Laghu Bikas Bank Ltd. | 150.00 | 3130.00 | 3100.00 | 3111.00 | -19.00 |
| 46 | Jebils “inance Ltd. | 310.00 | 270.00 | 264.00 | 270.00 | 10.00 |
| 47 | Jyoti Bikas Bank Limited | 3773.00 | 217.00 | 213.00 | 217.00 | 0.00 |
| 48 | Kabeli Bikas Bank Limited | 49.00 | 520.00 | 516.00 | 516.00 | 6.00 |
| 49 | Kailash Bikas Bank Ltd. | 8508.00 | 355.00 | 343.00 | 345.00 | 2.00 |
| 50 | Kalika Microcredit Development Bank Ltd. | 747.00 | 1804.00 | 1776.00 | 1804.00 | 19.00 |
| 51 | Kankai Bikas Bank Ltd. | 710.00 | 239.00 | 231.00 | 231.00 | -4.00 |
| 52 | Karnali Development Bank Limited | 1784.00 | 314.00 | 308.00 | 310.00 | 3.00 |
| 53 | Karnali Dev Bank Ltd Promoter Share | 3887.00 | 156.00 | 156.00 | 156.00 | 0.00 |
| 54 | Khanikhola Hydropower Co. Ltd. | 624.00 | 212.00 | 202.00 | 206.00 | -4.00 |
| 55 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 1410.00 | 2958.00 | 2900.00 | 2955.00 | 65.00 |
| 56 | Kuber Merchant “inance Limited | 950.00 | 163.00 | 157.00 | 160.00 | 5.00 |
| 57 | Kumari Bank Limited | 18660.00 | 341.00 | 330.00 | 330.00 | -8.00 |
| 58 | Laxmi Bank Limited | 11611.00 | 393.00 | 384.00 | 385.00 | -5.00 |
| 59 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1107.00 | 1930.00 | 1910.00 | 1920.00 | -44.00 |
| 60 | Laxmi Value “und-1 | 8500.00 | 13.85 | 13.40 | 13.40 | -0.18 |
| 61 | Life Insurance Co. Nepal | 7332.00 | 2320.00 | 2252.00 | 2287.00 | 22.00 |
| 62 | Lumbini General Insurance Co. Ltd. | 18060.00 | 1030.00 | 960.00 | 1000.00 | 43.00 |
| 63 | Machhapuchhre Bank Limited | 18849.00 | 381.00 | 365.00 | 372.00 | 4.00 |
| 64 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 551.00 | 1210.00 | 1166.00 | 1166.00 | -33.00 |
| 65 | Manjushree “inance Ltd. | 5717.00 | 170.00 | 167.00 | 169.00 | -3.00 |
| 66 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2192.00 | 2320.00 | 2215.00 | 2260.00 | -45.00 |
| 67 | Mirmire Microfinance Dev Bank Ltd. | 820.00 | 2340.00 | 2320.00 | 2340.00 | -9.00 |
| 68 | Mission Development Bank Ltd. | 438.00 | 306.00 | 300.00 | 300.00 | -6.00 |
| 69 | Miteri Development Bank Limited | 2172.00 | 582.00 | 560.00 | 560.00 | 1.00 |
| 70 | Mithila LaghuBitta Bikas Bank Ltd. | 494.00 | 1380.00 | 1350.00 | 1380.00 | -4.00 |
| 71 | Muktinath Bikas Bank Ltd. | 19862.00 | 1020.00 | 997.00 | 997.00 | -3.00 |
| 72 | Nabil Balance “und 1 | 42915.00 | 20.40 | 20.35 | 20.35 | -0.03 |
| 73 | Nabil Bank Limited | 12595.00 | 1670.00 | 1650.00 | 1658.00 | 20.00 |
| 74 | NABIL Bank Limited Promotor Share | 24379.00 | 1300.00 | 1240.00 | 1265.00 | 27.00 |
| 75 | Nabil Equity “und | 12906.00 | 9.95 | 9.81 | 9.90 | -0.05 |
| 76 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 371.00 | 3404.00 | 3270.00 | 3290.00 | -48.00 |
| 77 | National Hydro Power Company Limited | 19850.00 | 144.00 | 136.00 | 136.00 | -6.00 |
| 78 | National Life Insurance Co. Ltd. | 20248.00 | 2500.00 | 2440.00 | 2490.00 | 50.00 |
| 79 | National Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 1965.00 | 1965.00 | 1965.00 | 38.00 |
| 80 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 812.00 | 2412.00 | 2365.00 | 2400.00 | 35.00 |
| 81 | NB Insurance Co. Ltd. | 6142.00 | 1200.00 | 1143.00 | 1181.00 | 41.00 |
| 82 | Neco Insurance Co. Ltd. | 65454.00 | 1164.00 | 1055.00 | 1150.00 | 91.00 |
| 83 | Nepal Bangladesh Bank Limited | 13652.00 | 430.00 | 416.00 | 418.00 | 0.00 |
| 84 | Nepal Bank Limited | 33960.00 | 393.00 | 384.00 | 384.00 | -3.00 |
| 85 | Nepal Community Development Bank Ltd. | 1411.00 | 338.00 | 322.00 | 338.00 | 12.00 |
| 86 | Nepal Credit And Commercial Bank Ltd | 27669.00 | 394.00 | 383.00 | 387.00 | -3.00 |
| 87 | Nepal Doorsanchar Comapany Limited | 6080.00 | 668.00 | 660.00 | 668.00 | 0.00 |
| 88 | Nepal Grameen Bikas Bank Ltd. | 6617.00 | 800.00 | 765.00 | 765.00 | -24.00 |
| 89 | Nepal Insurance Co. Ltd. | 25357.00 | 1600.00 | 1511.00 | 1560.00 | 5.00 |
| 90 | Nepal Investment Bank Limited | 20719.00 | 813.00 | 790.00 | 802.00 | 2.00 |
| 91 | Nepal Inv Bank Ltd. Promoter Share | 27608.00 | 711.00 | 695.00 | 700.00 | -4.00 |
| 92 | Nepal Life Insurance Co. Ltd. | 31653.00 | 2310.00 | 2246.00 | 2272.00 | -1.00 |
| 93 | Nepal SBI Bank Limited | 4996.00 | 955.00 | 940.00 | 949.00 | 3.00 |
| 94 | Nerude Laghubita Bikas Bank Limited | 5974.00 | 1392.00 | 1349.00 | 1350.00 | -28.00 |
| 95 | Ngadi Group Power Ltd. | 454.00 | 269.00 | 260.00 | 262.00 | -2.00 |
| 96 | NIBL Pragati “und | 8333.00 | 9.65 | 9.46 | 9.65 | 0.00 |
| 97 | NIBL Samriddhi “und 1 | 9978.00 | 12.50 | 12.25 | 12.35 | -0.10 |
| 98 | NIC Asia Bank Ltd. | 17403.00 | 483.00 | 468.00 | 470.00 | -4.00 |
| 99 | Nirdhan Utthan Bank Limited | 3956.00 | 2150.00 | 2070.00 | 2110.00 | 0.00 |
| 100 | NLG Insurance Company Ltd. | 5001.00 | 1649.00 | 1556.00 | 1576.00 | -14.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 2825.00 | 2970.00 | 2910.00 | 2912.00 | -68.00 |
| 102 | NMB Bank Limited | 18836.00 | 580.00 | 565.00 | 565.00 | -13.00 |
| 103 | NMB Hybrid “und L-1 | 2912.00 | 9.85 | 9.65 | 9.65 | -0.33 |
| 104 | NMB Sulav Investment “und-1 | 97440.00 | 13.60 | 13.25 | 13.25 | -0.02 |
| 105 | Om Development Bank Ltd. | 44462.00 | 441.00 | 400.00 | 428.00 | -11.00 |
| 106 | Oriental Hotels Limited | 5700.00 | 711.00 | 700.00 | 700.00 | -12.00 |
| 107 | Pokhara “inance Ltd. | 660.00 | 269.00 | 253.00 | 253.00 | -12.00 |
| 108 | Prabhu Bank Limited | 31640.00 | 417.00 | 410.00 | 411.00 | -2.00 |
| 109 | Prabhu Bank Limited Promoter Share | 83258.00 | 190.00 | 190.00 | 190.00 | 0.00 |
| 110 | Prabhu Insurance Ltd. | 28204.00 | 1144.00 | 1070.00 | 1100.00 | 30.00 |
| 111 | Premier Insurance Co. Ltd. | 8142.00 | 1799.00 | 1699.00 | 1734.00 | 34.00 |
| 112 | Prime Commercial Bank Ltd. | 20966.00 | 452.00 | 436.00 | 444.00 | 0.00 |
| 113 | Prime Life Insurance Company Limited | 8356.00 | 2710.00 | 2660.00 | 2667.00 | -16.00 |
| 114 | Progressive“inance Limited | 1920.00 | 216.00 | 210.00 | 210.00 | -4.00 |
| 115 | Prudential Insurance Co. Ltd. | 9024.00 | 1560.00 | 1469.00 | 1504.00 | 39.00 |
| 116 | Purnima Bikas Bank Ltd. | 560.00 | 325.00 | 316.00 | 316.00 | -3.00 |
| 117 | Rastriya Beema Company Limited | 30.00 | 14400.00 | 14000.00 | 14000.00 | -200.00 |
| 118 | Rastriya Beema Com Ltd Promoter Share | 403.00 | 13045.00 | 12600.00 | 12950.00 | 160.00 |
| 119 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 668.00 | 2091.00 | 2019.00 | 2025.00 | -25.00 |
| 120 | Reliance “inance Ltd. | 6.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 121 | Ridi Hydropower Dev Company Ltd. | 2343.00 | 208.00 | 200.00 | 208.00 | 4.00 |
| 122 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2010.00 | 3010.00 | 2940.00 | 3000.00 | 0.00 |
| 123 | Rural Microfinance Dev Centre Ltd. | 5523.00 | 825.00 | 812.00 | 814.00 | -6.00 |
| 124 | Sagarmatha Insurance Co. Ltd. | 6414.00 | 1643.00 | 1528.00 | 1550.00 | 0.00 |
| 125 | Sahayogi Bikas Bank Limited | 410.00 | 374.00 | 370.00 | 370.00 | 3.00 |
| 126 | Sana Kisan Bikas Bank Ltd | 6878.00 | 1640.00 | 1585.00 | 1590.00 | -19.00 |
| 127 | Sanima Bank Limited | 66641.00 | 449.00 | 439.00 | 440.00 | -5.00 |
| 128 | Sanima Mai Hydropower Ltd. | 25563.00 | 1150.00 | 1115.00 | 1115.00 | -20.00 |
| 129 | Saptakoshi Development Bank Ltd. | 1130.00 | 208.00 | 203.00 | 206.00 | 0.00 |
| 130 | Shangrila Development Bank Ltd. | 5194.00 | 424.00 | 415.00 | 415.00 | 7.00 |
| 131 | Shikhar Insurance Co. Ltd. | 6807.00 | 2110.00 | 2030.00 | 2048.00 | -21.00 |
| 132 | Shine Resunga Development Bank Ltd. | 1396.00 | 443.00 | 430.00 | 438.00 | 4.00 |
| 133 | Shree Investment “inance Co. Ltd. | 5459.00 | 400.00 | 390.00 | 390.00 | -2.00 |
| 134 | Shrijana “inance (Bittaya Sanstha) | 1520.00 | 473.00 | 471.00 | 473.00 | 11.00 |
| 135 | Siddhartha Bank Limited | 14036.00 | 497.00 | 485.00 | 486.00 | -9.00 |
| 136 | Siddhartha Equity Orineted Scheme | 8128.00 | 12.40 | 12.16 | 12.16 | -0.09 |
| 137 | Siddhartha Insurance Ltd. | 10611.00 | 1639.00 | 1558.00 | 1600.00 | 46.00 |
| 138 | Siddhartha Inv Growth Scheme-1 | 20000.00 | 24.26 | 24.25 | 24.25 | 0.18 |
| 139 | Sindhu Bikash Bank Ltd | 1277.00 | 377.00 | 361.00 | 372.00 | 10.00 |
| 140 | Soaltee Hotel Limited | 14552.00 | 376.00 | 366.00 | 374.00 | 4.00 |
| 141 | Standard Chartered Bank Limited | 12300.00 | 2370.00 | 2340.00 | 2361.00 | 21.00 |
| 142 | Summit Micro “inance Dev Bank Ltd. | 762.00 | 3150.00 | 3090.00 | 3143.00 | -7.00 |

Total Amount Rs. 1,183,186,146 Total Quantity 1,692,170 Total No of Transactions 9,975

२०७४, साउन
बिहीबार
५

हुलाकी राजमार्गको उत्तर-दक्षिण भागमध्ये १७ वटा सडकमा काम भइरहेको विभागका उपमहानिर्देशक एवम् प्रवक्ता दयाकान्त झाले बताउनुभयो। उहाँले भन्नुभयो- 'पूर्व-पश्चिम मूल हुलाकी राजमार्गमा भने काम हुन अझै बाँकी रहेको छ।'

अर्थ

### काठमाडौं क्षेत्रमा तुलनात्मक रुपमा मूल्य वृद्धि कम

# व्यापार घाटा साढे ८ खर्ब नाघ्ने

**नेपाल समाचारपत्र**

काठमाडौं

काठमाडौं उपत्यकामा मूल्यवृद्धि अन्य क्षेत्रका तुलनामा कम भएको पाइएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७३र७४ को ११ महिनाको मुलुकको समग्र आर्थिक अवस्थाको समीक्षा प्रतिवेदनमा काठमाडौं उपत्यकामा मूल्यवृद्धि कम भएको उल्लेख छ।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति पहाडमा चार, तराईमा ३ दशमलब १, हिमालमा १दशमलब ८ र काठमाडौं उपत्यकामा १दशमलब ४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा १२, तराईमा ९ दशमलब ५, हिमालमा १० दशमलब २ र काठमाडौं उपत्यकामा १३ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा खाद्य मुद्रास्फीति एक प्रतिशतले ऋणात्मक रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ११ दशमलब ९ प्रतिशत थियो। दलहन तथा गेडागुडीको मूल्यमा १७ दशमलब ५, तरकारीको मूल्यमा १६ दशमलब ३ र घ्यू तथा तेलको मूल्यमा एक प्रतिशतले कमी आएकाले समग्र खाद्य मुद्रास्फीति न्यून रहन गएको हो।

समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य ११ दशमलब ५ र मदिराजन्य पेयपदार्थको मूल्य १०.८ प्रतिशतले वृद्धि भएको बैंकले जनाएको छ। समीक्षा अवधिमा गैर-खाद्य मुद्रास्फीति ५ दशमलब ८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति १० दशमलब ५ प्रतिशत रहेको थियो।




त्यसमा लत्ताकपडा तथा जुत्ता, घरायसी सामान तथा सेवा, सञ्चार र स्वास्थ्य लगायतका वस्तुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेकाले गैर-खाद्य मुद्रास्फीति कम रहन गएको बैंकले जनाएको छ।

समीक्षामा मुलुकको व्यापार घाटा पछिल्लो दिनमा झन् बढ्दै गएको पाइएको छ। केन्द्रीय बैंकले व्यापार घाटा आठ खर्ब २७ अर्ब ९५ करोड पुगेको जनाएको छ। ब्यापार घाटा यो वर्षमा साढे ८ खर्ब नाघ्ने निश्चत भएको छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ३३ प्रतिशतले बढी उक्त बिन्दुमा पुगेको हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १ दशमलब ६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ७ दशमलब ७ प्रतिशत रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९दशमलब १ प्रतिशत रहेको थियो। केन्द्रीय बैंकका अनुसार भन्सार नाकाका आधारमा सुख्खा बन्दरगाह भन्सार, मेची भन्सार कार्यालय र जलेश्वर भन्सार नाकाबाट भएको निर्यातमा कमी आए तापनि अन्य भन्सार नाकाबाट भएको निर्यातमा केही वृद्धि भएको छ।

त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा सुख्खा बन्दरगाहा भन्सार, भैरहवा भन्सार र कैलाली भन्सार नाकाबाट भएको आयातमा कमी आएको तथा अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ। समीक्षा अवधिमा कुल वस्तु आयात ३० दशमलब ९ प्रतिशतले बढेर आठ खर्ब ९६ अर्ब ५७ करोड पुगेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ०.९ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा भारतबाट ३९ प्रतिशत, चीनबाट १० प्रतिशत र अन्य मुलुकबाट भएको आयात २३दशमलब ४ प्रतिशतले बढेको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, एम.एस विलेट, सिमेन्ट, हवाईजहाजका पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने रासायनिक मल, औषधि, कोल्डरोल सिट इन क्वाइल, ड्राइसेल ब्याट्री, सुपारीलगायतका वस्तुको आयात घटेको छ।

आर्थिक वर्ष २०७४ को ११ महिनासम्ममा कुल वस्तु निर्यात १०.४ प्रतिशतले वृद्धि भई ६८ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा २०दशमलब १ प्रतिशतले ह्रास आएको थियो। समीक्षा अवधिमा भारततर्फ १२ प्रतिशत, चीनतर्फ ४ दशमलब ३ प्रतिशत र अन्य मुलुकतर्फ ८ दशमलब ७ प्रतिशतले निर्यात बढेको छ।

वस्तुगत आधारमा जुस, पिना, जुटका समान, हस्तकलाका समान, चाउचाउ, लगायतका वस्तुको निर्यात बढेको छ भने उनी गलैंचा, अलैंची, तयारी पोशाक, पोलिस्टर धागो, चिया लगायतका वस्तुको निर्यात घटेको केन्द्रीय बैंकले जनाएको छ।

# मुग्लिन–नारायणघाट खण्डको विकल्प खोज्न हानको माग

**नेपाल समाचारपत्र**

काठमाडौं

मुग्लिन-नारायणघाट खण्डमा नियमित रुपमा यातायात अवरुद्ध भए पछि चितवनको पर्यटकीय क्षेत्र सौराहामा असर परेको भन्दै होटल संघ नेपाले सरकारको ध्यानाकर्षण गराएको छ।

उनीहरूले मुग्लिन- नारायणघाट खण्डको विकल्पमा अन्य मार्ग खोजी गर्न पनि सरकारसमक्ष आग्रह गरेको छ। मुग्लिन - नारायणघाट राजमार्गको स्तरोन्नति सम्पन्न नभएसम्म वैकल्पिक राजमार्ग फर्पिङ-हेटौंडा र हेटौंडा-दक्षिणकाली राजमार्गलाई एकतर्फी रुपमा सञ्चालन गर्ने लगायत कान्ति लोकमार्ग, त्रिभुवन राजपथ तथा मलेखु भण्डारा भएर जाने बाटोको प्रयोग गर्ने बारे पनि छलफलमा जोड दिइएको थियो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव शंकरप्रसाद अधिकारीको अध्यक्षतामा र होटल संघ नेपालको सहकार्यमा मंगलबार मन्त्रालयमा बसेको बैठकमा सरोकारवालाहरूले सो आग्रह गरेका हुन्।

मुग्लिन -नायणघाट सडक स्तरोन्नति गर्दा काठमाडाँ भन्दा बाहिरको पर्यटकीय क्षेत्रमा पर्यटनको सम्भावना घटेसँगै त्यहाँको पर्यटन व्यवसाय धराशयी बन्दै गएकोमा सरोकारवालाले आक्रोश पनि व्यक्त गरेका थिए। हाल सो सडक प्रयोग भएर जाने पोखरा, लुम्बिनी, सौराहा, नेपालगञ्ज लगायतका मोफसलको पर्यटकीय क्षेत्रमा गिरावट आएको छ।

बैठकमा सडक विभागका उपमहानिर्देशक सञ्जयकुमार श्रेष्ठले मुग्लिन -नारायणघाट राजपथ आउँदो अप्रिल २०१८ सम्म पूर्ण रुपमा सञ्चालनमा आउने तथा यातायातको चाप घटाउन खाली फर्कने मालवाहक ट्रकहरूलाई अन्य वैकल्पिक बाटो मात्र प्रयोग गर्ने व्यवस्था लागू गर्न लागिएको जानकारी दिनुभयो। उहाँले हालको वर्षायाम पश्चात उक्त राजमार्गको स्तरोन्नति कार्य युद्धस्तरमा गर्ने गराउने योजना तयार पारिएको पनि बताउनुभयो।

बैठकमा बुद्ध एयरले काठमाडौं-भरतपुरबीच दैनिक ८/९ वटा र यति एयरलाइन्सले ५/६ वटा उडान गरिरहेको र आवश्यक भएमा उडान थप गर्न सकिने तथा सेप्टेम्बर १५ देखि भरतपुर-पोखराबीचको उडान थाल्ने जानकारी गराइयो। विमान कम्पनीहरूले थप उडान गराउन चाहेमा नागरिक उड्डयन विभाग सकारात्मक रहेको पनि बैठकमा सम्बन्धित विभागका प्रतिनिधिले बताउनुभयो।

काठमाडौं-चितवन-पोखरा-लुम्बिनीबीचको स्तरीय राजमार्ग पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक रहेको पक्षलाई दृष्टिगत गरी पर्यटन मन्त्रालयबाट सम्बन्धित निकायहरूसँगको समन्वयमा कार्ययोजना बनाउनुपर्ने पनि बैठकमा जोड दिइएको थियो।

साथै चितवन सौराहा क्षेत्रका होटल व्यवसायीहरू र निजी हवाई कम्पनीहरूले आपसी सहकार्यमा विशेष प्याकेज तयार गरी विदेशी र स्वदेशी पर्यटकहरूलाई सेवा प्रदान गर्ने भनी उक्त बैठकमा सहमति भयो। सो बैठकमा मन्त्रालयका उच्च अधिकारी, सडक विभाग, नागरिक उड्डयन प्राधिकरण, बुद्ध एयर, यति एयरलाइन्सलगायत होटल संघ नेपालका अध्यक्ष अमरमान शाक्य लगायतको सहभागिता रहेको थियो।

## विद्युत् महसुलबाट झन्डै ५१ करोड रुपियाँ जम्मा

भक्तपुर, (नेस)

यस अघि विद्युत् चोरीमा अग्रपंक्तिमा रहेको भनिएको भक्तपुर अहिले विद्युत् महसुल असुलीमा अगाडि देखिएको छ। नेपाल विद्युत प्राधिकरण भक्तपुर शाखाले गत आर्थिक वर्षमा ०७३/०७४ मा विद्युत् महसुलबाट ५० करोड ६८ लाख ७० हजार रुपियाँ संकलन गरेको छ।

प्राधिकरणले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्राधिकरण भक्तपुर शाखाका प्रमुख बिक्रम अमात्यले यसवर्ष विद्युत बिक्रीबाट उक्त रकम संकलन गरेको बताउनुभयो। उहाँले यो असुली अभियान देशभरमै अग्रपंक्तिमा रहेको उहाँले बताउनुभयो। प्राधिकरणले गत आर्थिक वर्ष ०७२र०७३ मा विद्युत बिक्रीबाट ३१ करोड ७६ लाख ७० हजार रुपैया संकलन गरेको थियो।

त्यसै गरी प्राधिकरणले आर्थिक वर्ष ०७३ र ०७४ मा विद्युत चुहावट गर्ने ३ सय १७ जनालाई कारबाही गरी एक करोड २१ लाख २७ हजार १०५ रुपियाँ जरिवाना असुली गरेको, कालोसूचीमा परेका ६८ जना ग्राहक मध्येबाट ३७ लाख २५ हजार रुपैयाँ, लाईन काटेका ४३ ग्राहकबाट ४० लाख ५६ हजार नौ सय रुपैयाँ असुली गरेको पत्रकार सम्मेलनमा कार्यालयका लेखा प्रमुख घनश्याम श्रेष्ठले जानकारी दिनुभयो।

यसअघि आर्थिक वर्ष ०७२/०७३ मा प्राधिकरणले विद्युत चुहावट गर्ने ७२ जनालाई कारबाही गरि १२ लाख ६६ हजार ११७ रुपैया जरिवाना असुली गरेको, कालोसूचीमा परेका ४० जना ग्राहक मध्येबाट २३ लाख ६१ हजार १७५ रुपैयाँ, लाईन काटेका १५७ ग्राहकबाट २५ लाख पाँच हजार एक सय रुपैयाँ असुली गरेको उहाँले बताउनुभयो।

## महोत्तरी खानेपानी प्रमुख झा सम्मानित

महोत्तरी, (नेस)

जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय महोत्तरीका प्रमुख देवेन्द्रकुमार झा नवराज विष्ट अवार्डबाट सम्मानित हुनुभएको छ।

काठमाडौंको नेपाल प्रज्ञा प्रतिष्ठानको सभा हाँलमा नेपाल इन्जिनियर्स एशोसिएसनको ५५ औं ईन्जिनियर दिवस २०७४ को अवसरमा आयोजित अवार्ड कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले झालाई खादा ओढाएर पदकसहित सम्मानपत्र प्रदान गर्नुभयो।

नेपालको दुर्गम ग्रामीण क्षेत्रमा सकारात्मक काम गरेर सेवा गरेबापत उनलाई सो अवार्डबाट सम्मानित गरिएको हो। उहाँले आफ्नो जागिर अवधिका करिब १० वर्ष विकट जिल्लामा रहेर काम गरिसकेका छन्।

अहिले महोत्तरीमा पनि प्रमुख झाले महोत्तरीको सुख्खाग्रस्त क्षेत्रमा नयाँ खानेपानी आयोजनाको काम गराइरहनुभएको छ। २ वर्ष अघि महोत्तरी जिल्लामा आउदा सरसफाई कभरेज २८ प्रतिशत रहेकोमा अहिले महोत्तरीको कभरेज ७५ प्रतिशतसम्म पुऱ्याउनुभएको छ।

# जनता आवासका लागि करोडौं निकासा

**नेपाल समाचारपत्र**

वीरगन्ज

पर्सा जिल्लामा जनता आवास कार्यक्रम अन्तर्गत एकै दिन १२ करोड ४४ लाख रुपियाँ निकासा भएको छ। जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साका प्रमुख बालकृष्ण अधिकारीले जनता आवास कार्यक्रमको लागि जिल्लामा आएको १२ करोड ५१ लाखमध्ये १२ करोड ४४ लाख निकासा भएको बताउनुभयो। उहाँले ७ लाख रकम समयमा काम हुन नसक्दा फिर्ता गएको पनि जानकारी दिनुभयो। जनता आवास कार्यक्रमको लागि पर्सा जिल्लामा १ हजार गरिब, अतिविपन्न, दलित परिवारको लागि रु २ लाख १४ हजारको दरले गत भदौमा करिब २२ करोड रकम सरकारले छुट्याएको थियो।

माघ महिनामा गरिब, अतिविपन्न, दलित परिवारको लागि १ हजार घर बनाउन शहरी भवन कार्यालय, पर्साले आवेदन माग गरेको थियो। २६ हजारको हाराहारीमा निवेदन परेको भए पनि पछिल्लो चरणमा जनता आवास कार्यक्रमका लागि गठित समितिले बजेट फ्रिज हुने अवस्था सृजना भएपछि राजनीतिक निर्णय गर्दै पर्साको पाँचवटै क्षेत्रमा २-२ सयका दरले घर बनाउने निर्णय गरेको थियो। सो निर्णय अनुरूप असारको पहिलो सातादेखि पाँचवटै क्षेत्रका घोषित ठाउँमा गरिब, अतिविपन्न, दलितहरूमध्ये पाँच सयले पुरानो घर तोडफोड गरी नयाँ घरको जग खन्ने काम गरेको थियो।

असार २९ गतेसम्म पहिलो किस्ता नपाएका उनीहरूलाई असार ३० गते एक मुस्ट रु १२ करोड ४४ लाख रकम पठाइएको काषे तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ। कोलेनिकाले रु १२ करोड ४४ लाख रुपियाँ पठाए पनि गरिब, अतिविपन्न, दलित परिवारलाई जग खनिसकेको अवस्थामा पहिलो किस्ताबापत २५ प्रतिशत रकम मात्र दिने व्यवस्था छ।

# कुलेखानीमा माछा उत्पादन घट्यो

**नेपाल समाचारपत्र**

हेटौंडा

विद्युत् उत्पादनका निम्ति मानवनिर्मित देशको सबभन्दा ठूलो पोखरी कुलेखानीको इन्द्रसरोवरमा माछा उत्पादन पछिल्लो समय घट्दै गएको छ। २ वर्षअछि वार्षिक करिब ५६ हजार केजी माछा उत्पादन भएको इन्द्रसरोवरमा यस वर्ष उत्पादनमा कमी आएको हो।

माछा पालन व्यवसायमा आबद्ध ६ सय ८५ मत्स्य व्यवसायीले वार्षिक ५५ हजार ८ सय केजीसम्म खाने माछा उत्पादन गर्दै आएको इन्द्रसरोवरमा यसवर्ष करिब ३ हजार केजी माछा उत्पादनमा कमी आएको छ। इन्द्रसरोवरमा मत्स्य व्यवसायी संघ अध्यक्ष जमानसिंह वाइबाका अनुसार अज्ञात व्यक्ति/समूहले केही वर्षअघि इन्द्रसरोवरमा छाडेको मांशहारी मागुर माछाका कारण अन्य माछा उत्पादनमा कमी आएको हो।

यस वर्ष केजमा समेत गरी करिब ३३ हजार केजी माछा उत्पादन भएकोमा केजबाहिर करिब २२ हजार केजीमात्र उत्पादन भएको छ। गत वर्ष केजबाहिर करिब २५ हजार केजी उत्पादन भएको थियो। मागुर माछाले अन्य माछा खाँदा खानेमाछा उत्पादनमा कमी आएको हो।

मागुर मांशहारी माछा भएको तथा यस्तो माछाको लामो र गोलाकार शरीर हुने मत्स्य विकास केन्द्र हेटौंडाका प्रमुख सानुकाजी पछाईंले बताउनुभयो। माथिल्लो फिन र तल्लो फिन निकै लामो हुन्छ र झण्डै पुच्छर नजिकसम्म पुगेको हुन्छ। दुवै फिनको फिन रे नरम हुन्छ।

माछाको टाउको चौंडा, थेप्चिएका र शरीर



नरम कत्लाविहीन छालाले ढाकिएको हुन्छ। शरीरको रंग गाढा खरानीदेखि फिक्का कालोसम्म हुन्छ। लामो समयसम्म घमाइलो जलाशयमा मागुर माछा पालेमा माछाको रंग उज्यालो हुँदै जान्छ। पछाईंका अनुसार मागुर माछा बंगलादेश बाट भारतहुँदै नेपालमा व्यापारीले भित्र्याएका हुन्। छ महिनामा नै मागुर ठूलो हुने गर्दछ।

माछाको चार जोडी हाँगाविहीन जुँगा हुन्छ। माछालाई हिलो एवम् पानीबाहिर श्वास फेर्न सहायक श्वास फेर्ने अंग हुन्छन् जुन काउलीको फूलजस्तो झुप्पो किसिमको हुन्छ। यो पानीको सबै तहमा बस्छ। माछा खाएकै भरमा यो बाँच्छ।

'बल्छी थापेर मागुर मार्ने प्रयास त भएको छ, यतिले मात्र मागुर सकिने लक्षण देखिँदैन', अध्यक्ष वाइबाले भन्नुभयो 'विशेषज्ञ नै बोलाएर मागुर मार्ने अभियान सञ्चालन गर्ने तयारीमा आफूहरू लागेका छौ। अन्य पोखरी भए खाली गरेर पुन: माछा पालन सुरु गर्न सकिन्छ।'

माछा उत्पादनका लागि प्रसिद्धि कमाएको इन्द्रसरोवरमा कही वर्षअघि 'चन्दा' आतंकले माछा उत्पादनमा भारी गिरावट आएको थियो। चन्दा (माछाको प्रजाति) को आतंकमा बृद्धि भएपछि माछा उत्पादनमा ९० प्रतिशतसम्म गिरावट आएको हो।

सरोवरमा सिसा (चन्दा) माछाको संख्या ह्वात्तै बढेपछि माछाको वृद्धि र विकासमा प्रतिकूल असर परेको थियो। हेर्दा पारदर्शी देखिने चन्दा माछाले व्यावसायिकरुपमा पालिएको माछाको कत्ला उप्काएर खाने गर्दछ। माछाको कत्ला उप्किएपछि माछालाई ढुसीजन्य रोग लाग्ने गर्दछ। जीउमा ढुसीजन्य रोग लागेपछि माछाको आकार र तौल बढ्दैन।

तराईबाट माछाको भुरा ल्याउँदा संगै भित्रिएको चन्दा जातका माछाको भुरा प्रतिकूल वातावरणीय अवस्थामा पनि सजिलै हुर्किनसक्ने हुँदा इन्द्रसरोवरमा चन्दा माछाको आतंक नै फैलिएको थियो।

करिब ७ किलोमिटर लामो इन्द्रसरोवरको ११ हजार १ सय ५६ घनमिटर क्षेत्रफलमा ४ सय वटा केज राखेर प्रतिघनमिटर ४ दशमलव ५ केजीका दरले माछा उत्पादन भइरहेको छ। इन्द्रसरोवर बाहिर २ सय २० कृषक संघमा आवद्ध छन्। उनीहरूले करिब ४६ हेक्टर क्षेत्रफलमा माछापालन गर्दा प्रतिहेक्टर ३ हजार १ सय ५८ केजी माछा उत्पादन गर्दै आएका छन्।

त्यहाँ विशेष गरी रहु, नैनी, कमनकार्प, बिगहेड कार्प, सिल्भर कार्प, तिलापिया र ग्रास कार्प जातका माछा बढी छन्। जसमध्ये कमन कार्प र नैनीको खेती हुने गरेको पाइन्छ।

# साउन लागेपछि बल्ल रोपाइँ शुरू



**ज्ञानमणि नेपाल कालोटोपी, काभ्रे**

गत वर्ष साउनको पहिलो हप्तामा धान गोड्ने बेला भएको थियो। तर यसवर्ष साउन लागेपछि भर्खरै मात्र रोपाईं शुरु भएको छ। पानी कम परेका कारण जिल्लाको धान उत्पादनमा पकड मानिएका पाँचखाल, कुन्तावेसि, चाखोला, सिपाघाट र चण्डेनीमण्डन लगायतका स्थानहरूमा साउनको पहिलो सातामा मात्र रोपाईं शुरु भएको हो। यसवर्ष विगत वर्षहरूमा भन्दा अलि ढिलो गरी मनसुन शुरु भयो। त्यसैले यसको प्रत्यक्ष असर किसानहरूलाई परेको हो। अहिले सम्म जिल्लामा करिव ४० प्रतिशत जति खेतमा मात्र रोपाईं भएको जिल्ला कृषि विकास कार्यालयले जानकारी दिएको छ।

विगत वर्षहरूमा असार सकिंदा सम्म जिल्लामा रोपाईं पनि सकि सक्थ्यो। अहिले जम्मा ४० प्रतिशतमा मात्र रोपाईं भएपछि धान उत्पादनमा पनि कमी आउने अनुमान गरिएको छ। ढिलो वर्षा भएकाले यसवर्ष विगतको जस्तो रोपाईं हुन नसकेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। सिचाईं सुविधा पुगेका खेतहरूमा भने समयमै रोपाईं सकिएको थियो। रोपाईं गर्न नपाएको खेतमा के राप्ने भन्नेमा कृषकहरू अन्योलमा छन्। यस वर्ष उनीहरूलाई रासायनिक मलको अभाव पनि उस्तै परेको स्थानीय कृषक दिपक प्रसाद पौडेलले बताउनुभयो।

समयमा रोपाईं गर्न नपाएपछि यसवर्ष धान उत्पादन घट्ने भएकाले किसानहरू चिन्तित छन्। गएको वर्ष मौसम अनुकूल भएका कारण देशमै धान उत्पादनमा उल्लेख्य वृद्धि भएको थियो। तर यसवर्ष देशभरिकै मौसम गतवर्षको जस्तो छैन। त्यसैले धान उत्पादन केहि घट्न सक्ने कृषि अनुसन्धान परिषदका इञ्जिनियर गौरीलाल श्रेष्ठले बताउनुभयो। यतिखेर देशभरि जम्मा ५० प्रतिशत खेतमा मात्र रोपाईं सकिएको बताइएको छ।




# नेयमारको सम्भावना बार्सिलोना वा पीएसजी

मेड्रिड, (एजेन्सी)

नेयमार बारे पछिल्लो खबर आएको छ उनी बार्सिलोनामै खुसी भएको। नेयमार आफैंले पनि भनेका छन्- 'म बार्सिलोनामै खुसी छु।'

ब्राजिली स्टारका लागि १९ करोड पाउन्डमा फ्रेन्च क्लब पेरिस सेन्ट जेर्मेन (पीएसजी) मा जाने सम्भावना रहेको पनि छ। नेयमारले विश्वकै सर्वाधिक महगो खेलाडी बन्ने तयार भएको पनि स्पेनी अखबारले दाबी गरेको छ। पीएसजी लिग वानमा ६ पटक च्याम्पियन बनेको क्लब हो।



गतवर्ष मात्रै जाल्टन इब्राहिमोभिच नहुँदा पीएसजीले मोनाकोलाई उपाधि दिनुपरेको थियो।

तर बार्सिलोनाका उपाध्यक्ष जोर्डी मेस्ट्रेले नेयमार बार्सिलोनामै रहने विश्वास गरेका थिए। उनको भनाइ थियो- 'नेयमारले क्लब छाड्ने छैनन् भन्नेमा म २ सय प्रतिशत विश्वस्त रहेको छु।'

मेस्ट्रेको भनाइ बाहिर आएको एक घण्टा नबित्दै नेयमारको पीएसजी जाने फेरि संभावना बढेको हो। उनका सल्लाहकारले उनलाई मेसी जस्तो खेलाडीसँग खेल्नु छायामा पर्नु जस्तै भएको भनेर सम्झाएको पनि स्पेनी अखबारले खुलासा गरेको छ।

ती सल्लाहकारका अनुसार यदि नेयमार पीएसजीमा आबद्ध भएमा उनी विश्वककै सबैभन्दा ठूला खेलाडी बन्ने पनि आश्वासन दिएका छन्। पीएसजीले बार्सिलोनाले तोकेको रकम २२ करोड २० लाख पाउन्ड तिर्न पनि तयार भएको खबर बाहिर आएको थियो।

## साबिक विजेता पराजित

हेटौंडा, (नेस)

कोकाकोला कप विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिता-२०७४ को उद्घाटन खेलमा हेटौंडा-५, पिप्लेस्थित बालज्योति मावि विजयी भएको छ।

निर्धारित समय गोलरहित बराबरीमा टुंगिएपछि भएको टाइब्रेकरमा साबिक विजेता महेन्द्र मावि भीमफेदीको चुनौती ३-० गोलअन्तरले पन्छाउँदै पिप्ले विजयी भएको हो। विजयी टोलीको तर्फबाट बुद्ध तितुङ, मिलन अर्याल र सुमन राईले गोल गरे। पराजित टोलीको तर्फबाट गोल भएन।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरेको प्रतियोगितामा मकवानपुरका १६ विद्यालयका छात्र फुटबल टिमले सहभागिता जनाएको फुटबल संघ मकवानपुर सदस्य तथा खेल संयोजक युवराज लामाले बताए। ११ गतेसम्म प्रतियोगिता सञ्चालन हुनेछ। विजेता र उपविजेतालाई नगद पुरस्कार पनि व्यवस्था गरिएको जनाइएको छ।

## टाइम्स फाइनलमा

काठमाडौं, (नेस)

टाइम्सले जुबिलियन्टलाई ५९-४३ ले पराजित गऱ्यो। टाइम्सका मनीष तामाङले २१ अंक जोडे। एन्जल्स हर्टले नेबा 'ए' लाई ५५-४६ ले हरायो। एन्जल्स हर्टको जितमा निकेश मगरले २४ अंक योगदान गरे। ५ टिम सहभागी गर्ल्सको राउन्ड रोबिन लिगको महत्त्वहीन खेलमा जेभियर इन्टरनेसनल कलेजले एनसीसीएसलाई ३८-१७ ले पन्छायो। विजयी टिमका लागि आकृति मगरले ११ अंक जोडिन्। गर्ल्समा साइपाल एकेडेमी विजेता र आयोजक एन्जल्स हर्ट उपविजेता हुँदै फाइनल पुगिसकेका छन्। फाइनल शुक्रबार हुनेछ।

## पल्सर स्पोर्ट्स अवार्ड भदौमा

काठमाडौं, (नेस)

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले नेपाली खेलकुद क्षेत्रको प्रतिष्ठित् 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०७३' कार्यक्रम बुधबार घोषणा गरेको छ। यस पटकको पल्सर स्पोर्टस अवार्ड खेलकुद पत्रकार मञ्चको स्थापना दिवस (भदौ २७) को अघिल्लो दिन भदौ २६ गते कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजना गर्ने घोषणा गरियो।

भदौ २७ गते नेपाली व्यावसायिक खेलकुद पत्रकारहरूको एक मात्र संगठन मञ्चको २२औं स्थापना दिवस पनि हो। जेठ र असारमा दुई चरणमा स्थानीय निर्वाचन सम्पन्न भएका कारण मञ्चले अवार्डलाई यो वर्ष केही ढिला गरी आयोजना गर्ने निर्णय गरिएको हो। २०७३ सालमा आफ्नो खेल क्षेत्रबाट अतुलनीय योगदान गरेर नेपालको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत गर्नुहुने खेलाडी, प्रशिक्षक, खेल अधिकारी वा संस्थालाई सम्मानित गर्ने थलो पल्सर स्पोर्ट्स अवार्ड नेपाली खेलकुद क्षेत्रमै सर्बाधिक प्रतिष्ठित् कार्यक्रम हो।

यसपालिको प्रायोजन रकम नगद र जिन्सीका रुपमा १८ लाख ९० हजार रुपियाँ रहेको पनि एनएसजेएफका अध्यक्ष महेश आचार्यले जानकारी गराए। उनका अनुसार प्रायोजन रकम गत वर्षभन्दा ४० प्रतिशतले बृद्धि भएको छ। विगतका वर्षहरुमा जस्तै यस वर्षको पल्सर स्पोर्टस अवार्डमा वर्षको उत्कृष्ट खेलाडी पुरुष, महिला, युवा, प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलेट, स्पेसल अवार्ड र लाइफ टाइम एचिभमेन्ट अवार्ड गरी ८ विधामा खेलाडी, प्रशिक्षकसहित समग्र रूपमा नेपाली खेलकुदलाई नै सम्मानित गरिनेछ ।

विगतमा वर्षका उत्कृष्ट पुरुष र महिला खेलाडी, पिपल्स च्वाइस अवार्ड विजेतालाई पल्सर मोटरसाइकल प्रदान गरिएको थियो। यसपाली एनएसजेएफले अर्को एक विधाका विजेतालाई पनि पल्सर मोटरसाइकल प्रदान गर्ने निर्णय गरेको छ।

## घरहरा

### कुरा तीजको



तीज नेपाली चेलीहरूको महत्वपूर्ण पर्व। नेपाली मौलिक संस्कृतिको चिनारी बोकेको तीजले नेपाली धर्म संस्कृतिको महत्वलाई धेरैमाथि उकासेको छ। तर विडम्बना यही मौलिक संस्कृतिलाई मास्न केही पक्ष लागिरहेका छन्। तीजको नाउँमा अहिले धेरै नै विकृति विसंगतीहरू भित्रेका छन्।

तीज शुरू नै नभइकन महिना दिनअगाडि देखि नै अनावश्यक तडकभडक गरेर दर खाने परम्परा मौलाएको छ भने तीज गीतको नाउँमा छाडा शब्दको प्रयोग तथा गीतको छायांकन गर्दा अश्लील पहिरन लगाई नृत्य गर्ने परम्परा शुरू भइसकेको छ। यसले नेपालको रीतिरिवाज र संस्कृतिलाई कतातिर लाँदैछ। यो चिन्ताको विषय बनिरहेको छ।

तीजजस्तो ऐतिहासिक चाडपर्वमा देखिएको विकृति देखेर धराहरालाई धेरै समयदेखि चिन्ताले सताइरहेको छ। यस्ता विकृतिविसंगति तत्काल हटाउनुपर्छ भन्ने मान्यता धराहराको रहेको छ। यसमा पाठक मित्रहरूको राय कस्तो छ त?












कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ